फ्रान्समा ट्रक ड्राइभरहरुको सफल हड्ताल

# मूल्याङ्कन

मूल्य रु. १५।-
(भारतमा भा.रु. १२।-)
विचार अन्तर्क्रियामुखी मासिक
पूर्णाङ्क ४३
पुस, २०५३




आर.बी.राई


## फेरि कसरी जाग्दैछ गोर्खाल्याण्ड आन्दोलन ?

आर.बी.राई, मदन तामाङ्ग र सुवास घिसिङ्गसंगको कुराकानीसहित दार्जिलिंगको स्थलगत रिपोर्ट

- भारतमा कृत्रिम पेट्रोल आविष्कार ! दावी र विवादहरु
- पिपुल्स वार ग्रुपको समानान्तर सरकार
- मोतीदेवी श्रेष्ठ अहिले के गर्दै हुनुहुन्छ ?
- रुपचन्द विष्टको 'थाहा' आन्दोलनबारे कविताराम श्रेष्ठ
- 'बहुदलीय जनवाद'को दार्शनिक चिरफार
- समसामयिक विषयमा आधारित कथा: खगेन्द्र संग्रौला
- पुरस्कृत चलचित्र 'खांग्री'का निर्देशक नवीन सुब्बासंग कुराकानी



## सत्ता छिनाझप्टीले देशलाई कता लाँदैछ ?



श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
५२ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा
मौसूफ सरकारमा सुस्वास्थ्य एवं
दीर्घायुको हार्दिक मंगलमय शुभकामना
टक्र्याउँदछौं ।

शाही नेपाल
वायुसेवा

मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १४, पूर्णाङ्क ४३
२०५३, पुस

# सत्ता छिनाझप्टीले देशलाई कता लाँदैछ ?

क. रोहित, क. माधव नेपाल, क. दीनानाथ शर्मा र
क. दीपक शर्मासंगका ताजा कुराकानीहरुसहित

५

एमालेको योजना, नेमकिपाका शर्तहरु र मसाल एवं एकता केन्द्रका विश्लेषणहरु

## दार्जिलिङ्ग क्षेत्रमा फेरि कसरी जाग्दैछ गोर्खाल्याण्ड आन्दोलन ?

- ❑ जि.एन.एल.एफ. का अध्यक्ष सुवास घिसिङ्ग
- ◆ जि.पि.एफ. का संयोजक मदन तामाङ्ग
- ❑ सि.पि.एम.का सांसद आर.वि. राई तथा
- ◆ इन्द्रबहादुर राई आदिका विचारहरू समेत

*अलग राज्यको माग: विगतदेखि वर्तमानसम्म*

गोर्खाल्याण्ड समर्थकहरुद्वारा
मा.क.पा. भित्र विद्रोह,
*विद्रोहीहरुद्वारा नयाँ कम्युनिष्ट पार्टी निर्माण !*

३६

**आवरण कथा**
सत्ता छिनाझप्टीले देशलाई कता लाँदैछ ?
-श्याम श्रेष्ठ ५
**घटना र प्रवृत्ति**
नेपाल र भारतबीच
नयाँ व्यापार सन्धि
-प्रतिमान श्रेष्ठ ११
दार्जिलिङ्ग क्षेत्रमा फेरि कसरी
जाग्दैछ गोर्खाल्याण्ड आन्दोलम
-सुधीर शर्मा ३६
**विश्व कम्युनिष्ट आन्दोलन**
भारतको आन्ध्र प्रदेशको सशस्त्र
कम्युनिष्ट घटक पिपुल्स वार ग्रुपका
हालैका ताजा गतिविधिहरू
-अलका आर्य १५
लाओसमा छैठौं पार्टी
अधिवेशन सम्पन्न १४
द. अफ्रिकामा सरकार र
कम्युनिष्ट पार्टीबीच मतभेद १६
क्यूबाको पक्षमा विश्वका जनता १७
**संघर्षको गाथा**
विश्वको पहिलो र महान दास विद्रोह
कसरी भएको थियो ? १९
**आँखीझ्याल**
फ्रान्सका ट्रक मजदूरहरूको हालैको
अभूतपूर्व र सफल सडक हड्ताल
-दीपक वैद्य १८
**पर्दा/रंगमंच**
"हामी वैकल्पिक चलचित्र आन्दोलन
शुरू गर्दैछौं"- "खाङ्गरी" का निर्देशक
नवीन सुब्वासंगको कुराकानी
-हरिगोविन्द लुईंटेल ३२
**नीति/संस्कृति**
दोहोऱ्याई-तेहऱ्याई स्वस्थानी
भट्याउनुको अर्थ के ?
-चन्द्रदेव नेपाली ३४
**विशेष प्रसंग**
एउटा बिर्सन नहुने साहित्यिक आन्दोलन
"थाहा" - कविताराम श्रेष्ठ २२
**अचेल**
मोतीदेवी श्रेष्ठ आजकाल के
गर्दैहुनुहुन्छ ? २०
**साहित्य**
नकटो दोर्जेको सालिक (कथा)
-खगेन्द्र संग्रौला २४
**विचार मंच**
नेपालमा भ्रष्टाचार किन बढिरहेछ ?
(चार जनाको विचार) १२
**विज्ञान/प्रविधि**
भारतमा कृत्रिम पेट्रोल निर्माणको
दावी र चालू विवादहरू
-तुल्सीदास महर्जन ३०
**दर्शन/दिग्दर्शन**
दार्शनिक दृष्टिकोणमा बहुदलीय जनवाद
-प्रज्ञानरत्न २८
**प्रेरक प्रसंग**
आफ्नो बत्ती आफैं बनौं २०
**हाम्रो मूल्याङ्कन**
आखिर कता जाँदैछ हाम्रो नेपाल ? ४
**पाठकको कुरो** ४२

भारतको आन्ध्र प्रदेशको सशस्त्र कम्युनिष्ट घटक पिपुल्स वार ग्रुपका हालैका ताजा गतिविधिहरु

- ◆ पिपुल्स वार ग्रुप माथि प्रतिबन्ध लगाउनुको अर्थ के हो ?
- ❑ यसको क्रान्तिको सिद्धान्त र रणकौशल कत्तिको ठीक छ ?

१३

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन

**बजार व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित


**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोन: ४२२७६९, ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं

आवरण: प्रधानमन्त्री शेरबहादुर देउवा/ फोटो: नरेश श्रेष्ठ/ इन्सेटमा: दार्जिलिङ्गका सी. पी. एम. नेता आर. बी. राई/ फोटो: यात्रा थुलुङ्ग/
आवरण कला: आइडियल डिजाइनर्स, बागबजार/भित्री पृष्ठका चित्रहरु: राजन काफ्ले, लक्ष्मण भूजेल, जि.डि. साउ,
यति आर्ट, पुतलीसडक/ कम्प्युटर सेटिङ्ग: सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर, पुतलीसडक, सम्पर्क फोन: ४२२७६९/मुद्रण: इन्द्रेणी अफसेट प्रेस, बागबजार

# आखिर कता जाँदैछ हाम्रो नेपाल ?

सात वर्ष भयो, देशमा बहुदलीय प्रजातन्त्र आएको । यो अवधिमा जन-आन्दोलनका अगुवा शक्तिहरू झन् झन् बलवान र लोकप्रिय हुँदै जानुपर्ने । नयाँ राजनीतिक व्यवस्था आएको अनुभूति हुने गरी जनताले विकासको प्रतिफल रसास्वादन गर्न पाउनुपर्ने । तर भइरहेछ, नेपालमा ठीक उल्टो । नेपालमा अहिले जन-आन्दोलनका अगुवामध्येका प्रमुख ठूला पार्टीहरू जनतामा झनपछिझन् बदनाम हुँदै जाँदैछन् । उता, दरबारिया पुनरोत्थानवादी शक्तिहरू चाहिं झन्पछिझन् बढिरहेछन् । उनीहरूको क्रियाशीलता बढ्दो छ । जन-आन्दोलनकै अगुवाहरूले उनीहरूलाई "सुनपानी"ले चोख्याउन थालेपछि, उनीहरू नभई सत्ताको हलगोरू नै नजुट्ने जस्तो पार्न थालेपछि उनीहरूको चुरीफुरी चौपट्टै बढ्न थाल्नु कुन अस्वाभाविक कुरो भयो र ?

यस वर्षदेखि त दरबारिया भाइभारदार र छोराछोरीहरूको गतिविधि पनि निकै बढ्न थालेको देखिएको छ । विदेशी राष्ट्राध्यक्षका भ्रमण-मुकाम पनि अब दरबार नै हुन थालेको छ, जुन विगतमा बिरलै मात्र देख्न पाइन्थ्यो । धेरै पहिले पाकिस्तानका राष्ट्रपति याहया खाँ र बेलायतकी महारानी एलिजाबेथ द्वितीयाको प्रवास-मुकाम मात्र दरबार भएको जगजाहेर छ । यता, हालै चिनियाँ राष्ट्रपतिले त श्री ५ को "राज्यारोहणको पच्चीसौं वर्षको उपलक्ष्यमा" भनेरै ५६ करोड रूपैयाँको अनुदान थैली 'उपहार' दिएका छन् । केमा खर्च हुने हो त्यो थैली ? आम जिज्ञासा जागृत भएको छ ।



> **नेपालमा अहिले जन-आन्दोलनका अगुवा ठूला पार्टीहरु जनतामा झन्पछिझन् बदनाम हुँदै जाँदैछन्; उता, दरबारिया पुनरोत्थानवादी शक्तिहरु चाहिं झन्पछिझन् बढिरहेछन्**

यता नेपालको हकको र फाइदाको कुनै निश्चित टुंगो नै नभइकन, कुनै भरपर्दो गृहकार्य नै नभइकन सिर्फ भारतीय प्राथमिकता पूरा हुने र हित सुनिश्चित हुने गरी महाकालीको 'कन्यादान' भएको छ । दार्चुलामा महाकालीको मुहानमा करीब २० हजार हेक्टर नेपाली भूमिसहितको तीनवटा गाउँ क्वाप्लाक्कै निलेको देखिएको छ, भारतले । यसले महाकालीको वास्तविक मुहान नै बदलेको देखिएको छ । र, कालापानीमा नेपाली भूमिमा भारतीय पल्टन बंकर बनाएर बसिरहेको भेटिएको छ, गएको साढेतीन दशकदेखि । तर पनि हाम्रो सरकार फगत एउटा वक्तव्य फालेर चूपचाप बसेको छ, मानौं, त्यत्तिकै भरमा सारा समस्या सल्टिनेवाला छ । महाकाली संझौतामा ल्याप्चे ठोक्नुअघि पहिले यो समस्या नै हल हुनुपर्छ भनेर भन्नसम्म पनि सक्दैन- यो देशको सरकार । भारतीय शासकलाई खुशी पारेर आफ्नो सत्ता टिकाउने सुरसारमा आफूले भारतसंग लिनुपर्ने कुरा जति 'बकितम'मा गर्छ र भारतलाई दिनुपर्ने कुरा जति 'लिखितम'मा दिन्छ । र, देशको प्रमुख प्रतिपक्ष यी सब कुरामा साक्षी बस्छ ।

किसानको हित गर्न भनेर त्रिशंकु सरकारले हालै भूमिसम्बन्धी एउटा विधेयक संसदमा पास गरेको छ । भूमिमाथिको द्वैध स्वामित्व अन्त गर्ने नाममा यो विधेयकले देशमा अहिले विद्यमान चार लाख दर्तावाल मोहीलाई ५० प्रतिशत जमीन दिने व्यवस्था त गरेको छ । तर यसले बेदर्ताका लाखौं मोहीलाई मोहीयानी हक दिनै नपर्ने पनि पारेको छ । साथै, नयाँ ऐनमा अब उप्रान्त 'मोहीयानी हक' भनेकै नहुने व्यवस्था गरेको छ । तर यसमा 'जसको जोत उसको पोत' गर्न जग्गाको हदबन्दी घटाउने र भूमिहीनलाई जग्गा दिने कुनै व्यवस्था गरिएको छैन ।

यसको परिणाम के हुने भएको छ भने, आफूलाई चाहिनेभन्दा धेरै बेसी जमीन हुने र जमीन थोरै हुने र जमीन नहुने किसानहरू नेपालमा बग्रेल्ती बाँकी हुनेछन् । अर्थात्, मोही लाउने र हुने स्थिति ज्यूँकात्यूँ हुनेछ । तर अब ती जोताहालाई जमीन जोतेवापतको कुनै हक जग्गाधनीले दिनुपर्ने छैन । कति राम्ररी जमीन्दार र धनी किसानको हक र हित संरक्षण गरेको छ- यो विधेयकले ?

देशको आधा जनसंख्या, महिलालाई संपत्तिको हक दिने सम्बन्धी विधेयकलाई भने सरकारले अझसम्म अगाडि ल्याउने काम गरेको छैन । नेपाली कांग्रेसको केन्द्रीय समितिको पहलमा त्यो विधेयकमा पुरुषको विशेषाधिकार बाँकी नै रहने गरी केही मूलभूत बुँदामा संशोधन गर्न लागिएको बुझिएको छ ।

अर्थतन्त्रको क्षेत्रमा नेपालको आर्थिक विकासको स्तरलाई पूरापूर बिर्सेर स्वाधीनता र आफ्नो तुलनात्मक लाभको स्थितिलाई बंचरो हान्ने गरी उदारवादी बजार अर्थतन्त्र अप्नाउन लागिएको छ । यसबाट नेपालमा मुट्ठीभर भूइँफुट्टा वर्ग रातारात मालामाल भएका छन् । तर सीमित आय भएका तमाम गरिखाने वर्ग भने थङ्थिलो भएका छन् । वर्ग-विभेद झन् बढ्दो छ, झन् गहिरो हुँदोछ । विदेशी ऋण देशको दुई वर्षको कुल बजेटभन्दा पनि बेसी हुन पुगेको छ ।

भ्रष्टाचार हिजो लुकीछिपी हुन्थ्यो । अहिले त्यो हाक्काहाकी र खुलेआम हुन थालेको छ । देशका सर्वाधिकारसम्पन्न सांसदहरूकै खुल्लमखुल्ला किनबेच हुन थालेको छ ।

आखिर कता जाँदैछ हाम्रो नेपाल ? कुन वर्गको हितको निम्ति काम गर्दैछ यो देशको सरकार ?- देशको भविष्यप्रति गंभीर सबैले निधार खुम्च्याएर सोच्नु परेको छ ।

यस्तो राजनीतिक र नैतिक संकटको स्थितिमा पनि यो देशको राजनीतिक नेतृत्व "जसरी पनि" कुर्सीमा टिक्ने वा पुग्ने घिनलाग्दो खेलमा व्यस्त छ, कुर्सीमा टिक्न वा जानका लागि देशभित्रका र बाहिरका प्रतिक्रियावादी र प्रतिगामी शक्तिलाई रिझाउनमा व्यस्त छ । यसका विरुद्ध केही आवाज त उठिरहेको छ । तर त्यो आवाज सारै झीनो छ, कमजोर छ ।

यसरी नेपाल प्रतिगमनको दिशातिर लम्कदैछ ।

तर समस्या यो मात्र छैन । यो प्रतिगमनको दिशाविरुद्ध सशक्त आवाज उठाउने र जन-असंतोषलाई संगठित गर्ने जिम्मेवार र सक्षम क्रान्तिकारी वैकल्पिक शक्तिको अभाव पनि नेपालमा उत्तिकै खट्किएको छ । अहिलेको प्रमुख आवश्यकता- यस्तै शक्तिको उद्भवको लागि देश र जनताको भविष्यप्रति गंभीर सबै मानिसहरूले आ-आफ्नो ठाउँबाट सक्दो भूमिका खेल्नु नै हो कि ? ❑

**क. रोहित,**
**क. माधव नेपाल,**
**क. दीनानाथ शर्मा र**
**क. दीपक शर्मासंगका**
**ताजा कुराकानीहरु**

●

**एमालेको योजना,**
**नेमकिपाका शर्तहरु र**
**मसाल र एकता केन्द्रका**
**विश्लेषणसहित**





देउवाः सत्ताको बागडोर अब कसको हातमा ?

# सत्ता छिनाझप्टीले देशलाई कता लाँदैछ ?

श्याम श्रेष्ठ

**कांग्रेस-राप्रपा र सद्भावनाको गठबन्धन सरकार भत्काएर एमाले र राप्रपाको सरकार बन्नु ठीक कि बेठीक ? नेपाली जनता र जनक्रान्तिको फाइदाको हिसाबले यस्तो सत्ता समीकरणतिर देश अघि बढ्नु उचित कि अनुचित ?**

पुसको जाडो बढ्दैछ । तर अविश्वासको प्रस्तावको राजनीति शुरू भएपछि नेपालको राजनीतिक वातावरण भने रनक्क तातेको छ । गएको मंसीर २३ गतेयता राप्रपा र सद्भावनाको संसदीय दलको बहुमतले देउवा सरकारलाई दिइरहेको समर्थन फिर्ता लिएपछि र नयाँ सत्ता समीकरणका निमित्त १०२ जना सांसदले राजालाई समावेदन गरेपछि नेपालको राजनीतिक शक्ति सन्तुलन एक्कासी बदलिएको छ ।

नेपालको संसदमा पहिलोपटक सरकारमा सामेल मन्त्रीहरू नै विपक्षी बेञ्चमा बस्न पुगेको परिदृश्यले नयाँ सत्ता समीकरणको झझल्को गराएको छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाले संसदको बहुमतको विश्वास गुमाएको दावी गरिएको छ । राप्रपा पार्टी-विभाजनको संघारमा पुगेको छ । सद्भावनाको अध्यक्षबाट गजेन्द्र नारायण सिं आउट भएका छन् । समावेदनमा माग भए मुताविक पुस १ गते संसदको विशेष अधिवेशन शुरू भएको छ । मंसीर २६ गते दर्ता भएको अविश्वासको प्रस्तावउपर पुस ५ गतेदेखि छलफल जारी छ । छिट्टै अविश्वासको प्रस्तावबारे मतदान हुँदैछ । जनताका जिज्ञासु आँखाहरू यतिखेर सिंहदरवार ग्यालरी वैठकतिर तानिएका छन् । संसदीय पार्टीका नेताहरूका सारा दौडधूपहरू सडकबाट बन्द कोठातिर सरेका छन्, जहाँ केही अभरपर्दा तर निर्णायक सांसदहरू दशैंका भाले झैं थुनिएका छन् । उनीहरू लिलामीमा चढेका छन् । कसले कुन सांसदलाई सबैभन्दा बेसी मोल दिने हो र उनीहरूले अन्तमा कहाँ भोट दिने हुन्, उनीहरू स्वयंलाई थाहा छैन । एउटा गजबको नैतिक संकट नेपालको संसदीय व्यवस्थामा खडा भएको छ ।

आफ्ना भएभरका सांसदहरू या त मन्त्री भएको या महत्वपूर्ण पदाधिकारी भएको, रेकर्ड विश्वमा विरलै पाइएला । तर नेपालमा राप्रपा र सद्भावना पार्टीले त्यो विश्व रेकर्ड तोडे । तथापि त्यतिले पनि संतुष्ट नभएर राप्रपाका ७ जना र सद्भावनाका एक जना मन्त्रीले देउवा-मन्त्रीमण्डलबाट राजिनामा दिएका छन् । अब २०५ जनाको प्रतिनिधि सभामा खालि १९ जना सांसद भएको राप्रपाले आफ्नो संसदीय दलको नेतालाई प्रधानमन्त्री बनाउने चान्स पाएको छ । लोकेन्द्र बहादुर चन्द त्यस्ता भाग्यमानी नेता भएका छन् ।


यी सबै सत्ता समीकरणको खेलमा निर्णायक शक्ति भएको छ- वामपन्थी दल ने.म.कि.पा. (नेपाल मजदूर किसान पार्टी), जसको प्रतिनिधि सभामा फगत तीन सीट छ । तर त्यो तीन सीट यति महँगो र निर्णायक भएको छ कि- त्यो जता जान्छ, तराजु उतै भारी हुने देखिन्छ ।

सांसदहरूको किनबेच यति चर्को ढंगले हुँदैछ कि- जित कसको हुनेछ, अहिलेसम्म केही भन्न सकिन्न । तर एउटा कुरा करीब निश्चित देखिन्छ- नेमकिपाले कसको पक्षमा निर्णय गर्छ, विजय उसैको हुनेछ । ऊ 'तटस्थ' नै बस्यो भने पनि त्यसको एउटा निश्चित अर्थ हुनेछ: त्यो तटस्थता वर्तमान दक्षिणपन्थी गठबन्धन कायमै राखिछोड्ने पक्षमा हुनेछ ।

त्यसैले, वर्तमान प्रधानमन्त्री शेरबहादुरदेखि लिएर प्रधानमन्त्री-प्रत्याशी लोकेन्द्रबहादुरसम्म नेमकिपाको वरदान प्राप्तिको लागि भक्तपुर धाइरहेछन् । एमालेले त नेमकिपाको करीब सबैजसो माग पूरा गर्ने लिखित वचनवद्धता समेत दिइसकेको बताइन्छ । ती बचनहरूमा नेमकिपाको संगठन नफोड्ने र मान्छे नचोर्ने, दैलेख, कालिकोट, जुम्ला र भक्तपुरमा नेमकिपाका उम्मेदवारविरूद्ध आफ्नो उम्मेदवार नउठाउने, वर्तमान सरकारभन्दा भिन्न र उन्नत कार्यक्रम आउनुपर्ने, भ्रष्टाचारमुक्त तटस्थ प्रशासन दिनु पर्ने र महाकाली झैं कर्णाली बेच्न नपाइने मागहरू मुख्य देखिन्छन् ।

# 'राष्ट्रिय सरकार बनाउन एमाले-राप्रपा सरकार

## क. माधव नेपालसंगको कुराकानी



◆ त्रिशंकु सरकार हटाएर एमाले र राप्रपाको संयुक्त सरकार बनाउने अभियानमा तपाईंहरू लागिरहनु भएको छ । त्यसको औचित्य कसरी पुष्टि गर्नु हुन्छ ?

–कांग्रेस–राप्रपा–सद्भावनाको सरकार हटाएर नयाँ सरकार बनाउनु पर्ने कारणमा यो सरकारको काम कारवाही र सरकार संचालनको पछाडि रहेको चिन्तन नै जिम्मेवार छ । चौध महिनाका अवधिभरमा सरकारले, खास गरेर कांग्रेसले, कांग्रेसको एकाधिकारवाद लाद्न खोजेको पाइयो । यो सरकार माथिदेखि तलसम्म भ्रष्टाचारमा चुर्लुम्म डुबेको पाइयो । प्रशासनमा राजनीतिकरण गरी यसलाई दुरुपयोग गरिएको पाइयो । शिक्षा क्षेत्रलाई अस्तव्यस्त पारियो, आफ्नो वर्चस्व स्थापना गर्नको लागि स्वयं मन्त्री नै उदण्ड पाराले शिक्षा क्षेत्रमा हस्तक्षेप गर्न लागीपरे । अर्थतन्त्रसंग सम्बन्धित विभिन्न क्षेत्रहरु बहुत नाजुक भएका छन् । र, अर्थतन्त्र तहसनहस हुने स्थितिमा पुगेको छ । महंगी असाध्यै नै बढेको छ । र, सबै क्षेत्रमा जनतालाई आहत पारिएको छ । विकास र निर्माण कार्य ठप्प भएको छ । बजेटको बीस प्रतिशत रकम मात्र विकास कार्यमा खर्च भएको देखिएको छ । त्यो पनि स्थानीय क्षेत्रमा पुग्दा त्यति रकम पुगेको छैन । शान्ति-सुरक्षाको स्थिति पूरै बिग्रेको छ र मानव अधिकार हनन भएको छ ।

यसरी त्रिपक्षीय संयुक्त सरकार सम्पूर्ण क्षेत्रमा असफल भएको छ र दिशाहीन भएको छ । यसले मुलुकलाई बर्वादीको दिशातिर लगिरहेको छ । असक्षम र निरीह प्रधानमन्त्रीले नेतृत्व गरेको अठ्चालीस जनाको भीमकाय मन्त्रीमण्डल नेपालको इतिहासकै पहिलो मन्त्रीमण्डल हो । अझ, यसमा भएको सल्लाहकारहरुको संख्याले यो सरकार मुलुकको निम्ति ठूलो बोझ बन्न पुगेको छ ।

यी सबै कुराहरु हेर्दा वर्तमान सरकारले देशलाई अगाडि बढाउन सक्तैन, उल्टो- यसले देशलाई अझ पछाडि धकेल्दै लगिरहेको छ । अब यो समस्याको समाधान भनेको यो सरकारको विघटन गरेर नयाँ सरकारको निर्माण गर्नु नै हो । नयाँ सरकारको निर्माणको लागि यो पुरानो समीकरण तोड्नु आवश्यक छ र नयाँ समीकरण जोड्नु आवश्यक छ । प्रमुख प्रतिपक्षको नाताले नेकपा एमालेले जिम्मेवार ढंगबाट सोच्नुपर्ने भएको हुँदा हामीले नयाँ सरकार बनाउने यो धारणा बनाएका हौं ।

◆ जब एमालेले सरकार बनाउन एउटा घटकलाई लिएर समीकरण गर्नैपर्ने हुन्छ, तब जन-आन्दोलनको सहयात्री कांग्रेसलाई नै लिएको भए पनि त हुन्थ्यो । यस्तो किन गर्नु भएन ?

–राजनैतिक दृष्टिकोणबाट हेर्दा कांग्रेस र राप्रपा दुवै पार्टीभित्र केही सकारात्मक र केही नकारात्मक कुराहरु छन् । जब हामीले वर्तमान समीकरण तोड्नु पर्छ भन्ने धारणा बनायौं, तब सर्वप्रथम यसको लागि संसदभित्र विकल्प खोज्ने क्रममा हामीले पहिले राष्ट्रिय सहमति र राष्ट्रिय सरकारको धारणा अघि सार्यौं । यसले बिना कुनै हिच्किचाहट राष्ट्रिय राजनीतिक स्थायित्व दिन सकियोस् र अनेकौं किसिमको मोलतोल हुनसक्ने, नैतिक मूल्य र मान्यतामा ह्रास आउन सक्ने, सिद्धान्तमा अनावश्यक सम्झौता गर्नुपर्ने स्थिति मुलुकमा पैदा नहोस् भनेर नै हामीले यो धारणा अघि बढाएका थियौं । तर यस अवधारणाप्रति नेपाली कांग्रेसको नेतृत्व सहमत हुन सकेन । उनीहरुमा एकाधिकारवादी चिन्तन व्याप्त छ र उग्र कम्युनिष्टविरोधी भावना छ । कम्युनिष्टसंग मिलेर जाने र सहकार्य गर्ने कामलाई कांग्रेसले अझै पचाउन सकेको छैन । यसैको फलस्वरुप, नेपाली कांग्रेसले हाम्रो राष्ट्रिय सरकारको प्रस्तावलाई वास्ता गरेन र चासो राखेन । हाम्रो यही अवधारणालाई अर्को पक्षले सकारात्मक रुपमा लियो । राष्ट्रियता, प्रजातन्त्र र सामाजिक न्यायको सम्बन्धमा न्यूनतम सहमतिको कुरा र नैतिक मूल्य-मान्यताको कुरालाई ध्यानमा राखेर नै हामीले सारेको नयाँ समीकरणको अवधारणालाई स्वीकार गरेको कारणले नै हामीले राप्रपासंगको समीकरणको कुरालाई अगाडि बढाएका हौं ।

◆ के कांग्रेस-एमाले सरकार वा राष्ट्रिय सरकारको लगि तपाईहरूले कांग्रेससंग मूर्त प्रस्ताव नै राख्नु भएको हो ?

–मैले आफ्नो तर्फबाट नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालासंग प्रस्ताव पुर्याउन हाम्रो पार्टी स्थायी कमिटीका सदस्य भरतमोहन अधिकारीलाई जिम्मा दिएँ ।

---

यता नयाँ सत्ता समीकरणको खेल शुरू भएपछि सुदूर पश्चिमान्चलमा क्रियाशील कांग्रेस सभापति गिरिजाका गोडाहरू काठमाण्डू उपत्यकातिर सोझिइसकेका छन् । उपसभापति शैलजाको "जनजागरण" पैदल यात्रा विराटनगर पुग्दै अवरूद्ध भएको छ । इटाली, स्पेन र फ्रान्सको यात्राको निम्ति उचालिएका एमाले महासचिव माधव नेपालका गोडाहरू समीकरण यात्राका लागि यहीं रोकिएका छन् । संसदीय राजनीतिका सबै शीर्षस्थ दिमागहरू अहिले एउटै ध्याउन्नामा केन्द्रिभूत भएका छन्: सत्ता 'जसरी पनि' आफ्नो हातमा कसरी पार्ने ?

यही एक सूत्रीय कार्यक्रमले सबैलाई बेहद क्रियाशील पारेको छ । तर यो 'जसरी पनि' नेपाल जस्तो गरीब मुलुकका लागि ज्यादै महँगो पर्दैछ ।

विपक्षलाई सत्ताच्यूत गर्ने र आफू सत्तारूढ हुने- यो प्रवृत्ति पूँजीवादी संसदीय राजनीतिमा एउटा स्वाभाविक प्रक्रिया मानिन्छ । तर 'जसरी पनि' सत्ताच्यूत गर्ने र सत्तारूढ हुने प्रक्रियाले भने आम जनतामा संसदीय ब्यवस्थाप्रति नै वितृष्णा जन्माउँदै लगेको छ । संसदमा आफ्नो पक्षमा सांसदहरू किन्न राज्यको ढुकुटी रित्याउने, जनताले चुनेर पठाएका जनप्रतिनिधिहरू बढाबढको लिलामीमा चढ्ने, र जसले बेसी मान्छे किन्न सक्यो, उसैको सरकार बन्ने र टिक्ने- यो प्रक्रिया हामीकहाँ हावी हुन थालेको छ । यो प्रक्रियाले केही गंभीर प्रश्नहरू पैदा गरेको छ ।

आखिर यो संसदीय प्रजातन्त्रमा सार्वभौम को त- सांसद चुन्ने जनता कि सांसद किन्ने पद र पैसा ? यदि सांसदहरूको विवेक पैसा र पदमा किन्न सकिन्छ भने आम-चुनावबाट जनताले तिनलाई चुन्नुको सार के ? जन निर्वाचित संसद र सरकार भन्नुको सार के ? यदि पद र पैसाबाटै कुनै पनि सत्ता हासिल हुन सक्छ र त्यो टिक्न पनि सक्छ भने त्यहाँ सत्तासीनहरूले सार्वभौम जनतासित भर पर्नु पर्ने र डराउनु पर्ने स्थिति नै कसरी हुन्छ ? त्यहाँ जनता सर्वोच्च नै कसरी हुन्छन् ?

यस प्रकार, जसरी पनि सत्तामा जाने र टिक्ने प्रक्रियाले पूँजीवादी प्रजातन्त्रलाई नै शोकेसमा सजाइएको नक्कली फलफूलमा बदल्ने काम गरेको छ, जुन हेर्दा निकै सुन्दर हुन्छ, तर भोकलाग्दा उपभोग गर्नुहुन्न । यस प्रवृत्तिले भ्रष्टा-चारलाई सर्व-स्वीकार्य वस्तु बनाइदिएको छ र संस्थागत पारिदिएको छ । जब देशको सर्वोच्च कार्यपालिका र व्यवस्थापिकामै मान्छेको किनबेच बैध कुरा बन्छ, तब बाँकी दुनियाँमा हुने भ्रष्टाचारमा औंला ठड्याउने कसले ? कार्यवाही गर्ने कसले ? ऐन नियम बनाउने कसले ?

यसरी एउटा गंभीर राजनैतिक र नैतिक संकटको दिशातिर हाम्रो देश डोरिइरहेछ ।

अहिले सत्ता समीकरणको जुन राजनीति नेपालमा चल्दैछ, त्यसका अन्य आयामहरू पनि छन् । ती आयामहरूबारे पनि हाम्रो दृष्टि जानु जरूरी छ ।

एउटा मुख्य पक्ष त के हो भने, कांग्रेस-राप्रपा र सद्भावनाको गठबन्धन सरकार भत्काएर एमाले र राप्रपाको सरकार बन्नु ठीक कि बेठीक ? नेपाली जनता र जनक्रान्तिको फाइदाको हिसाबले यस्तो सत्ता समीकरणतिर देश अघि बढ्नु उचित कि अनुचित ? यी सवालमा पनि हाम्रो ध्यान जानु जरूरी भएको छ ।

> आखिर यो संसदीय प्रजातन्त्रमा सार्वभौम को त- सांसद चुन्ने जनता कि सांसद किन्ने पद र पैसा ? यदि सांसदहरूको विवेक पैसा र पदमा किन्न सकिन्छ भने आम-चुनावबाट जनताले तिनलाई चुन्नुको सार के ?

हाम्रो देशको शक्ति-सन्तुलनको वस्तुगत स्थिति के हो भने, नेपालमा वामपन्थी बाहुल्य छ । क्रान्तिको लागि अन्तर्राष्ट्रिय र राष्ट्रिय परिस्थिति अनुकूल नभएको अवस्थामा पनि यहाँ वामपन्थी शक्तिहरू एक ढिका भए भने, उनीहरू यहीं र अहिल्यै, कुनै ठूलो कसरतविना नै संसदीय चुनावबाटै कार्यनीतिक रूपले सरकारमा जान संभव देखिएको छ । विवाद खालि त्यसरी सरकारमा जानुबाट तुलनात्मक रूपले जनता र क्रान्तिको हितमा बेसी काम गर्न सकिएला कि सरकारमा नगएर, बाहिरै विपक्षमा बसेर सकिएला भन्ने सवालमा मात्रै छ, संभव वा असंभव भन्ने कुरामा विवाद छैन । विगत दुई आम-चुनावको परिणाम राम्रोसित हेरेको खण्डमा यसबारे स्पष्ट चित्र हामीले प्राप्त गर्न सक्छौं ।

# देश र जनताको व्यापक हितमा केही शर्तहरु राखेका छौं



-क. रोहित

अध्यक्ष, नेमकिपा

◆ एमाले-राप्रपा सत्ता-समीकरणको लागि हाल भइरहेका प्रयत्नहरूलाई कस्तो मानेको छ, तपाईंको पार्टीले ?

-पूँजीवादी संसदीय व्यवस्थामा सत्तारुढ पार्टीलाई निकालेर आफू सत्तारुढ हुन खोज्नु एउटा स्वाभाविक प्रक्रिया हो । यसमा आश्चर्य मान्नुपर्ने कुनै कारण छैन ।

तर एमालेले वर्तमान गठबन्धन सरकारलाई 'दक्षिणपन्थी गठबन्धन' भनेको छ । आफ्नो गठबन्धनलाई 'प्रगतिशील' भन्ने उहाँहरुको आशय होला । सिद्धान्ततः राप्रपा-एमाले गठबन्धन पनि त दक्षिणपन्थी गठबन्धन नै हुनेछ । हाम्रो यस्तो ठम्याइ छ । र, हामी सत्ताको लुछाचूँडीको यस्तो फोहर खेलमा भाग लिन चाहन्नौं ।

◆ यो कुर्सी तानातानमा नेमकिपाको समर्थन चाहिन्छ भने, यी यी शर्त मान्नु पर्छ भनेर तपाईंहरूले भन्नुभएको छ रे त ?

- हो, हामीले देश र जनताको व्यापक हितका लागि केही शर्तहरु राखेका छौं ।

◆ के के हुन् त ती शर्तहरू ?

-प्रथमतः एमाले र राप्रपाको संभावित सरकारले वर्तमान सरकारका अपराधहरुलाई किटान गर्ने, ती अपराधहरु आफ्नो सरकारले नदोहऱ्याउने, तुलनात्मक रुपले प्रगतिशील र जनमुखी कार्यक्रम प्रस्तुत गर्नुपर्ने ।

त्यस्तै, महाकाली नदी त भारतलाई सुम्पिहालें, अब कर्णाली नदी भारतलाई सुम्पने छैनौं भनी जनतालाई आश्वस्त पार्नुपर्छ ।

प्रतीतपत्र (LC) काण्ड लगायत अन्य आर्थिक अनियमितता र अपराधहरुलाई कार्वाही गर्ने वचन जनतालाई दिनुपर्छ । र, अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अधिकार-सम्पन्न र स्वतन्त्र बनाइनु पर्छ । लोकसेवा आयोगको सिफारिशबिना कर्मचारी भर्ना गर्न बन्द गर्नुपर्छ अर्थात् कार्यकर्ताहरुलाई भर्ना गर्ने काम रोक्नुपर्छ । निर्वाचन आयोगले तयार पारेको निर्वाचन आचार-संहितामाथि ठूला पार्टीहरुबाट अवज्ञा हुने स्थिति समाप्त गर्नुपर्छ ।

तटस्थ, स्वतन्त्र र भ्रष्टाचारमुक्त प्रशासन-व्यवस्थाको सुनिश्चितता गरिनुपर्छ ।

मेची, राजबिराजको तिलारी र लालापट्टी तथा महाकालीमा भएको भारतीय सीमा थिचोमिचो, महाकाली सन्धिको विरोधमा असोज ६ गते उपत्यका बन्दको सिलसिलामा निस्केको नेमकिपाको शान्तिपूर्ण जुलुसमाथि माइतीघर र बबरमहलबीच भएको निर्मम लाठीचार्ज गरेको लगायत मजदूर, किसान र अन्य कामदार जनताको हितको पक्षमा नेमकिपाले सदनमा उठाएका प्रश्नहरुलाई सभामुखले सरकारबाट जवाफ नदिलाएको र सभामुख निष्पक्ष नभई नेपाली कांग्रेसको सचेतकको रुपमा काम गरेको हुँदा सभामुखलाई हटाउनु पर्ने प्रस्तावसमेत हाम्रो पार्टीले राखेको छ । त्यस्तै, सभामुखले संविधान र प्रतिनिधिसभा नियमावली विपरीत दल बदल्ने सांसद विनोद शाहीलाई कार्वाही गर्न नमानी सांसदहरु आफै लेनदेनको वस्तु बन्ने संभावनालाई कायम राख्न लगाउने, सभामुख आफै ने.का.को सचेतकको काम गर्ने भएको हुँदा वर्तमान सभामुख रामचन्द्र पौडेललाई संविधानको धारा ५१ को उपधारा ४ को खण्ड (ग) अनुसार "निजलाई पद अनुकूल आचरण" नगरेको हुँदा पदबाट हटाउनु पर्ने आवश्यकता हाम्रो पार्टीले महसूस गरेको छ ।

यिनै हुन्- हामीले एमाले र राप्रपासमक्ष राखेका मोटामोटी शर्तहरु ।

◆ अविश्वासको प्रस्तावमा समर्थन गर्ने नीति छ त तपाईंहरूको ?

-समर्थन कि विरोध, अहिले हामीले केही निर्णय गरिसकेका छैनौं । हाम्रा शर्तउपर उहाँहरुको प्रतिक्रिया कति स्पष्ट र भरपर्दो आउँछ, हामी त्यो हेर्दैछौं । हामी अर्को पक्षको कुरा पनि सुन्नेछौं । र, अन्तमा निर्णय गर्नेछौं । अहिले त हामी छलफल चालु राख्दैछौं । त्यसबारे पार्टी बैठकमा छलफलको निम्ति राख्नेछौं ।

❑

---

पार्टीसित मिलेर गठबन्धन सरकार नै बनायो । एमाले अहिले त्यही गठबन्धन तोडेर एमाले-राप्रपा संयुक्त सरकार बनाउने जमर्को गर्दैछ ।

अहिले पनि अरू कुनै उत्तम विकल्प विद्यमान नहुँदा राप्रपा-एमाले सरकार बनाउनुभन्दा कम खराब कुरो हो- एमाले-कांग्रेस सरकार बनाउनु । तर वैचारिक अस्पष्टता र अन्ध पूर्वाग्रहका कारणले कांग्रेस र एमाले दुवै त्यसो गर्न सकिरहेका छैनन् । बरू उनीहरू जन-आन्दोलनका सहयात्रीलाई छोडेर हिजो जसको विरूद्ध ३० वर्षसम्म अटूट संघर्ष गरियो, त्यही तप्कका राजनीतिक प्रतिनिधि-सित मिलेर सरकार बनाउन तयार छन् । यो नेपालको लागि ठूलो विडम्वना हो ।

यो परिस्थितिमा हामीसित हाम्रो वशमा अहिले छान्नका लागि कुनै उत्तम विकल्प नै बाँकी छैन । जति विकल्प मैदानमा छन्, ती सबै चुत्थै-चुत्था र खराबै-खराब मात्र छन् । मात्रामा कम

**हामी के सवालमा पनि स्पष्ट हुनु जरुरी छ भने, आफ्ना साराकासारा सांसदलाई मन्त्री पद दिंदा पनि राप्रपा कांग्रेसबाट किन अलग्गिंदैछ ? त्यस्तो कुन स्वार्थ हो, जसले उनीहरुलाई कांग्रेसबाट अलग्याएर एमालेतिर ल्याउँदैछ ?**

फोटो साभार: 'काठमाडौं टुडे'



चुत्थो कि बढी चुत्थो, कम खराब कि बढी खराब, छनौटको विषय यही मात्र छ ।

अब हाम्रो सामुन्ने प्रश्न छ- यी खराबै खराब विकल्पमध्ये कुन विकल्प छान्ने ? र, त्यो केका आधारमा छान्ने ?

हामीले कम खराब विकल्प छान्दा पनि हाम्रो छनौटको मुख्य आधार भनेको जनता र क्रान्ति नै हो र हुनु पर्दछ । हामीसित अहिले एकातिर कांग्रेस-राप्रपा र सद्भावनाको अति दक्षिणपन्थी गठबन्धन सरकार कायम छ । त्यसको विकल्पमा ल्याउन खोजिएको छ- एमाले-राप्रपा सरकार, राप्रपाको प्रधानमन्त्रीत्वमा र एमालेको बहुमत हुने गरी । यो परिस्थितिमा हाम्रो सामु उभिएको प्रश्न हो- नेपाली श्रमिक वर्ग र क्रान्तिको विकासको लागि तुलनामा कुन उचित हुन्छ- एमाले-राप्रपाका संयुक्त सरकार कि वर्तमान कांग्रेस-राप्रपा र सद्भावनाको गठबन्धन सरकार ? कांग्रेस-राप्रपा र सद्भावना एक आपसमा मिल्नु र एक गठ हुनु श्रमिक वर्ग र क्रान्तिको विकासको लागि राम्रो कुरा हो कि उनीहरू टुटनु,

# नयाँ सरकार आएपनि तात्विक अन्तर आउला भन्ने लाग्दैन


क. दीपक शर्मा

सचिव, नेकपा एकता केन्द्र


"नेपाली समाजलाई आमूल परिवर्तनको दिशातिर लैजान क्रान्तिकारी बैकल्पिक शक्तिको अभाव नै आजको सबभन्दा खड्केको अभाव हो"

❑ राप्रपा, कांग्रेस र सद्भावना पार्टीको समीकरणको सरकार बदलेर एमाले र राप्रपाको समीकरणको सरकार बनाउने हाल भएका प्रयत्नहरूलाई तपाईंहरूले कसरी विश्लेषण गरिरहनु भएको छ ?

-संसदीय व्यवस्थामा भइरहेको एउटा सरकार, चाहे त्यो एउटै पार्टीको होस् वा समीकरणको सरकार होस्, त्यसलाई संसदमा रहेको अर्को शक्तिले विस्थापित गरेर अर्को सरकार बनाउन खोज्छ । त्यो स्वभाविक प्रकृया हो । तर अहिले यहाँ त्रिपक्षीय सरकार स्थापना हुँदादेखि अहिलेसम्म नै जुन ढंगले सरकार परिवर्तन गर्ने कुराहरु लगातार आइरहेका छन्, त्यो कुरा सरकारमा रहेका वा प्रतिपक्षमा रहेका पार्टीहरुको 'जसरी भए पनि सत्तामा पुग्ने' र व्यक्तिगत स्वार्थ पूरा गर्ने एक-सूत्रीय कार्यक्रमको रुपमा अभिव्यक्त भएको छ ।

हो, यो समीकरण परिवर्तनले वस्तुगत रुपमा धेरथोर परिवर्तन ल्याउँन सक्ला । तर यसको चरित्र चाहिँ व्यक्तिगत स्वार्थ पूरा गर्ने नै देखा परेको छ । सरकार परिवर्तनको लागि यहाँका पार्टीहरुले प्रतिगामी शक्तिलाई आ-आफ्नै ढंगले आफूतिर तान्ने कामहरु गरिरहेछन् । त्यस्तै किसिमले विदेशी शक्तिहरुले पनि भूमिका खेलिरहेका छन् भन्ने हामीलाई लागेको छ ।

❑ *अहिले सत्ता-समीकरणको लागि जुन किसिमको राजनीति चलिरहेको छ, त्यसमा क्रान्तिकारी शक्तिहरूले लिनु पर्ने बाटो के थियो त ?*

-त्यसलाई अहिले दुईवटा कोणबाट हेर्नु जरुरी होला ।

एउटा, अहिलेको राजनीति समग्रतामा कतातिर गइरहेको छ,- त्यो हेर्नु जरुरी छ ।

समग्रतामा ४६ सालको जन-आन्दोलनबाट प्राप्त उपलब्धिहरुको जगेर्ना र रक्षाको प्रश्नमाथि हाल गम्भीर खतरा उपस्थित भएको छ । ०४६ सालको आन्दोलनका भावनाहरु कुण्ठित भएका छन् । ०४६ सालको आन्दोलनमा प्रहार लक्ष बनाइएका शक्तिहरु पुनर्स्थापित हुने, हालिमुहाली हुने स्थिति पैदा भएको छ । त्यसैले अहिले गम्भीर रुपमा सोच्नु पर्ने कुरा ०४६ सालको उपलब्धिको रक्षाको प्रश्न भएको छ ।

०४६ सालको आन्दोलनकारी शक्तिहरुले जुन उद्देश्य राखेर आन्दोलन गरे, तिनै शक्तिहरु मध्येका संसदीय शक्तिहरुले आफूलाई संसादीय प्रजातन्त्रका न्यूनतम मूल्य-मान्यताअन्तर्गत पनि राख्न सकेका छैनन् । ती सबैले कुर्सीलाई केन्द्रमा राखेर मूल्य र मान्यताहरु उल्लंन गरिरहेका छन् । आफ्नो स्वार्थ पूरा गर्नको लागि पुनरोत्थानवादी शक्तिहरु र विदेशी शक्तिहरुलाई रिझाउन उनीहरु तँछाड मछाड गरिरहेका छन् । त्यसले गर्दा जनताहरुमा ०४६ सालको आन्दोलनका उपलब्धीहरुमाथि नै अविश्वास र शंका पैदा भएको छ । उनीहरुको यो भूमिकाले जनतामा निराशा पैदा गरिदिएको छ ।

अर्को, क्रान्तिकारी शक्तिहरुले पनि जनताका भावनालाई ठीक दिशातिर मोड्न सकेका छैनन् । यहाँ अहिले नेपाली जनतालाई ठीक दिशा-निर्देशन गर्ने र उनीहरुलाई क्रान्तिकारी दिशातिर डोऱ्याउने वैकल्पिक र विश्वसनीय क्रान्तिकारी शक्तिहरुको अभाव भएको छ ।

यदि त्यस्ता क्रान्तिकारी शक्तिहरु मैदानमा भएको भए ०४६ सालका उपलब्धिहरुलाई रक्षा गर्ने र यो व्यवस्था र यो व्यवस्था अन्तर्गतको सरकारको जनविरोधी र राष्ट्रविरोधी चरित्रलाई उदाङ्गो पार्दै प्रगतिशील फड्को र आमूल परिवर्तनको दिशातिर जनतालाई संगठित गर्ने र चेतनशील बनाउने एवं उनीहरुलाई आन्दोलनको दिशातिर लाने कार्य गर्न सम्भव हुन्थ्यो र सम्भव पार्न सकिन्थ्यो । त्यसैले, आजको आवश्यकता ०४६ सालको उपलब्धिको रक्षा गर्नु र आन्दोलनलाई अझ गुणात्मक फड्को मार्न र नेपाली समाजलाई आमूल परिवर्तनको दिशातिर लैजान क्रान्तिकारी बैकल्पिक शक्तिको निर्माण गर्नु हो । र, त्यसको नेतृत्वमा सशक्त जन-आन्दोलन संचालन गर्नु हो । त्यो अभाव नै आजको सबभन्दा खड्केको अभाव हो । त्यो अभाव पूर्ति गर्ने प्रयत्न त हुँदैछ तर त्यो पर्याप्त भइसकेको भने देखिन्न ।

❑ यतिखेर तपाईंको पार्टीका प्रतिनिधि पनि संसदमा भएका भए तपाईंको पार्टीले ती प्रतिनिधिहरूलाई के गर्न निर्देशन दिन्थ्यो होला ?

-यो सरकारको निर्माण भएदेखि नै हामीले यो चरम दक्षिणपन्थीहरुको गठबन्धन सरकार हो, यसले प्रतिक्रियावादीकरणको खतरा निकै बढाएर गएको र यो नेपाली समाजको प्रगतिको दिशामा ठूलो बाधक बनिरहेछ भन्ने कुरा भन्दै आएका थियौं । त्यसैले, यो सरकारको विरोधमा सशक्त आन्दोलन निर्माण गर्नु पर्ने र हर किसिमबाट यसको विरोध गर्नुपर्ने कुरा भन्दै आएका हौं । हामी सदनमा नहुँदा पनि यो सरकारलाई ढाल्न प्रयत्न गर्दै आएका छौं । हामी संसदमा भएको भए पनि हाम्रो भूमिका त्यही नै हुने थियो भन्ने कुरा प्रष्ट छ ।

यसको साथै, म अर्को कुरा के पनि प्रष्ट पार्न चाहन्छु भने, यो सरकारको विघटनपछि अर्को आउने सरकारमा पनि अन्तर हुँदैन । किनकि राप्रपाको संसदीय दलको नेताको नेतृत्वमा अर्को सरकार गठन हुने कुरा छ । यो सरकार पनि प्रतिक्रियावादीकै भूमिकाको सरकार हुन्छ भन्ने कुरामा हामी प्रष्ट छौं । त्यसकारण, त्यो सरकारबाट पनि देश र समाजको कुनै तात्विक परिवर्तनको आशा गर्न सकिँदैन । मात्रात्मक परिवर्तन त केही हुन सक्छ । तर त्यो मात्रात्मक परिवर्तन स्वभाविक रुपमा एक वा अर्को प्रतिक्रियावादी सरकारको बीचमा जति हुनेछ, त्यति मात्रै हुनेछ । त्यसले अहिले उनीहरुले जनतालाई जे जति आशा र आश्वासन बाँडिराखेको छन्, त्यो उनीहरुले पूरा गर्न सक्ने देखिँदैन । त्यसको पनि जनविरोधी चरित्र र राष्ट्रविरोधी चरित्र जनतासामु प्रष्ट हुनेछ । र त्यसमार्फत् सिंगै संसदीय व्यवस्थाका सरकारहरुको जनविरोधी र राष्ट्रविरोधी चरित्रहरु पनि जनतालाई व्यवहारद्वारा देखाउन सघाउ पुऱ्याउन सकिनेछ भन्ने हामीले आशा गरेका छौं ।

एमालेले पनि अहिले राप्रपाको नेतृत्वमा सरकार बनाउने दिशातिर गएर आफूलाई पतनको दिशातिर लगिराखेको छ । यो समीकरणको खेलले उसको 'कुर्सी प्रेम'लाई उजागर गरेको छ ।

❑ राप्रपाको नेतृत्वमा सरकार नबनाएमा संसदभित्र एमालेको अर्को विकल्प के थियो त ?

-एमाले निश्चित रुपमा यो अहिलेको गठबन्धन सरकारको विरुद्धमा जानु पर्छ । तर राप्रपासँगको गठबन्धन सरकार बनाउनुभन्दा यसले जनताको भरमा, जनताबाटै आन्दोलन निर्माण गरेर सरकारलाई असफल बनाउने दिशातर्फ जानु पर्थ्यो । ❑


धितोपत्रहरु (Securities) को खरीद बिक्री दोस्रो बजारमार्फत गर्न, गराउन इजाजत प्राप्त सदस्य दलालहरुलाई परिचालन गर्नुहोस ।

नेपाल धितोपत्र विनिमय बजार लि. काठमाडौं २०५०

नेपाल स्टक एक्सचेन्ज लि.

सिंहदरवार प्लाजा काठमाडौं ।
फोन नं. २४१५२८



श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५२ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मौसूफ सरकारमा सुस्वास्थ्य एवं दीर्घायुको हार्दिक मंगलमय शुभकामना टक्र्याउँदछौं ।

बेलप्रसाद श्रेष्ठ
मेयर
धुलिखेल नगरपालिका परिवार

# कस्तो छ नेपाल-भारतबीचको नयाँ व्यापार सन्धि ?

गएको मंसीर १८ गते काठमाण्डूमा नेपाल र भारतबीच एउटा नयाँ व्यापार संझौतामा हस्ताक्षर भयो- वाणिज्य सचिव स्तरमा ।

यो संझौताले नेपालको इतिहासमा पहिलो पटक नेपालका औद्योगिक वस्तुहरू त्यसमा कति प्रतिशत कच्चा पदार्थ र श्रम नेपाली वा भारतीय छ भन्ने कुराको जाँच बिना नै भारतीय बजारमा प्रवेश गर्न पाउने भएको छ । त्यो पनि साधारण भन्सार महशूल र परिमाणको कुनै बन्देज बिना नै । नकारात्मक सूचीमा परेका तीनवटा वस्तु- नेपाली रक्सी, सूर्ती र चूरोट, र श्रृंगार सामग्री तथा अत्तर बाहेक अरू सारा नेपाली औद्योगिक वस्तुहरू यो सुविधाअन्तर्गत भारतीय बजारमा छिर्न पाउने भएका छन् ।

यसको लागि नेपाल सरकारले तोकेको कुनै निकायले नेपाली सामानको बारेमा उत्पत्तिको प्रमाण-पत्र जारी गर्नेछ । त्यही प्रमाण-पत्र हेरेर भारतीय भन्सार कर्मचारीले नेपाली सामानलाई भारतीय बजारमा प्रवेश दिनुपर्नेछ ।

अब नेपालमा बनेको कोकाकोला, पेप्सीकोला र बियरले पनि भारतीय बजारमा यही सुविधाअन्तर्गत बजार पाउनेछ । साथै, नेपाली सिन्थेटिक कपडा र धागोले, जीप फस्नर र बहुमूल्य पत्थरले पनि । पहिले यी सबै वस्तुहरू नकारात्मक सूचीमा परेका थिए र भन्सार महशूल तिरेर मात्र भारतीय बजारमा यिनीहरू छिर्न पाउँथे ।

यसरी नकारात्मक सूचीमा पहिले ७ वटा वस्तुहरू थिए, अहिले त्यो घटेर तीनवटामा आएको छ । यो पनि नेपालको निम्ति अर्को फाइदाको कुरो भएको छ । नकारात्मक सूचीमै परेका वस्तुहरू पनि भारतमा जानै नपाउने भन्ने बन्देज छैन । फरक यति हो कि ती वस्तुमा अरू देशका तिनै वस्तुमा लागेसरहको भन्सार महशूल लाग्नेछ । नेपालमा खालि जडान र प्यांकिंग हुने सोयाविन तेल, वनस्पति घ्यू, टि.भि. र रेडियो जस्ता वस्तुहरू पनि यस्तै महशूल तिरेर भारतीय बजारमा जान पाउने भएका छन् ।

भारतीय वस्तुलाई भारतमै प्राप्त सबै छूट यो नयाँ संझौता अनुसार नेपाली सामानले पनि भारतमा पाउने भएको छ । यो ब्यवस्थाअनुसार नेपालबाट भारतमा निर्यात हुने वस्तुहरूमा लाग्दै आएको भारतीय अन्त:शुल्क बरोबरको अतिरिक्त महशूल खारेज हुने भएको छ । साथै नेपाली निर्यातका वस्तुभन्दा भारतीय बजारमा भारतीय वस्तुलाई कम अन्त:शुल्क लाग्ने सामानहरूमा पनि अव उप्रान्त उति-उति नै महशूल लाग्ने पारिएको छ । यसबाट नेपालबाट भारतमा निर्यात हुने वस्तुहरू बढी प्रतिस्पर्धात्मक हुन गएका छन् ।

नयाँ संझौताअनुसार ४८ लाखसम्मको कुल उत्पादन भएका नेपाली वस्तुहरू भारतमा निर्यात भएमा त्यसमा अतिरिक्त भन्सार महशूल पटक्कै तिर्नुपर्ने छैन । र, तीन करोड रूपैयाँसम्मको उत्पादन भएका नेपाली वस्तुहरू भारतमा निर्यात भएमा थोरै मात्र अतिरिक्त भन्सार महशूल तिरे पुग्नेछ । यो व्यवस्थाबाट नेपाली घरेलु तथा साना उद्योगका वस्तुहरू भारतमा निर्यात गर्दा ती पहिलेभन्दा बढी प्रतिस्पर्धात्मक हुन सक्नेछन् ।

**यो सन्धिलाई यस्तो भने पनि हुन्छ- नेपालले एउटा मर्सिडिज बेञ्ज कार दिएर बदलामा एउटा राम्रो साइकल प्राप्त गरेको छ !**

यसपालिको व्यापार-संझौताको अर्को एउटा नयाँ उपलब्धि के छ भने अब उप्रान्त हरेक ५-५ वर्षमा सन्धिको नवीकरण गरिराख्नु पर्ने छैन । सन्धि ५-५ वर्षपछि स्वत: नवीकरण हुँदैजानेछ । यसबाट सन्धि नवीकरण गर्ने बेला आएपछि हमेशा भारतसित हातमोलाइ गर्नुपर्ने स्थिति टरेको छ ।

यसपालि पारवहनको क्षेत्रमा पनि एउटा नयाँ उपलब्धि हासिल भएको छ । अब उप्रान्त भारतीय बन्दरगाहमा त्यहाँको सीपरले अरू मुलुकबाट नेपालमा आयात गरिएको सामानको कण्टेनरमा एकचोटि हेरेर सील (वन टाइम लक) लगाइदिएपछि त्यो सील टुटेको छैन भने नेपाल-भारत सीमानाका भारतीय भन्सार अधिकारीले त्यो कण्टेनरलाई जाँच नगरी उत्तिकै छोड्नुपर्नेछ । सील टुटेको खण्डमा मात्रै उसले कण्टेनरभित्र जाँच गर्न पाउनेछ । त्यस्तै, नेपालबाट अन्यत्र पठाइएको सामान पनि सीमानामा एकचोटि सील लगाएपछि भारतीय बन्दरगाहसम्म त्यो बेरोकटोक जान पाउनेछ । यो व्यवस्थाबाट सामानको पारबहनमा अहिलेसम्म नेपाली व्यापारीहरूले भारतीय भन्सारमा पाइआएको हैरानी कम हुनेछ । पारवहन सजिलो र छरितो हुनेछ ।

अनधिकृत व्यापारको क्षेत्रलाई पनि यसपालिको संझौतामा नयाँ ढंगबाट परिभाषित गरिएको छ । अब तेस्रो मुलुकबाट आयात गरिएको कच्चा पदार्थबाट नेपालमा बनेको सामान पनि भारतमा सहुलियत भन्सार महशूलमा छिर्न सक्नेछ । त्यो अनधिकृत ब्यापार ठहरिने छैन । त्यस्तै भारतबाट आयातीत कच्चा पदार्थ नेपालमा प्रशोधित भएपछिका वस्तुहरू पनि तेस्रो मुलुकमा निर्यात गर्न पाइनेछ । त्यो पनि अनधिकृत ब्यापार ठहरिने छैन । अनधिकृत ब्यापार सम्बन्धी संझौता चाहिँ पाँच पाँच वर्षमा नवीकरण गर्नुपर्ने गरी गरिएको छ ।

अहिलेसम्म नेपाल र भारतबीच भएका व्यापार-संझौताहरूमा यो संझौता सबैभन्दा बेसी नेपालको हितमा देखिएको छ । यो सबैभन्दा अग्रगामी देखिएको छ । यो संझौतामा बल्ल नेपाललाई भारतले विशेष सुविधा दिए पनि आफ्नो राष्ट्रिय हितमा त्यतिसारो केही फरक नपर्ने धेरै सानो र पछौटे अर्थतन्त्र स्वीकारेको छ । यसअघि भारतका सरकारहरूले यो नांगो तथ्य समेत स्वीकारेको थिएन ।

यो नेपालको निम्ति राम्रो उपलब्धिमूलक सन्धि हो । उद्योग वाणिज्य महासंघका सभापति पद्मज्योतिले यसलाई 'कोशे-ढुङ्गा' नै भनेका छन् । सारा व्यापारी जगतले यसको स्वागत गरेको छ । तर यो सन्धि बारे मूल्यांकन गर्दा के पनि भुल्न मिल्दैन भने, यो उपलब्धि आखिर कुन मोलमा प्राप्त भएको छ ?

नेपालले महाकाली सन्धि जस्तो अत्यन्त असमान र राष्ट्रको निम्ति नोक्सानदायी सन्धिको मूल्यमा मात्र यो ब्यापार सन्धि प्राप्त गरेको छ । यसलाई यस्तो भने पनि हुन्छ, नेपालले एउटा मर्सिडिज बेञ्ज कार दिएर बदलामा एउटा राम्रो साइकल प्राप्त गरेको छ ।

यो सन्धिमा जुन नयाँ सहुलियत नेपालले प्राप्त गरेको छ, त्यो भारतमा उदारवादी बजार अर्थतन्त्र अप्नाइएकाले मात्र प्राप्त गर्न संभव भएको हो । सबै देशको सामान अति कम वा नगण्य भन्सार दरमा भारतमा पस्न थाल्यो- उदार अर्थतन्त्र अप्नाइएपछि । त्यसो भएपछि त्योभन्दा थोरै बेसी छूट आफूभन्दा धेरै पछौटे अर्थतन्त्र भएको नेपाललाई दिंदा के फरक पर्‍यो र भारतलाई, त्यो पनि पंचेश्वर परियोजनाको फाइदाको मूल्यमा ? त्यसैले, भारतीय शासकहरूले के के न दियो भनेर कृतज्ञताले दंग पर्नु पर्ने स्थिति देखिन्न ।

नेपालले अहिले भारतबाट करिब २५ अरब रूपैयाँ बराबरको सामान बर्षेनी आयात गर्छ । र, तीन अरब बराबरको सामान मात्र निर्यात गर्छ । नेपाललाई झण्डै २२ अरब रूपैयाँको व्यापार घाटा छ, नेपाल र भारतको व्यापारमा । यो घाटा थोरै त घट्नेछ, नयाँ व्यापार संझौताबाट । तर त्यसमा छिट्टै ठूलो कटौती हुनसक्ने भने कुनै संभावना छैन ।

नेपालको औद्योगिक संरचना नै यति साँघुरो र सानो छ कि नेपालले सारा सहुलियत पाए पनि हामीसित निर्यात गर्ने औद्योगिक वस्तु नै छैन । दाल, चामल, अदुवा, घ्यू, खोटो, सूठो, जडीबूटी, जूट जस्ता प्राथमिक वस्तुहरू निर्यात गर्छौं हामी । भारतले चाहिं यहाँ तयारी, मूल्य-जडित औद्योगिक वस्तु निर्यात गर्छ । यस्तो नव-उपनिवेशको जस्तो व्यापार संरचना बाँकी रहुन्जेल नेपालको व्यापार-घाटा कदापि घट्न सक्ने छैन । नेपाल भारतको औद्योगिक तयारी सामान बेच्ने बजार हुन कहिल्यै छोड्ने छैन ।

त्यसैले, नेपालको आवश्यकता हो- यो नव-औपनिवेशिक ब्यापार संरचना बदल्नु । हामी पनि औद्योगीकरण मार्फत् झन् पछि झन् बेसी मूल्य-जडित तयारी औद्योगिक वस्तु उत्पादन गर्ने र निर्यात गर्ने हैसियतमा उठ्नु । हाम्रो आद्योगिक संरचनालाई फराकिलो, ठूलो र मजबूत पार्नु । यस्तो गर्न सकेमा मात्र भारतीय बजार हाम्रो निम्ति खुल्नुले हाम्रो निम्ति ठूलो अर्थ राख्नेछ । हाम्रो व्यापार घाटा निकै घट्नेछ र हामी व्यापार सन्तुलनको स्थितिमा आउन सक्नेछौं । कम से कम फलफूल, तरकारी, चिनी, सिमेन्ट, कपडा, औषधि मात्र आयात गर्नु नपर्ने स्थिति मात्र हामीले ल्यायौं भने पनि हाम्रो व्यापार घाटा निकै घट्नेछ ।

□ प्रतिमान श्रेष्ठ

**के अब नेपालको व्यापार घाटा घट्ला ?**

# नेपालमा भ्रष्टाचार किन बढिरहेछ ?



नेपालमा भ्रष्टाचार बढिरहनुमा मुख्य दुई तीन कारणहरू रहेका छन् ।

पहिलो, यहाँ राजनैतिक र प्रशासनिक कारणले पनि भ्रष्टाचार बढिरहेको छ । राजनैतिक क्षेत्र राज्यको उच्च स्थानमा रहने हुनाले यसको प्रत्यक्ष नियन्त्रणमा प्रशासनिक कार्य सम्पन्न हुन्छ । नेपालको राजनैतिक परिदृश्यमा यहाँका राजनैतिक पार्टीहरूले सैद्धान्तिक रूपमा भ्रष्टाचार नियन्त्रण गर्ने घोषणा गरे तापनि व्यावहारिक रूपमा ठोस कार्यक्रम दिइरहेका छैनन् । प्रशासनयन्त्रमा देखिएको पुरानो भ्रष्टाचारको जन्जाल अझ व्यापक भइरहेछ । यसरी उच्च ओहदामा बसेर राज्य संचालनकर्ता ठूल-ठूला पार्टी र यसका नेताको गैह्र-जिम्मेवार क्रियाकलापबाट मनोबल बढेपछि यहाँका कर्मचारी जनतासंग मोटो रकम असुल नगरी जनताको काम हत्तपत्त गर्दैनन् । त्यसैले राजनैतिक र प्रशासनिक शुद्धताको अभावमा पनि नेपालमा भ्रष्टाचार भइरहेछ ।

भनिन्छ, शोषण गर्नेको जति ठूलो हात हुन्छ, शोषित व्यक्तिको पनि त्यत्तिकै ठूलो हात हुन्छ । भ्रष्टाचार हाम्रो देशमा बढ्नुमा संगठित रूपमा हामी जनता सशक्त ढंगले भ्रष्टाचारकाविरूद्ध अघि बढ्न नसक्नु पनि हो । हामी एक दुई जनाले मात्र भ्रष्टाचार रोक्न सक्दैनौं । शोषित हामी जनता संगठित बनी एक हुने हो भने भ्रष्टाचारीको केही जोड चल्दैन । तर हामी जनता चाहेर पनि भ्रष्टाचारको विरूद्ध व्यापक जनआवाज बुलन्द गर्न सकिरहेका छैनौं ।

अर्को कारण, यहाँ भ्रष्टाचारलाई नियन्त्रण गर्न सक्षम र पारदर्शी निकायको अभाव छ । यहाँ बढिरहेको भ्रष्टाचार नियन्त्रण गर्न श्री ५ को सरकारले नै तत्परता देखाएको छैन । बरू उल्टो, सरकारमै रहेका थुप्रै मन्त्रीहरूले उच्चपदस्थ कर्मचारीसंगको मिलिमतोमा थुप्रै राष्ट्रिय सम्पत्ति भ्रष्टाचार गरेको कुरा सार्वजनिक भइसकेको छ । त्यसैले यहाँको सरकार स्वयं आफैं नै भ्रष्टाचारी भएकोले भ्रष्टाचारीउपर कारवाही कसले गर्ने भन्ने प्रश्न अनुत्तरित रहेको छ । यसरी भ्रष्टाचारीउपर कारवाही गर्ने निकायको अभावमा यहाँको भ्रष्टाचार स्वछन्द रूपले मौलाएको छ ।

यी कारणहरू नै हुन्, जसले गर्दा हाम्रो देशमा दिन दुईगुना रात चौगुना भ्रष्टाचार बढिरहेछ ।

**❑ मुक्ति 'प्रयास' घिमिरे, लखनपुर-१, झापा**



अहिले भ्रष्टाचारको महामारीबाट सिंगो मुलुक आक्रान्त छ । सत्ता र सत्ताको आडमा रहेका मानिसहरू राष्ट्रिय सम्पत्ति ब्रम्हलुट गर्नमै व्यस्त छन् । नेपालमा भ्रष्टाचार बढ्नुको मुख्य कारण यसले राजनीतिक संरक्षण प्राप्त गर्नु हो । नेपालमा भ्रष्टाचारले राजनीतिक संरक्षण प्राप्त गरेको कुरा त्रिशंकु सरकारका कृषिमन्त्री पद्मसुन्दर लावतीलाई भ्रष्टाचारको अभियोग लाग्दा राप्रपाका अध्यक्षले लावतीउपर कारवाही भएमा राप्रपाले वर्तमान राजनीतिक समीकरण बदल्ने धम्की दिनु र यसबाट शेरबहादुर देउवा तर्सनुबाट पनि प्रष्ट हुन्छ ।

भ्रष्टाचारको मुहान सत्ता नै भएको वर्तमान परिप्रेक्ष्यमा जनताको मतबाट सत्तामा पुगेर जनताकै सम्पत्ति रित्याउने यस्ता भ्रष्ट राष्ट्र संचालकहरूलाई कानूनको र जनअदालतको कठघरामा नउभ्याएसम्म भ्रष्टाचारको मुहान बन्द हुँदैन ।

हाम्रो देशमा भ्रष्टाचार बढ्नुको अर्को कारण जतिसक्दो कमाउनु पर्छ भन्ने गलत प्रवृत्तिको विकास हुनु हो । यस प्रवृत्तिको कुचक्रमा नफँसेको मानिस शायदै पाउन सकिन्छ । अचेल गाउँलाई टुहुरो बनाएर शहर पस्ने अधिकांश युवाहरू दुई दिनमै गगनचुम्बी महल खडा गरेर सुखी जीवन बिताउन चाहन्छन् । यसका लागि थोरै समयमा धेरै पैसा चाहिन्छ । थोरै समयमा धेरै पैसा कमाउन भ्रष्टाचार वा अन्य कुनै कालो धन्दा नगरेसम्म संभव हुँदैन भन्ने तथ्यं हामीसमक्ष छर्लङ्ग नै छ ।

नेपालमा भ्रष्टाचार दिनदिनै दोब्बर र चौबर बढ्नुको एउटा कारण अधिकारसम्पन्न र भरपर्दो भ्रष्टाचार निवारण निकाय नहुनु हो । नेपालको भ्रष्टाचार निवारण निकायको रूपमा रहेका निकायहरू लंगडा र अधिकारविहीन अवस्थामा छन् । त्यसमा पनि नेपालको कानून 'ठूलालाई चैन सानालाई ऐन' भनेजस्तो छ । यदि यसो होइन भने १० रूपियाँ घूस खाने कर्मचारीलाई कारवाही हुन्छ, तर करोडौं रूपियाँ भ्रष्टाचार गर्ने मन्त्रीलाई किन कारवाही हुदैन ? राकस सरकारका पल्टने मन्त्रीमण्डलका सदस्यहरू एउटा संगठित लुटेराका जमात झैं राष्ट्रिय सम्पत्तिको भागवण्डामा दृश्य वा अदृश्य रूपमा लागेका हुन् । तर खै, उनीहरूउपर कारवाही भएको ?

हो, भ्रष्टाचार नेपाल जस्तो विकासोन्मुख मुलुकमा मात्र होइन, जापान जस्तो विकसित मुलुकमा पनि हुन्छ । जापानमा भ्रष्टाचारमा संलग्न हुने राजनेतालाई सजायको भागी बनाइन्छ भने नेपालमा भ्रष्टाचारमा संलग्न हुने रांजनेतालाई सुनपानी खुवाएर चोख्याइन्छ । फरक यत्ति हो ।

**❑ यमबहादुर दुरा, दुराडाँडा, लमजुङ**
हालः त्रि.वि.वि., भूगोल विभाग, कीर्तिपुर

राणाकालमा शासक र तिनका पक्षपोषकहरू मोजमस्ती गर्न राज्यको कोष एकलौटी रूपमा कुम्ल्याउँथे । त्यस्तै, जनताका छोरी बुहारीहरूमाथि अत्याचार गर्थे । तर २००७ को परिवर्तनले तिनै भ्रष्टहरूलाई सत्तासीन बनाउनाले भ्रष्टाचारीको मनोबल बढ्यो । भ्रष्टाचार बढ्यो, भ्रष्टाचारीहरू बढे ।

पंचायतकालका पन्चहरू राणा शासनको चिहानबाट छटपटाएर उठेका भूत थिए, यिनीहरूले भ्रष्टाचार रोक्ने कुरै थिएन । बरू हदभन्दा बाहिर गएर भ्रष्टाचार देखाए । जनताको रगत पसिना चुसे । राज्यको सम्पत्ति लुटे, लुटाए । भ्रष्टाचारीहरूलाई दण्डित नगरी पुरष्कृत गरे । नमिता, सुमिता काण्ड जस्तो जघन्य अपराध हुँदा पनि कानमा तेल हालेर बसे । भ्रष्टाचारविरोधी आन्दोलनलाई गोलीले प्वाल पारे, बूटले दबाए ।

२०४६ सालको परिवर्तनपछि, नेपाली जनताले चिहानमा गाडेको पंचायती लास, भूत बनेर प्रजातन्त्रको खोल ओड्दै फेरि सिंहदरबार पस्नाले भ्रष्टाचारीको मनोबल बढ्न गयो र भ्रष्टाचार झन् बढ्यो ।

यसरी भ्रष्टाचारीहरूमाथि कार्वाही नगरिनु र तिनीहरू नै सरकार र राज्यका मुख्य अङ्गमा पुग्नाले भ्रष्टाचार बढ्यो ।

अहिले हेर्ने हो भने, यो व्यवस्थाको टाउकै भ्रष्टाचारी छ । जनताको रगत पसिना बटुलेर लाखौंका गाडी कुदाउने सांसदहरू, तलब र सुविधा बढाउँदै राज्य र जनता ठग्ने सांसदहरू र यौनविवादमा परेका केही सांसदहरू, जनताको न्यायिक र जनपक्षीय आन्दोलन दबाउने भ्रष्ट र आतंकवादी मन्त्रीहरू सबै भ्रष्टाचारका नमूना हुन् । यसरी राज्यको टाउकै भ्रष्ट भएपछि, नियम बनाउनेहरू नै भ्रष्ट हुनुले सबैतिर भ्रष्टाचार बढेको छ ।

त्यस्तै टि.भि. र सिनेमामा देखाइने पश्चिमी छाडापन, झ्याप्ले कपाल पाल्ने प्रवृत्ति, छाडापनको संगीत, चूरोट र रक्सि पिएर देखाइएको बहादुरीले बलात्कार र नसा लिने प्रवृत्ति मानिसहरूमा बढाएको छ ।

यसरी के भन्न सकिन्छ भने, भ्रष्टाचारीहरूलाई दण्डको बदला पुरस्कार, नीति-निर्माताको भ्रष्टपन, कानूनको लंगडोपना, नेपालमा हुर्किएको सामन्तवादी, हैकमवादी र नोकरशाही प्रवृत्ति, संस्कृतिमा पश्चिमी र पूँजीवादी आक्रमण नै नेपालमा भ्रष्टाचार बढाउने प्रमुख कारण हुन् । त्यस्तै, जसरी भएपनि धेरै कमाउँ भन्ने मानसिकता र भ्रष्टाचारलाई रोक्ने निकायको लंगडोपनले पनि आर्थिक भ्रष्टाचार बढाएको छ ।

**❑ जनकप्रसाद काफ्ले, बैकुण्ठे-८, भोजपुर**/हाल: बि. एस्सी. प्र.व., त्रिचन्द्र कलेज



विगत वर्षहरूदेखि नै नेपाली समाजमा भ्रष्टाचार मौलाउँदै आएको छ । सिङ्गो मुलुक अहिले भ्रष्टाचारको जालोले बेरिएको छ । समाजका हर क्षेत्रमा भ्रष्टाचार व्याप्त छन् । मुलुक र जनता भ्रष्टाचारबाट आहत छन् । समाज मुक्ति चाहिरहेको छ । तर जिम्मेवार ओहोदामा आसीन व्यक्तिहरू नै आफ्नो नैतिकता, दायित्व र पदको गरिमालाई बिर्सेर भ्रष्टाचारी गतिविधिमा संलग्न छन् ।

ऐन, कानून हातमा लिएर मुलुकको शासन-सत्ता संचालन गर्ने जिम्मेवारी लिएका शासक वर्गहरूले स-प्रमाण भ्रष्टाचार गरेको फेला पार्दा पनि कार्यवाही गर्ने साहस नगरी भ्रष्टाचारी तत्वलाई प्रोत्साहित गरेका छन् । यसले गर्दा भ्रष्टाचारमा बृद्धि आएको छ ।

त्यस्तै गरी, भ्रष्ट व्यक्तिहरूलाई राजनैतिक संगठनहरूले काखी च्याप्ने प्रवृत्तिले गर्दा उनीहरू सुरक्षित महसूस गरी झन्झन् ठूला भ्रष्टाचार गर्दैछन् । मुलुकमा देखा पर्ने गरेका आर्थिक र सामाजिक विकृतिहरूको नियन्त्रण नगरी राजनैतिक स्तरबाट नै यसको संरक्षण र पालनपोषण गर्ने संस्कार पनि भ्रष्टाचार बृद्धि हुनुमा दोषी छ । भ्रष्टाचारीहरूलाई कार्यवाही गर्न स्थापित संवैधानिक निकाय अ.दु.नि.आ. स्वयं आफ्नो दायित्वप्रति उत्तरदायी नहुनुले अपराधीहरूको मनोबल बढ्न गई भ्रष्टाचारमा बृद्धि आएको छ । पैसाको खोलो बगाई चुनाव जिती सत्तामा जाने र शक्तिको धाक लगाएर सत्तामा टिकिराख्ने प्रवृत्ति पनि भ्रष्टाचार बृद्धिका कारक तत्व हुन् । तसर्थ यस्ता खाले गलत संस्कारहरूको अन्त्य गर्न सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नु आवश्यक देखिन्छ ।

**❑ नारायण ढुङ्गाना, मोतीपुर-६, मटेरिया, बर्दिया**

पाठकवृन्द !

## 'कुर्सी पाइन्छ भने वामपन्थीहरुले जोसंग पनि मिल्नु ठीक हो ?'

**यो विषयमा दुई सय शब्दमा नबढाई आफ्नो विचार पठाउनु हुन हामी यहाँहरुलाई आह्वान गर्छौं। प्राप्त विचारहरुमध्ये उत्कृष्ट केही विचारहरु प्रकाशित गरिनेछन्। प्राप्त विचारहरुमा स्पष्टताको लागि र स्थानाभावको कारण सामान्य सम्पादन हुनसक्नेछन्। *–मूल्यांकन***




**पिपुल्स वार ग्रुपका छापामारहरु क्रियाशील भइरहेको क्षेत्र**

# प्रतिबन्धपछि पिपुल्स वार ग्रुपले आक्रमण तेज पार्‍यो !

भारतमा 'नयाँ जनवादी क्रान्ति' गर्ने उद्देश्यले सशस्त्र संघर्ष गरिरहेको भूमिगत नक्सलवादी संगठन- भाकपा (माले) पिपुल्स वार ग्रुप (PWG) माथि आन्ध्र प्रदेश सरकारले साउनको दोस्रो हप्तातिर पुनः प्रतिबन्ध लगाएको छ । आफूलाई 'वामपन्थी' भन्न रूचाउने तेलगू देशम पार्टीका नेता चन्द्रबाबु नायडूको मुख्यमन्त्रीत्वमा संचालित आन्ध्र प्रदेश सरकारले पीपुल्स वार ग्रुपका ६ वटा जनवर्गीय संगठनहरू- रेडिकल यूथ लीग, रेडिकल स्टुडेन्ट्स यूनियन, कोलियरीज यूनियन, रिभोल्यूशनरी वर्कर्स यूनियन, अल इण्डिया रिभोल्यूनरी स्टुडेन्ट्स फोरम र रैयत कुली संघममाथि पनि एकसाथ प्रतिबन्ध लगाएको छ ।

भूमिगत नक्सलवादी संगठन पिपुल्स वार ग्रुपमाथि आन्ध्र प्रदेशमा प्रतिबन्ध लगाउने र प्रतिबन्ध फुकुवा गर्ने काम पटक पटक भइसकेको छ । सर्वप्रथम जनार्दन रेड्डीको कांग्रेसी सरकारले १९९२ को मे महीनामा प्रथम पटक पिपुल्स वार ग्रुपमाथि प्रतिबन्ध लगाएको थियो भने, एम. चैन्ना रेड्डीको अर्को कांग्रेसी सरकारले भने केही समयको लागि प्रतिबन्ध फुकुवा गरी पुनः प्रतिबन्ध लगाएको थियो । तेलगू देशम् पार्टीकै एन.टि. रामाराव सरकारले पनि तीन महीनाको लागि प्रतिबन्ध फुकुवा गरी वर्ष दिनसम्म त्यसलाई लम्ब्याएको थियो । तर सोही पार्टीकै चन्द्रबाबु नायडू सरकारले पिपुल्स वार ग्रुपको बढ्दो लोकप्रियतादेखि तर्सेर 'राज्यमा कानून व्यवस्था स्थापना गर्ने' नाममा PWG र त्यसका अधिकांश जनवर्गीय संगठनहरूमाथि प्रतिबन्ध लगाएर आफ्नो अप्रजातान्त्रिक रूप प्रकट गरेको छ ।

नायडू सरकारले प्रतिबन्धको घोषणा संगसंगै सेना, अर्धसेना र प्रहरी बलको व्यापक परिचालन गर्ने, तिनीहरूलाई नयाँ-अत्याधुनिक हातहतियारले सुसज्जित पार्ने र PWG को प्रभाव क्षेत्रमा करोडौं डलरको 'विकास-निर्माणको काम' थालेको छ । र, मान्छे मार्ने छूट पाएका सेना, अर्ध सेना र प्रहरी बलले 'मुठभेड' को नाममा PWG का समर्थक र शुभेच्छुकहरूलाई मार्ने अभियान समेत थालेका छन् ।

आन्ध्र प्रदेशमा समाजसेवी डाक्टरको रूपमा प्रख्यात डा. ए. नारायणलाई सरकारले निर्ममतापूर्वक मारेपछि PWG ले प्रतिबन्धपछि प्रथम पटक व्यापक आक्रमण थालेको छ । विगत चार महीनाभित्र मात्रै त्यसका छापामारहरूले आन्ध्र प्रदेशमा मात्रै ७०० भन्दा बेसी आक्रमण गरेर ९० जनाभन्दा बढी प्रहरी

## PWG को क्रान्तिको सिद्धान्त र रणकौशल कत्तिको ठीक छ ?

र जासूसहरूको हत्या गरिसकेको छ । स्मरणीय छ, १९९५ भरि मात्र PWG का छापामारहरूले ६९१ वटा आक्रमण गरी ८६ जना प्रहरी र जासूसहरूलाई मारेका थिए ।




पछिल्लो समाचार अनुसार, यसरी आक्रमण गर्ने क्रममा छापामारहरूले आन्ध्र प्रदेशकै अदिलावाद जिल्लाको सिरपुरउतनूर प्रहरी चौकीमा विष्फोट गरी १३ जना प्रहरीलाई मारेका छन् । त्यहाँ भएको मुठभेडमा २ जना छापामारहरू पनि मारिएका छन् । यी छापामारहरूले ११ वटा राइफल, ६ वटा अटोमेटिक बन्दूक (SLR), स्टेनगन र केही खरखजाना पनि लगेका छन् ।

त्यस्तै वारंगल जिल्लाको राजमार्गमै एउटा प्रहरी मिनीबसलाई भूमिबम विष्फोटद्वारा नष्ट गर्नुका साथै डि.एस.पी. एन. महेशकुमारलाई मारेका छन् । यसका साथै अदिलावादमै शिव सेनाका अध्यक्ष र करिमनगर नगरपालिकाका मेयरका भाइलाई समेत मारेर ती छापामारहरूले आफ्नो सशस्त्र अभियान तेज पारेका छन् ।

यसै क्रममा सरकारले गत असोजको अन्तिम सम्ममा ९७ वटा कथित मुठभेडमा ९१ जना PWG का छापामारहरू मारेको दावी गरेको छ । स्मरणीय छ, गत वर्ष- १९९५ मा ५४ जना, १९९४ मा ९७ जना PWG का कार्यकर्ता र समर्थकको हत्या गरिएको थियो । ती अधिकांश व्यक्तिहरू तेलंगाना क्षेत्रका वारंगल, करिमनगर, निजामावाद, अदिलावाद, कुड्डापाह र पूर्वी गोदावरीमा मारिएका थिए ।


यसरी दुवै तर्फबाट एक अर्कालाई मार्ने अभियान जारी छ । आफ्ना साथीहरू मारिएकोमा रिसाएका प्रहरी समेत 'एकको बदला दशलाई मार्ने' प्रतिशोधको घोषणासहित लागिपरेका छन् । उता, नक्सलवादी छापामारहरूले पनि प्रहरीदेखि नेताहरूसम्म मार्ने अभियानलाई तेज पार्ने क्रममा आन्ध्र प्रदेशको तेलंगाना क्षेत्रभन्दा बाहिर महाराष्ट्र-राज्यका गडचिरोली, चन्द्रपुर, यावतमल र मध्यप्रदेशका बस्तर र बालाघाट क्षेत्रतिर पनि आक्रमण गर्न थालेका छन् । यी तीन वटै राज्यका यी क्षेत्रहरू दण्डकारण्य प्रदेशको रूपमा प्रशिद्ध छन् । भनिन्छ- दण्डकारण्य प्रदेशलाई PWG ले आफ्नो 'आधार इलाका' को रूपमा विस्तार गरिरहेको छ । यसलाई अझ मजबूत पार्न त्यसले मेदक, महबुबनगर, नाल्गोण्डा, नेल्लोर, श्री काकुलम, विजाग, पूर्वी गोदावरी, कुड्डापाह, अनन्तपुर र चित्तौर जस्ता आन्ध्र प्रदेशका १० वटा जिल्लामा पनि आफ्नो स्थितिलाई मजबूत पार्दैलगेको छ ।

यी सबै उपलब्धि उसले सशस्त्र संघर्ष संचालन गर्ने क्रममा थालेका विकास र निर्माणका कार्यहरूबाट संभव



[illegible]सीलाई तालिम दिंदै PWG छापामार

तुल्याएको देखिन्छ । उसले आफ्ना छापामारहरू र कार्यकर्ताहरूमार्फत् पानी ट्याँकीहरू निर्माण गर्ने, सडक निर्माण गर्ने, किसानहरूलाई बीऊ-बिजन, मल, प्रशिक्षण दिनुका साथै स्थानीय पुस्तकालय, प्रौढ शिक्षालय र सामूहिक बैंक स्थापना गर्ने र 'प्रजा पंचायत' गठन गरी न्याय र प्रशासन समेत संचालन गरेर यी उपलब्धिहरू प्राप्त गरेको देखिन्छ । जनजीवनसंग प्रत्यक्ष सरोकार राख्ने यस्ता विकास र निर्माण कार्यहरूका साथै उसले जनतामाथि अन्याय-अत्याचार गर्ने सामन्त र ठेकेदारहरूलाई कारवाही गर्ने, किसान र मजदूरहरूको ज्याला, तलब, सुविधाको लागि संघर्ष गर्ने र महिलाहरूमाथि भइरहेका यावत उत्पीडन र शोषणविरूद्ध अभियान छेड्ने कार्य गरेर



PWG ले आन्ध्रको वारंगल जिल्लामा गराएको मिनिबस विष्फोट, जसमा डि.एस.पि. एन. महेशकुमार समेतको मृत्यु भएको थियो

**यस सम्बन्धमा, भारतीय पत्रकार अलका आर्यले PWG का गतिविधिहरुबारे गत महिनासम्मका घटनाहरुमा आधारित भई गर्नु भएको विश्लेषण पनि यसैसाथ प्रस्तुत गरिएको छ । यसले PWG का गतिविधिहरु बुझ्न पाठकहरुलाई सघाउ पुऱ्याउनेछ भन्ने हामीलाई लागेको छ - मूल्यांकन)**

ठूलो लोकप्रियता कमाएको छ ।

यही लोकप्रियताको भरमा विगत १६ वर्ष अगाडिदेखि सशस्त्र संघर्ष गरिरहेको यो संगठन जतिसुकै बढे पनि भारतव्यापी रूपमा फैलिन भने सकिरहेको छैन । विशेषत: यो संगठनको जनाधार आन्ध्र प्रदेश, महाराष्ट्र र मध्य प्रदेशको दण्डकारण्य क्षेत्र जस्तो घना जंगलभित्रका आदिवासी वस्तीहरूमा मात्र सीमित भइरहेको बताइन्छ ।

यसका साथै संगठनभित्रको आन्तरिक कलहले पनि यसलाई नराम्ररी गाँजिरहेको देखिन्छ । चिनियाँ क्रान्तिको नक्कल गरेर शुरू गरिएको नक्सलवादी आन्दोलनको एउटा प्रमुख धाराको रूपमा रहेको यो संगठनका संस्थापक नेता कोण्डापल्ली सीतारमैया समेत पार्टीको आन्तरिक कलहकै कारणले निष्काशित भइसकेका छन् । अहिले ४६ वर्षीय नेता मुपाला लक्ष्मण राव अर्थात् क. गणपतिको नेतृत्वमा संचालित यो संगठनमाथि वामपन्थी खेमाबाट 'क्रान्तिको समस्या हल गर्ने क्रममा सैनिक समाधानमाथि बढी जोड दिएको र छिटफुट आक्रमणपछि जनता क्रान्तितर्फ आकर्षित हुन्छन् भन्ने 'दिवास्वप्न' मा हराएको' आरोप लाग्न थालेको छ ।

छिमेकी देश र त्यहाँको बजार हडप्ने साम्राज्यवादी देश भइसकेको भारतलाई अहिले पनि अर्द्ध औपनिवेशिक र अर्द्धसामन्ती राज्यको रूपमा व्याख्या गर्ने यो संगठनले अहिले पनि त्यहाँ चीनको जस्तै नयाँ-जनवादी क्रान्ति गर्ने घोषणा गर्दै आइरहेको छ । आफ्नै सार्वभौम पूँजीवादी संसद, केन्द्रिकृत सेना र अत्याधुनिक, उन्नत पूँजीवादी राज्यसत्ता भएको भारतलाई समेत आजभन्दा ६०-७० वर्ष अगाडिको चीनको अर्द्ध सामन्ती' र अर्द्ध-औपनिवेशिक स्थितिसंग यो संगठनले तुलना गरेर नयाँ जनवादी क्रान्ति गर्न तम्सिरहेको छ । तर बर्षौंबर्षसम्म पनि देशव्यापी संगठन निर्माण गर्न असफल भइरहेको यस संगठनको भारतीय क्रान्तिसम्बन्धी सिद्धान्तमै कतै खोट त छैन ?- यो सवाल पनि अहिले भारतमै उठ्न थालेको छ ।

अर्को कुरा, PWG पनि क. माओले चीनमा छापामार युद्ध शैलीमा आधार इलाकाहरू निर्माण गर्दै गाउँबाट शहर घेर्ने रणकौशल अप्नाएर क्रान्ति सफल गरेजस्तै भारतमा पनि क्रान्ति सफल गर्न चाहन्छ । तर परस्परमा युद्धरत युद्धसरकारहरू भएको, देशव्यापी यातायात, संचार, केन्द्रिकृत सेना र सरकार नभएको मध्ययुगीन, विकेन्द्रित तत्कालीन चीनमा जस्तै अहिलेको भारतमा पनि कसरी एउटै खालको रणकौशल उपयुक्त हुन सक्छ र ?- भन्ने सवाल पनि त्यहाँ उठेको छ ।

आफ्नो देशको वस्तुगत परिस्थितिअनुसार क्रान्तिको सिद्धान्त तय गर्ने र रणकौशल निर्माण गर्ने जिम्मेवारीबाट पन्छिएर 'माओवाद' जप्दैमा र चीन वा अन्य देशको नक्कल गर्दैमा भारतमा क्रान्ति सम्पन्न हुन्छ भनेर सोच्नु PWG को गल्ती हुन सक्छ भन्ने विचार पनि उठिरहेको छ । साँच्चै, यी सवालहरूको वस्तुगत जवाफ खोज्ने काममा बढी समय, श्रम र क्षमता प्रयोग गरेर अगाडि बढ्न सकेमा मात्रै भारतीय क्रान्तिको भविष्यको ढोका खुल्न सक्छ, अन्यथा क्रान्तिको सपना सपनामै मर्न सक्छ । किनभने, क्रान्तिको सपना साकार पार्न दुई-चार हजार वीर, साहसी व्यक्तिहरूको बलिदानले मात्र पुग्दैन, यसको लागि आफ्नो देशको वस्तुस्थिति अनुकूलको क्रान्तिको सिद्धान्त, रणकौशल, मार्क्सवादी-लेनिनवादी पार्टी पनि उत्तिकै जरूरी हुन्छ ।

❑ राजेन्द्र महर्जन

---

# लाओसमा छैठौं पार्टी महाधिवेशन संपन्न

-विवेक प्रधान



लाओसको सत्तारूढ वामपन्थी दल- लाओ जनताको क्रान्तिकारी पार्टी LAO PEOPLES REVOLUTIONARY PARTY को छैठौं महाधिवेशन गएको मार्च १८-२० मा लाओसमा सम्पन्न भएको खबर ढिलो गरी प्राप्त भएको छ ।

७८ हजार पार्टी सदस्य भएको त्यो दलको महाधिवेशनमा ती सबै पार्टी सदस्यहरूको प्रतिनिधित्व गर्दै ३८१ जना पार्टी प्रतिनिधिहरूले भाग लिएको थाहा भएको छ ।

महाधिवेशनमा भियतनामी कम्युनिष्ट पार्टीका महासचिव दो मुओइ, चिनियाँ कम्युनिष्ट पार्टीका वैकल्पिक पोलिटव्यूरो सदस्य वोन जियाबाओ र कम्बोडियाली जनताको पार्टीका अध्यक्ष चिया सिमले आमन्त्रित अतिथिका रूपमा भाग लिएका थिए ।

महाधिवेनले जनरल खाम्टे सिम्फाडोनलाई सर्वसम्मतिले अध्यक्ष चुनेको छ । जनरल खाम्टेले प्रस्तुत गरेको राजीतिक प्रतिवेदनलाई पनि महाधिवेशनले पारित गरेको बुझिएको छ । र, ४९ जनाको केन्द्रीय समिति पनि महाधिवेशनद्वारा निर्वाचित भएको छ, जसमध्ये ४ जना महिला छन् ।

सुधारवादी सोच अप्नाएको भनेर देशका राष्ट्रपति नोउहाक फोउमसाभानलाई तव-निर्वाचित पोलिट व्यूरोबाट हटाइएको थाहा भएको छ । साथै यही आरोपमा उपप्रधानमन्त्री खामफोइलाई पनि केन्द्रीय समितिबाट हटाइएको बुझिएको छ । खामफोइ लाओसमा चलिरहेको आर्थिक सुधारका एकजना प्रवर्तक मानिन्छन् ।

करीब ४५ लाख जनसंख्या भएको लाओस, चीन, भियतनाम र कम्पुचियाको सीमाद्वारा चेपिएको एउटा सानो भूपरिवेष्टित देश हो । पहिले फ्रान्सको उपनिवेश रहेको यो मुलुक सन् १९५३ मा मात्र उपनिवेशको जंजालबाट मुक्त भएको थियो । कम्युनिष्टहरूको अगुवाईमा सन् १९७५ मा क्रान्तिद्वारा त्यहाँ संवैधानिक राजतन्त्र खत्तम गरेर जनवादी गणतन्त्र स्थापना गरिएको थियो ।

क्रान्तिअघि "लाओ जनताको क्रान्तिकारी पार्टी"को नाम "लाओसको जनताको पार्टी" थियो । यो "लाओ राष्ट्रिय निर्माण मोर्चा (Lao front for national construction) को एउटा घटक थियो । क्रान्ति लाओ राष्ट्रिय निर्माण मोर्चा को मातहतमा सम्पन्न भएको थियो र यसको नेतृत्व "लाओसको जनाको पार्टी"ले गरेको थियो । क. माओको नेतृत्वमा रहेको चीनियाँ कम्युनिष्ट पार्टीले यो पार्टीलाई क्रान्तिमा घनिष्ठ रूपले सहयोग गरेको थियो ।

भियतनामी कम्युनिष्ट पार्टीमा बैचारिक विचलन आएपछि त्यसको प्रभाव यो पार्टीलाई पनि परेको थियो । ❑

# "पिपुल्स वार ग्रुप" माथि प्रतिबन्ध लगाउनुको अर्थ के हो ?

अलका आर्य

आन्ध्र प्रदेशका मुख्यमन्त्री चन्द्रबाबु नायडूले आफ्नो राज्यको एक सशक्त नक्सलवादी संगठन- "पिपुल्स वार ग्रुप" सहित अन्य ६ वटा संगठनहरूमाथि प्रतिबन्ध लगाएका छन् । यी नक्सलवादी संगठनहरूमाथि प्रतिबन्ध लगाइनुका पछाडि मुख्यमन्त्री नायडू तेलंगाना क्षेत्रमा विग्रिँदै गइरहेको कानून-व्यवस्थालाई पनि एउटा कारण मान्दछन् । तर नक्सलवादी संगठनहरूका अनुसार तेलंगाना क्षेत्रमा कानून-व्यवस्थाको कुनै समस्या नै छैन । फेरि, नक्सलवादी संगठनहरू त कलकारखाना र उद्योगहरू चलाउने कुरामा विश्वास गर्दछन्, ता कि- बेरोजगारहरूले रोजगारी पाउन् ।

केही मानिसहरूका विचारअनुसार, नायडूले प्रतिबन्धको कदम पिपुल्स वार ग्रुपको बढ्दो शक्तिलाई बूटले कुल्चनका लागि उठाएका हुन् । विकास र कानून व्यवस्था त एउटा निहुँ मात्र हो । पिपुल्स वार ग्रुपमाथिको यो प्रतिबन्धको विरोध गर्ने काममा नायडूकै पार्टी- तुलगू देशम पार्टी (नायडू गुट) कै सांसदहरू र आन्ध्र प्रदेश राज्यका अन्य नागरिक-अधिकारवादी संगठनहरू लागिपरेका छन् ।

यहाँ उल्लेखनीय कुरो के छ भने, चन्द्रबाबु नायडूको यो प्रतिबन्धको घोषणाले न त साधारण जनतालाई छक्क पारेको छ, न त पिपुल्स वार ग्रुपकै कार्यकर्ताहरूलाई आश्चर्यचकित पार्न सकेको देखिन्छ । यी नक्सलवादी संगठनहरूमाथि सबैभन्दा पहिले १९९२ मा कांग्रेस सरकारका मुख्यमन्त्री एन्. जनार्दन रेड्डीले एक वर्षको लागि प्रतिबन्ध लगाएका थिए, त्यसपछि फेरि यसको अवधि दुई वर्षका लागि बढाएका थिए ।

अक्टोबर, १९९४ मा त्यहाँ राज्य विधानसभाको चुनाव भयो, तब त्यहाँको चुनावी वातावरणमा एन.टि. रामारावले मुख्यमन्त्रीको गद्दी हासिल गर्नका लागि जनसाधारणलाई लोभ्याउन रक्सीमाथि प्रतिबन्ध लगाउने र चामल सस्तो मोलमा दिनें नारा फ्याँके । अर्कोतिर, राज्यको प्रतिबन्धित नक्सलवादी संगठन पिपुल्स वार ग्रुपप्रति नरम व्यवहार गर्ने बचनबद्धता पनि व्यक्त गरे । १९९४ को चुनाव जितेपछि मुख्यमन्त्री बनेका रामारावले जनसाधारणसमक्ष गरेका घोषणाहरू पूरा गर्नुका साथै पीपुल्स वार ग्रुप (P.W.G.) बारे गरिएको बचनबद्धता पनि पूरा गरे । रामारावले त्यसबेला पिपुल्स वार ग्रुपप्रति नरम रबैया अप्नाउने जुन बचनबद्धता प्रकट गरेका थिए, त्यही बचन वर्तमान मुख्यमन्त्री चन्द्रबाबु नायडूलाई आफूले गद्दी सम्हालेपछि पनि खट्किन थालेको छ ।

नायडू आजभन्दा एक वर्ष अगाडि, गत सेप्टेम्बर, १९९५ मा आन्ध्र प्रदेशका मुख्यमन्त्री बनेका थिए । उनले मुख्य मन्त्री बनेको एक महिनापछि, डिसेम्बरमै यी नक्सलवादी संगठनहरूलाई बूटले कुल्चने चाहना प्रकट गरे । तर मई महिनामा हुने लोकसभाको चुनावलाई ध्यानमा राखी उनी चुप लाग्न विवश भए । पछि लोकसभाको चुनावमा राम्रो परिणाम निस्केपछि र केन्द्र सरकारमा पनि तेलगू देशम पार्टीको स्थिति मजबूत भएपछि परिस्थितिलाई तौलेर उनले पिपुल्स वार ग्रुपमाथि पुनः प्रतिबन्ध लगाएका थिए ।

◆

पिपुल्स वार ग्रुप भारतीय कम्युनिष्ट पार्टी मार्क्सवादी-लेनिनवादी (CPI-ML) को छापामार संगठन हो । यस संगठनको गठन २२ अप्रिल, १९८० मा भएको थियो । यस संगठनका कार्यकर्ताहरूका भनाइअनुसार, यस संगठनको काम भूमिसुधार, बेरोजगारहरूलाई रोजगार र गरीबहरूको हक-हितको लागि संघर्ष गर्नु हो ।

यसको प्रभाव आन्ध्र प्रदेशको तेलंगाना क्षेत्रमा बढी छ । तेलंगाना क्षेत्रमा हैदराबाद, आदिलाबाद, वारंगल, निजामाबाद, करीमनगर आदि जिल्लाहरू पर्दछन् । यस राज्यमा मार्क्सवादी आन्दोलनको अर्थ "भूमि सुधार" हो । यस राज्यमा १९५५ मा बनेको भूमिको हदबन्दीसम्बन्धी कानूनको खुलेआम धज्जी उडाइएको छ । यहाँका गरीब किसानहरू र खेतीहर मजदूरहरूले भूमिको हदबन्दीसम्बन्धी कानूनबाट खासै कुनै उपलब्धी र लाभ प्राप्त गर्न सकेका छैनन् । यो छापामार समूहले अहिलेसम्म ४ लाख एकड भूमि जमीन्दारहरूबाट खोसेर लिइसकेको छ ।

यो संघर्षमा पिपुल्स वार ग्रुपका कैयौं कार्यकर्ताहरू मारिएका छन् । उता, यो छापामार समूहले पनि पुलिसका कैयौं ठूल-ठूला अधिकारीहरूलाई आफ्नो तारो बनाएको छ ।



पिपुल्स वार ग्रुपका वर्तमान नेता मुपाला लक्ष्मण राव अर्थात् क. गणपति

पिपुल्स वार ग्रुपले पूर्व प्रधानमन्त्री नरसिंह रावको बंगारा क्षेत्रमा पर्ने १६ सय एकड जमीनमाथि पनि कब्जा जमाउने प्रयास गरेको थियो । तर यो जमीनमा १९९१ देखि भारतीय सैनिकहरू सी.आर.पी.एफ.का ७० जना सिपाहीहरू दिनरात पालो बसिरहेका छन् । जमीनको सुरक्षाको नाममा मात्रै यस समूहमाथि सरकारको सवा लाख रूपियाँ प्रतिमहिना खर्च भइरहेको छ । एकातिर यसरी सरकारी पैसा खर्च भइरहेको छ भने अर्कोतिर, यो जमीनमा गत ६ वर्षदेखि खनजोत गर्ने काम नै भएको छैन, किनकि कुनै पनि किसान-मजदूरहरू त्यहाँ गएर काम गर्न नै चाहिरहेका छैनन् ।

पिपुल्स वार ग्रुपले गरीब किसान, मजदूर र आम जनताबीच एउटा जागरण-अभियान शुरू गरिरहेको छ । यस अभियानअन्तर्गत गरीब किसान, मजदूर र आम जनतालाई शोषण गर्ने जमीन्दारहरू र नाफाखोरहरूका घर र खेतमा गएर काम नगर्नको लागि सम्झाउने-बुझाउने काम भइरहेको छ । जुन जमीन्दारले भूमिसम्बन्धी हदबन्दीको कानून पालना गर्दैन, त्यसको घरमा नाऊ काम गर्ने, पानी ल्याउने र अरू काम गर्ने मानिसहरू पनि काम गर्न जाँदैनन्, सामाजिक बहिष्कार गरिन्छ ।

आन्ध्र प्रदेश राज्यको तेलंगाना क्षेत्रमा यस नक्सलवादी संगठनहरूको पूरै प्रभाव कायम छ । यो संगठनले न्याय निसाफ गर्न प्रजा-पंचायत बोलाउँदछ । यसले जनताका आपसी झै-झगडा-समस्या हल गर्दछ । यदि कुनै मानिसले कुनै जमीन्दारका विरूद्ध कुनै आरोप लगाउँदछ वा शिकायत गर्दछ भने ती जमीन्दारहरूले पनि प्रजा-पंचायतमा हाजिर हुनुपर्दछ । पीपुल्स वार ग्रुपले बोलाउने प्रजा-पंचायतले जरिवाना पनि गर्दछ, अपराधीहरूलाई सजायँ पनि सुनाउँदछ, भ्रष्ट अधिकारीहरूलाई समाज बहिष्कार पनि गर्दछ । प्रौढ, बुजुग र सम्मानित व्यक्तिहरूबाट प्रजा-

**आन्ध्र प्रदेशमा मार्क्सवादी आन्दोलनको अर्थ हो- "भूमि सुधार" ।**



पिपुल्स वार ग्रुपका महिला छापामारहरु



द. अफ्रिकाका राष्ट्रपति
नेल्सन मण्डेला



SACP का पूर्व महासचिव
स्व. क्रिस हनी

**दक्षिण अफ्रिकी सरकारको नयाँ अर्थनीतिको कारणले सरकारकै घटकहरु ANC, SACP र COSATU बीच मतभेद शुरु भएको छ**

आफ्नो ठम्याईलाई सार्वजनिक रुपमा घोषणा गरेका छन् । सरकारको दावी अनुसार नयाँ अर्थनीतिले प्रथम एक वर्षमै ४ लाख व्यक्तिको रोजगारी सिर्जना गर्नेछ, तर SACP र COSATU ले सरकारको यो दावीलाई झूठो ठहऱ्याउँदै यसले अहिलेका रोजगार व्यक्तिहरुलाई समेत बेरोजगार बनाउने, धनी र गरीबबीचको खाडल अझ डरलाग्दो ढंगले बृद्धि हुने, घरबारविहीनहरुको संख्यामा बृद्धि गर्ने तर्क अगाडि सारेका छन् ।

यसरी के स्पष्ट हुन्छ भने, दक्षिण अफ्रिकी सरकारको नयाँ अर्थनीतिको कारणले सरकारकै घटकहरु ANC, SACP र COSATU बीच मतभेद शुरु भएको छ । यो मतभेदले तिनीहरुको संयुक्त मोर्चा र संयुक्त सरकारलाई समेत अप्ठ्यारोमा पार्ने देखिन्छ, तर तीनवटै घटकले संयुक्त मोर्चाको भावनालाई जीवित राख्नमा पनि जोड दिइरहेका छन् । क. चार्ल्स न्काकुलाले भने जस्तै "एकता भने यान्त्रिक सहमति र समझदारीको आधारमा हुनसक्दैन ।" आफ्नो वर्गीय हितलाई छाडेर, आफ्नो मार्गनिर्देशक सिद्धान्तविपरीत संयुक्त मोर्चा कायम गरिराख्नु हुँदैन । उनको भनाइ छ- एकता र संयुक्त मोर्चाको उद्देश्य दक्षिण अफ्रिका र बहुसंख्यक दक्षिण अफ्रिकी शोषित-पीडित जनताको हितको लागि हुनुपर्दछ । देश र जनताको हित अनुकूलको एकता मात्रै जायज र न्यायोचित हुन्छ ।

यही भावना अनुरुप ती तीनवटै संगठनले आफ्ना मतभेदहरुलाई अन्त गर्ने संकल्प पनि गरेका छन् । उनीहरुले यी मतभेदहरुले गर्दा आफ्नो एकतामा समस्या सिर्जना भएको तथ्यलाई स्वीकार्दै घोषणा गरेका छन्- "हामी मतभेदलाई उपयुक्त ढंगले हल गर्नेछौं, मतभेदका कारणले हाम्रो एकतामा फूट आउँछ भन्नेहरुले अहिलेदेखि नै दिवास्वप्न देख्न नथाले हुन्छ !"

❑

# अमेरिका फेरि एक्लियो !

# विश्वका जनता क्यूबाको पक्षमा !

आफ्नो छिमेकी सानो देश क्यूबाका जनताले आफ्नो राजनीतिक-आर्थिक, सामाजिक र सांस्कृतिक भविष्य आफैंले कोरेको रीसमा विगत साढे तीन दशकदेखि आर्थिक नाकावन्दी लगाउँदै आएको अमेरिकी साम्राज्यवाद पुनः एकपटक विश्वसामु एक्लिएको छ । क्यूबालाई सबैतिरबाट एक्ल्याएर क. फिडेल क्यास्त्रोको नेतृत्वमा त्यहाँ संचालित वामपन्थी शासन उखेल्न भरमग्दूर प्रयत्न गर्दै आइरहेको अमेरिकाले चारैतिर पराजयको सामना गर्नु परेको छ ।

गत कार्तिक २७ गते संयुक्त राष्ट्र संघको साधारण सभाको अत्याधिक बहुमतले अमेरिकाद्वारा क्यूबामाथि थोपर्दै आएको आर्थिक नाकाबन्दीको कडा शब्दमा विरोध गर्ने प्रस्ताव पारित गरेको घटना आज पनि ताजै रहेको छ । अमेरिकाले इजरायल र उज्वेकिस्तानको समेत गरी जम्मा ३ भोट पाएको यस मतदानको क्रममा क्यूबाले १३७ मत पाएको थियो । यस मतदानमा रूस, चीन र अमेरिकापक्षीय ब्रिटेन, फ्रान्स,



जुलूसमा चिलीका जनताहरू क. क्यास्त्रो र चिलीका वामपन्थी राष्ट्रपति स्व. सालभाडोर एलेन्डेको तस्वीर बोक्दै

**पूँजीवादी खेमामा आएको यो फूटलाई क्यूबाले कत्तिको थप कुशलतापूर्वक प्रयोग गर्ने होला ?**

जर्मनी लगायत देशहरूले समेत अमेरिकाको विरोधमा र क्यूबाको पक्षमा मतदान गरेका थिए ।

क्यूबामाथि लगाइएको आर्थिक नाकावन्दीको विरोधमा आवाज उठाउने सिलसिलामा अमेरिकासंग सम्बद्ध पूँजीवादी देशहरूले पनि यस पटक महत्वपूर्ण भूमिका खेलेका छन् । अमेरिकाले क्यूबासंग आर्थिक सम्बन्ध कायम गर्ने जुनसुकै देश वा कम्पनीमाथि पनि कारवाही गर्नसक्ने खालको "हेल्मस-बर्टोन एक्ट" निर्माण गरेपछि यूरोपीय र ल्याटिन अमेरिकी पूँजीवादी देशहरूले पनि अमेरिकी कम्पनीहरूमाथि कडा कारवाही गर्ने धम्की दिएका छन् । उनीहरूले संयुक्त राष्ट्रसंघीय साधारण सभाको उक्त पछिल्लो मतदानमा हेल्मस-बर्टोन एक्टको पनि कडा शब्दमा विरोध गर्दै सम्पूर्ण आर्थिक नाकाबन्दी तुरून्त हटाउन अमेरिकासमक्ष माग गरेका छन् ।

यसरी, यस मतदानको क्रममा आफ्नै राजनीतिक सहकर्मीहरूबाट समेत आफू पराजित भएपछि अमेरिका विश्वबाट पूरै एक्लिएको देखिन्छ ।

यसरी एक्लिने क्रम बढ्दैजाने सिलसिला 'इबेरो-अमेरिकन शिखर सम्मेलन' मा पनि स्पष्ट रूपमा देखिएको थियो । कार्तिक २४-२५ गते चिलीमा भएको सो सम्मेलनका सहभागी ल्याटिन अमेरिकी राष्ट्रहरू लगायत स्पेन र पोर्चुगलले समेत 'हेल्मस-बर्टोन एक्ट' को प्रचण्ड विरोध गर्दै क्यूबाविरूद्ध अमेरिकाद्वारा थोपरिएको आर्थिक नाकाबन्दी हटाउन जोडदार माग गरेका छन् ।

अर्कोतिर, रोममा भएको संयुक्त राष्ट्र संघीय खाद्यसम्बन्धी शिखर सम्मेलनले पनि आर्थिक नाकाबन्दीमा खाद्यान्नको प्रावधान हटाउनुपर्ने माग गरेको छ । उक्त सम्मेलनमा पनि क. क्यास्त्रोले खाद्यान्नको समस्या, भोकमरी र अनिकालको जरो कारण पूँजीवाद हो भनी पूँजीवादी देशको नायक अमेरिका लगायत पूँजीवादी राष्ट्रहरूको कडा आलोचना गरेका छन् ।

क. क्यास्त्रोले भेटिकन सिटीमा गएर वर्तमान विश्वको अनिकाल, भोकमरी, अव्यवस्था र गरीबीको लागि मूल जिम्मेवार पूँजीवाद हो भन्ने क्याथोलिक धर्मका धर्मगुरू पोप जोन पोललाई भेटेको हालैको घटना पनि विश्वमा निकै चर्चित भएको छ । क्यास्त्रोले पोपलाई क्यूबा भ्रमणका लागि निम्त्याएका पनि छन् । पूर्वी यूरोपबाट वामपन्थी शासनलाई फ्याँक्न अमेरिकाले आफ्नो गोटीको रूपमा विगतमा प्रयोग गरिएका पोप जोन पोललाई आफ्नो देशमा निम्त्याएर क्यूबाले अमेरिकालाई नै एक्ल्याउने रणनीति प्रयोग गर्नथालेको आभास दिएको छ । पूँजीवादी खेमामा आएको यो फूटलाई क्यूबाले कत्तिको थप कुशलतापूर्वक प्रयोग गर्ने होला, त्यो त हेर्न बाँकी नै छ ।

❑ **राजेन्द्र महर्जन**

# महान लडाकू स्पार्टाकस

प्राचीन रोममा स्पार्टाकसको नेतृत्वमा भएको दास विद्रोह विश्वकै इतिहासमा भएको एउटा अभूतपूर्व र उल्लेखनीय विद्रोह हो । यो विद्रोहले दास मालिकहरूको मुटु नै थर्काइदियो । हुन त दासहरू र दास स्वामीहरूका बीचमा प्राचीन विश्वमै पनि ठूला संघर्षहरू चलिरहेका थिए । तर रोममा जतिको निर्मम र भीषण संघर्ष अन्त कहीं पनि भएन ।

दास प्रथात्मक व्यवस्थाको सर्वाधिक विकास रोममा नै भएको थियो । रोममा जिम्मा दर्शकहरूको हातमा हुन्थ्यो । यदि दर्शकले हात उठाए भने उसलाई जीवनदान दिइन्थ्यो अथवा दर्शकहरूले हातहरू झुकाए भने विजेता ग्लेडियेटरले छुरा घोपेर हारेको ग्लेडियेटरलाई मारिदिन्थ्यो । ग्लेडियेटरहरूलाई सिंह र बाघजस्ता खतरनाक हिंस्रक जनावारहरूसंग पनि लडाइन्थ्यो । यसरी रोमका दासहरूको जीवन अत्यन्त




# विश्वको पहिलो र महान
# दास विद्रोह
# कसरी भएको थियो ?

जति दासहरू थिए, त्यति विश्वका अरू कुनै देशहरूमा थिएनन् । जति रोममा दासहरूको शोषण हुन्थ्यो, त्यति अरू कुनै पनि देशहरूमा हुँदैनथ्यो । त्यहाँका दासमालिकहरू दासहरूलाई "बोल्नसक्ने औजार"को रूपमा लिन्थे । त्यहाँ दासहरूलाई यति काम लगाइन्थ्यो कि त्यति धेरै कामले गर्दा पहिले हृष्टपुष्ट र बलियो रहेका युवकहरू पनि २-४ वर्षमै एकदमै कमजोर र बूढा हुन्थे । दास मालिकहरू ती कमजोर र बुढा दासहरूलाई कुनै अनकन्टार टापुमा लगेर छोडिदिन्थे र अर्को दास खरीद गरी ल्याउँथे । ती छोडिएका दासहरू खान नपाएर त्यहीं नै मर्थे ।

रोममा दुई प्रकारका दासहरू थिए ।

एकथरि दासहरूलाई खेतमा खेतीपाती गर्ने, घट्टमा अन्नहरू पिस्ने, तेल पेल्ने र ढुंगा खियाउने, घर र बाटोघाटो बनाउने जस्ता कामहरू गराउनमा प्रयोग गरिन्थ्यो । अर्को थरि दासहरूलाई भने कुस्ती खेलेर दासमालिकहरूलाई मनोरञ्जन प्रदान गर्ने काममा प्रयोगमा ल्याइन्थ्यो । यसका लागि तगडा र फुर्तिला दासहरू छानिन्थे र उनीहरूलाई एक-आपसमा लड्न र हतियार चलाउन सिकाइन्थ्यो । यस्ता किसिमका दासहरूलाई ग्लेडियेटर भनिन्थ्यो ।

यिनीहरूलाई विशेष पर्व र अवसरहरूमा विशाल भीडका सामुन्ने लडाइन्थ्यो । हारेको ग्लेडियेटरको जीवन-मरणको



कष्टप्रद र अनिश्चित थियो ।

स्पार्टाकस पनि यस्तै ग्लेडियेटरमध्येकै एक दास थिए । उनलाई बाल्कनबाट ल्याएर कापुआ नगरको ग्लेडियेटर जेल प्रशिक्षणालयमा राखिएको थियो । उनी निकै तगडा, बहादुर र समझदार थिए ।

७४ इशापूर्वमा त्यहाँका दासहरूले दासस्वामीहरूका विरुद्ध विद्रोह गर्ने योजना गरे । तर त्यहाँका गार्डहरूले सो योजना थाहा पाएकोले केही विद्रोहीहरू जेलबाट भागेर विसुवियस पहाडमा गएर बसे । ती भागेका विद्रोहीहरूले स्पार्टाकसलाई आफ्नो नेता चुने ।

उनीहरूसंग केवल भान्छामा प्रयोग गर्ने चक्कू र भालाहरू मात्र थिए । यति साधारण हतियारको आधारमा उनीहरूले दासस्वामीहरूका बस्तीहरूमा र बाटोमा आइरहेका गाडाहरूमाथि आक्रमण गर्न थाले । यसबाट उनीहरू शत्रुहरूबाट थुप्रै हतियारहरू हात पार्न सफल भए ।

उनीहरूको यो विद्रोहबाट प्रभावित भएर अरू पनि थुप्रै बस्तीहरूबाट दासहरू ती विद्रोहीहरूको दलमा सामेल हुन थाले ।

यो विद्रोह दबाउन तीन हजार रोमन सेनाहरूले विद्रोहीहरू बसेको पहाडमा घेरा हाले र उनीहरू पहाडबाट तल झर्ने एउटै मात्र बाटोमा धर्ना दिएर बसे । उनीहरूले आशा गरेका थिए कि- या त ती विद्रोहीहरू भोकले मर्नेछन्, या उनीहरूले आत्मसमर्पण गर्नेछन् । तर त्यसो भएन । विद्रोहीहरू विरूवाका लहराहरूबाट भऱ्यांग बनाएर रातारात पहाडबाट तल उत्रन सफल भए । रोमन सेनाहरू हेऱ्याहेऱ्यै भए ।

यो खबर सर्वत्र फैलियो । दास मालिकहरूको मुटुमा ढ्यांगो ठोकिन थाल्यो । इटालीका कैयौं दासहरू त्यस विद्रोही दलमा सामेल हुन आउनथाले । स्पार्टाकसको नेतृत्वमा हजारौंहजार दासहरू संगठित हुनथाले । स्पार्टाकसले रोमन सेनाकै नमूना अनुसार, पैदल सेना,

> स्पार्टाकसको दास विद्रोह दबाउन तीन हजार रोमन सेनाहरूले विद्रोहीहरू बसेको पहाडमा घेरा हाले

घोडचढी सेनाहरू र गुप्तचरहरूको टोली निर्माण गर्न शुरूगरे । दिन्नरात हातहतियार बनाउन थालियो । आफ्नो नेतृत्वमा रहेका दासहरू आ-आफ्नो देशमा फर्काउने उद्देश्यले आफूसंग भएको सैनिक बलको आधारमा बाटोमा भेटेका रोमन सैनिकहरूलाई संहार गर्दै स्पार्टाकस उत्तरतिर हानिए । उनीहरू इटाली पार गरेर पो नदीको घाँटीसम्म पुग्न पनि सफल भए ।

तर दासहरूले इटाली छोडेर जान चाहेनन् । त्यसैले स्पार्टाकसलाई इटालीमै फर्कनु पऱ्यो ।

यो खबर सर्वत्र फैलियो । रोमन दासस्वामीहरूले आपसमा एकत्रित गरेर हतार-हतार ठूलो फौज तयार गरे । कति दासस्वामीहरू त आफैं लड्न पनि तयार भए । क्रेसस नाम गरेका एकजना धनी व्यक्तिलाई सेनानायक नियुक्त गरियो । स्पेन र बाल्कनमा भएका रोमन सेनाहरूलाई पनि फिर्ता बोलाइयो ।

स्पार्टाकससंग त्यति धेरै सैनिक शक्ति थिएन, जसले रोमलाई नाकाबन्दी गर्न सकियोस् । त्यसैले उनी इटली पार गरेर सिसली पुग्न चाहन्थे र त्यहाँका दासहरूलाई पनि विद्रोहमा संगठित गर्न चाहन्थे । त्यसैले उनी आफ्ना सेनाहरू लिएर दक्षिण इटालीतिर लागे । क्रेससको सेनाले उनलाई इटाली जान नदिनको लागि बीचैमा रोक्न खोज्यो । तर

> "स्पार्टाकस दासहरुको महानतम विद्रोहका महानतम नेताहरुमध्ये एक थिए ।"

विद्रोही सेनाहरूका अगाडि त्यस सेनाको केही जोड चल्न सकेन । उनीहरू दास सेनाहरूको अघिल्तिर पुग्ने बित्तिकै भागाभाग हुन्थे । त्यसैले क्रेससले आफ्नो सेनामा अनुशासन कायम गर्न अनेकौं प्रयत्न गरेको थियो । यतिसम्म कि- भाग्ने सेनाहरूलाई मृत्युदण्ड समेत दिन थालियो ।

यसरी स्पार्टाकस क्रेससका सेनाहरूसंग लड्दै इटालीको दक्षिण पश्चिम सागरको अन्तद्वीपसम्म पुगे । त्यहाँबाट सागर पार गरेर सजिलै सिसली पुग्न सकिन्थ्यो । जलदस्यूहरूले पैसा लिएर सागर पार गराइदिने बचन पनि दिइसकेका थिए । तर पछि उनीहरूले धोका दिएकाले विद्रोहीहरू आफैंले डुंगा बनाएर सागर पार गर्न खोजे । तर त्यत्तिनै बेला एकाएक हूरी चलेकोले यो पनि सम्भव भएन ।

यो खबरले क्रेससका सेनामा हौसला बढ्यो । तर पनि उनीहरूले विद्रोही सेनाहरूमाथि सोझै हमला गर्ने आँट भने गरेनन् । उनीहरूले विद्रोहीहरू बसेका ठाउँबाट बाहिर निक्लने एउटै मात्र स्थलमार्ग बन्द गर्नको लागि त्यसबाटोमा ठूला ठूला खाल्डाहरू खनेर पर्खाल लगाइदिए । विद्रोहीहरू चारैतिरबाट घेरिए । त्यहाँ भोकमरी फैलिनथाल्यो । यस्तो विकट स्थितिमा स्पार्टाकसले आफ्ना सहयात्री विद्रोहीहरूका सामु 'भोकै मर्नुभन्दा लडेर मर्नु उचित' भन्ने आव्हान गरे ।

यो आव्हानका फलस्वरूप, एक रात विद्रोहीहरू परखाल भत्काउँदै खाडल पार गरेर बाहिर निस्कन सफल भएं । यसो गर्ने क्रममा त्यहाँ दासहरूको केही हिस्सा स्पार्टाकसबाट अलगियो । यसैबेला, बाल्कन र स्पेनबाट फर्केका सेनाहरू पनि इटाली पुग्न लागेका थिए ।

स्पार्टाकसले ती सेनाहरूलाई मिल्न नदिनका लागि क्रेससको सेनामाथि आक्रमण गरे । उनी क्रेससलाई मारेर रोमन सेनाहरूलाई नेतृत्वविहीन बनाउन चाहन्थे । उनको प्रयासबाट दुईजना रोमन सेनानीहरू पनि मारिए । तर स्पार्टाकसको तिघ्रामा चोट लागेकोले उनी त्यति बलियोसंग लड्न सकेनन् । त्यति हुँदाहुँदै पनि एउटा खुट्टाले टेकेरै भए पनि उनी लडिरहे । उनका विद्रोही दास सेनाहरूले पनि निकै बहादुरी देखाए । तर पनि विशाल संख्याको रोमन सेनाहरूसंग विद्रोही दासहरूको केही जोड चल्न सकेन । अधिकांश दासहरू त्यस युद्धमा मारिए । बाँकी भएकाहरू समातिए । करीब ६ हजार दासहरूलाई क्रसमा झुण्ड्याइयो र उनीहरू घाममै सुकेर मरे । स्पार्टाकसलाई भने कहीं फेला पार्न सकिएन । युद्धमा उनको शरीर टुक्रा-टुक्रा भएर युद्धभूमिमै हरायो ।

यसरी दासहरूको विद्रोह सफल त हुन सकेन । तर पनि यो विद्रोह यति शक्तिशाली विद्रोह भइदियो कि- यसलाई दबाउन रोमनजस्तो निकै शक्तिशाली साम्राज्यलाई समेत ठूलो कठिनाईको सामना गर्नुपर्‍यो । वास्तवमा भन्ने हो भने, यो विद्रोह उत्पीडित वर्ग र दासहरूको लागि उत्पीडक र दासस्वामीहरूका विरूद्ध लड्ने एउटा ठूलो र महत्वपूर्ण प्रेरणादायी विद्रोह साबित भयो ।

क. लेनिनले समेत यस विद्रोहको धेरै सह्राहना गर्नुभएको छ । उहाँले भन्नुभएको छ- "स्पार्टाकस दासहरूको महानतम विद्रोहका महानतम नेताहरूमध्ये एक थिए ।"

❑ मुक्ता श्रेष्ठ



# मोतीदेवी श्रेष्ठसंगको ताजा अन्तर्वार्ता

◆ अहिले तपाईको स्वास्थ्य कस्तो छ ?

-खै, कस्तो छ भनूँ ? जीउभरि दुखिरहेको छ । दायाँ हात त्यति चलाउन सक्दिनँ र दुख्छ पनि । उठेर यताउति जान सक्दिनँ । दिनभरि खाटमै पल्टिरहन्छु ।

खै, मलाई काल पनि आउँदैन । अहिले त जाने बेला पनि भइसक्यो । यो दुःख खपेर म कति बाँचिरहूँ ?

◆ खानपीन र उपचारको व्यवस्था कसरी भइरहेछ ?

-मेरो आफ्नै केही पैसा बैंकमा जम्मा गरिराखेको छु । त्यसैबाट चाहिएको बेला अलि अलि निकालेर खाइरहेको छु ।

◆ सरकारबाट मासिक भत्ता पाइरहनु भएको छ, होइन र ?

-हो ।

◆ मासिक भत्ता कति पाउनु हुन्छ ?

- ३ हजार रुपियाँ ।

◆ सरकारले घरैमा पैसा पठाउँछ ?

-होइन । ऊ... त्यो बाबु र म अफिसमा गएर लिन जान्छौं । (सहयोगको लागि विगत एक वर्षदेखि त्यहाँ बस्दै गरेका युवकलाई देखाउँदै)

◆ पार्टीले पनि पैसा दिइरहेको छ, भनिन्छ, हो ?

-होइन । कसले दिन्छ र ? कसैले पनि दिएको छैन । (अलि रिसाएर)

मैले काम गर्न सक्दासम्म पो पार्टीका मान्छेहरु यो काम गर, त्यो काम गर भनेर काम अह्राउन आए त । तर अहिले म अशक्त हुँदा कोही पनि आउँदैन । मलाई कसैले पनि वास्ता गरेन । मलाई धेरै दुःख भएको छ । (आँखाबाट आँसु खसालेर रुँदै)

◆ एकछिन अब हामी पहिलेको कुरा गरौं । राणाकालीन समयमा राणाहरूका विरूद्ध तपाई कसरी लाग्नु भयो ? र, के के गर्नुभयो ?

- १३ वर्षको उमेरमा मेरा बा-आमाले मलाई सौतामाथि विवाह गरिदिए । मलाई त्यहाँ धेरै दुःख भयो र त्यहाँ बस्न नसकी पछि म माइतमा बस्न आएँ । माइतमा मेरा दाजुभाइ कोही थिएन ।

त्यही बेला मेरो घरमा गंगालाल (हलुवाई), नरबहादुर र अन्य थुप्रै मानिसहरु आउँथे । उनीहरुले राणाविरोधी कामहरु गुप्त रुपमा गर्दैथिए । मेरै घरमा गुप्त रुपमा उनीहरुका कुराकानीहरु चल्थे । मैले तिनीहरुलाई भूमिगत हुन सघाइदिन्थे । भएको बेलामा भातसात पनि पकाएर खुवाउँथे । तर, मसंग केही नहुँदा उनीहरु आफैं पनि खाने व्यवस्था मिलाउँथे ।

> १३ वर्षको उमेरमा मेरा बा-आमाले मलाई सौतामाथि विवाह गरिदिए

◆ तपाई कम्युनिष्ट पार्टीमा कसरी लाग्नु भयो त ?

-मोहन शमशेरको पालामा भूमिगत रुपमा राणाविरोधी काम भइरहेको थियो । तर, राणाहरुले निकै दमन गर्न थाले । त्यसैले धेरै नेताहरु भागेर भारतमा गए ।

पुष्पलालहरु भागेर कलकत्तामा पुगे । गंगालाल श्रेष्ठ (हलुवाई) र म यहीं बसिरहेका थियौं । तर, हामी पनि पछि भाग्न बाध्य भयौं । त्यसैले गंगालाल र म १५ दिनसम्म हिंडेर कलकत्ता पुग्यौं । त्यहाँ हामीले पुष्पलाललाई भेट्यौं ।

त्यतिबेला पुष्पलालले मलाई कमिटीमै बसेर काम गर्न सुझाव दिए । तर, घर गृहस्थीमा बस्नुपर्ने सम्भ्की कमिटीमा म बसिनँ ।

◆ तपाईले कलकत्तामा के के काम गर्नुभयो त ?

-त्यहाँ पुष्पलाल र नरबहादुरहरुले नेकपा स्थापना गरे । मैले पार्टी र आन्दोलनलाई सक्दो सहयोग गर्ने विचार राखें ।

हामीलाई त्यतिबेला कलकत्तामा

# म काम गर्न सक्दिनँ, किन उनीहरु मलाई भेट्न आउँछन् र ?

**क.** मोतीदेवी श्रेष्ठ, नेपाल कम्युनिष्ट पार्टीसंग जोडिएको एक नाम हो । अर्थात् वहाँ नेपाल कम्युनिष्ट पार्टीको स्थापना कालदेखि नै कम्युनिष्ट आन्दोलनमा सरिक हुनुहुने एउटी महिला योद्धा हुनुहुन्छ । ८४ वर्ष पुग्नुभएकी उहाँ बृद्धावस्था तथा बिमारीको कारणले हाल हिंड्डूल गर्न नसक्ने गरी अशक्त हुनुहुन्छ ।

उहाँले नेपाल कम्युनिष्ट पार्टीको स्थापना हुनुभन्दा पहिलेदेखि नै राणाविरोधी आन्दोलनमा सरिक भई आफ्नो राजनीतिक जीवन शुरु गर्नुभएको थियो । नेकपाका संस्थापक सदस्य क. नरबहादुर कर्माचार्यको प्रेरणाबाट राजनीतिक जीवन शुरु गरेको बताउनुहुने वहाँले राणाशासनको अन्त्यका लागि भएका थुप्रै संघर्षहरुमा सक्रियताका साथ भाग लिनुभएको थियो ।

आन्दोलनका नेताहरुलाई भूमिगत हुन घर र खानपीनको बन्दोवस्त गर्ने, पर्चा-पोष्टर छर्ने र टाँस्ने, जुलूसमा जाने, प्रकाशनहरु गुप्त रुपले वितरण गर्ने र चिठ्ठी पत्रहरु ठाउँ-ठाउँमा पुऱ्याउने काम नै मुख्य रुपमा गरेको बताउनुहुने क. मोतीदेवी श्रेष्ठ २००७ सालको परिवर्तनपछि भने राजनीतिमा त्यति सक्रिय हुनसक्नु भएन । तर, आफू अशक्त हुनु अगाडिसम्म पनि कम्युनिष्टहरुको नजीक रहँदै आफूले सकेको काममा सघाउँदै आएको उहाँ बताउनुहुन्छ ।

क. मोतीदेवी श्रेष्ठले कदरस्वरुप अखिल नेपाल महिला संघको तेस्रो राष्ट्रिय सम्मेलन आयोजक समितिका तर्फबाट अभिनन्दन-पत्र र पुराना राजनैतिक कार्यकर्ता सम्मान गूठीको तर्फबाट सम्मान-पत्र प्राप्त गर्नुभएको छ । तर, सम्मान र कदरका प्रमाणपत्रहरु उपलब्ध गराए पनि अहिलेको यस्तो बृद्ध र अशक्त अवस्थामा कसैले पनि साहारा नदिएको गुनासो उहाँ बडो मार्मिक ढंगले पोख्नुहुन्छ ।

विगत करीब तीन दशकदेखि ललितपुर मानभवनमा ऐलानी जग्गामा एक सानो छाप्रो बनाई बसोबास गर्दै आउनुभएकी क. मोतीदेवीले आफ्ना दुवै सन्तानहरु कुनै पनि जिउँदो नभएकाले बृद्धावस्थामा साह्रै दुःख पाएको कुरा उल्लेख गर्दै यस्तो अवस्थामा पनि राजनीतिक पार्टीहरु कुनैले पनि कुनै वास्ता नगरेको कुरा रोई-रोई बताउनुहुन्छ ।

हाल विगत डेढ वर्ष यतादेखि वहाँलाई धादिङ्गका नरबहादुर गुरुङ्ग र उहाँकी पत्नी कुमारी गुरुङ्गले हेरचाह गरिरहनुभएको छ ।

प्रस्तुत छ- यहाँ क. मोतीदेवी श्रेष्ठसंग मूल्याङ्कनले हालै गरेको कुराकानी ।

... पार्टीले तालिम दिएको थियो । तालिममा पुष्पलाल र दार्जिलिङ्गका माइला बाजेका साथमा अरुहरु पनि आएका थिए ।

◆ तालिममा के के कुराहरू सिकाइएको थियो त ?

-पार्टी चलाउने तरीकाहरु, कमिटी चलाउने तरीकाहरु सिकाइएको थियो । सबै मैले कापीमा लेखिराखेको थिएँ । तर, के गर्ने ? पछि त्यो कापी नै चोरी भयो ?

◆ कसले चोऱ्यो त ?

-पुष्पलालको भाइले ।

◆ उसको नाम के हो ?

-त्यो म भन्दिनँ । त्यस्तो कुरा खोल्नु हुँदैन ।

◆ कलकत्तामा कति बस्नु भयो त ?

-त्यहाँ म त्यति बसिनँ । केही समयपछि नै नेपाल फर्कें । नेपाल फर्कने क्रममा मैले रक्सौल आई केही समयसम्म 'नेपाल पुकार' पत्रिका बाटो बाटोमा कराएर बेच्ने काम गरें ।

◆ नेपाल फर्कंदा पर्चा, किताब पनि ल्याउँने काम पनि गर्नु भयो ?

-गरें । 'नेपाल पुकार' पत्रिका र अन्य राणाविरोधी पर्चाहरु ल्याएको थिएँ ।

◆ कसरी ल्याउनु भयो त ? पुलिसले खानतलासी लिएन ?

-किताब, पर्चा सबैलाई भित्री लुगामा लुकाई ल्याएँ ।

महिला पुलिसहरुले मेरो शरीरमा खानतलासी त लिएका थिए, तर उनीहरुले केही भेट्टाउन सकेनन् ।

◆ नेपाल फर्केपछि कसरी काम गर्नुभयो त ?

-नेपाल फर्केपछि मैले भूमिगत रुपमा काम गरें ।

खासगरीकन त्यतिबेला पार्टीका मानिसहरुलाई भूमिगत राख्ने, जुलूसमा जाने, पोष्टरिङ्ग गर्ने आदि काम मैले गरें ।

◆ जुलूसमा जाँदा तपाईलाई राणाहरूले पक्रेनन् ?

-जुलूसमा जाँदा म बचेर नै आउँथें । पोष्टर, टाँस्न पनि म बिहान सबेरै जान्थें । कसैले नदेख्ने गरी म काम गर्थे । मैले पुलिस थानाको पर्खालमा समेत त कसैले नदेख्ने गरी पोष्टर टाँस्ने काम गरें ।

◆ नेपाल फर्केपछि कति समयसम्म भूमिगत बसी काम गर्नुभयो त ?

-६ महिनासम्म । ६ महिनापछि त राणाहरु खत्तम नै भए नि ।

◆ तपाई महिला संगठनमा रहेर पनि काम गर्नु हुन्थ्यो क्यारे !

-महिला संगठनमा त्यसको स्थापना कालमै मैले काम गरेको थिएँ । तर, एक वर्ष काम गरी छोडिदिएँ ।

◆ कम्युनिष्ट पार्टीमा तपाईको सक्रियता कहिलेसम्म कायम रह्यो ?

-२००७ सालपछि म त्यति सक्रिय हुन सकिनँ । घरमा कपडा बुन्ने काम गरेर गुजारा चलाएर बसिरहें । तर, म पार्टीमा त सँधै नै रहिरहेको छु ।

◆ तपाईलाई शुरूमा राजनीतिक संपर्क गर्ने गंगालाल त बितिहाले । बाँकी रहेंका, नरबहादुर कर्माचार्यले त त्यो सम्पर्क कायमै राखेका होलान् नि ! हैन ?

-अहँ । पार्टी फुटेपछि उहाँ अर्कै पार्टीमा रहनु भयो र म पुष्पलालसंगको पार्टीमा रही बसें । खासै सम्पर्क भएन ।

◆ एकछिन अब अहिलेको कुरा गरौं । तपाईलाई अहिलेको व्यवस्था कस्तो लाग्छ ?

-पहिलेको भन्दा राम्रै छ नि । छैन र ? पहिले मानिसहरुले बोल्न पाउँदैनथें, मनपर्ने काम गर्न पाउँदैनथें । तर, अहिले यी सबै गर्न पाइन्छ ।

◆ अहिले कम्युनिष्टहरूले गरिरहेको काम चित्त बुझ्छ कि बुझ्दैन ?

-मैले उनीहरुको विषयमा वास्ता नै गरेको छैन ।

◆ उनीहरू कसैले पनि तपाईलाई भेट्न आउँदैनन् ?

-कहिलेकाहिं एक दुई जना आउँथे । मैले काम गर्न सके पो आउँथे ! अहिले म काम गर्न सक्दिनँ । काम गर्न नसक्ने मान्छेसंग उनीहरु किन भेट्न आउँछन् र ?

❑

प्रेरक प्रसंग

## आफ्नो बत्ती आफैं बनौं

**गौ**तम बुद्ध मृत्युशैयामा थिए । उनका शिष्य आनन्द नजीकै बसेर उनको सेवा गरिरहेका थिए । त्यही बेला भद्रक नामका एक जना अर्का शिष्य रूँदै त्यहाँ आए । उनी रोएको आवाज बुद्धको कानमा पर्ने बित्तिकै बुद्धले आनन्दसंग सोधे- "आनन्द ! को रोइरहेको ?"

आनन्दले जवाफ दिए- "भन्ते, भद्रक तपाईको अन्तिम दर्शन गर्न आएको छ ।"

बुद्धले तुरुन्तै उनलाई बोलाउन पठाए । भद्रक आएर आउने बित्तिकै बुद्धको खुट्टामा छाँद हाल्नपुगे र जोडले रून थाले ।

बुद्धले स्नेहपूर्वक उनलाई रूनुको कारण सोधे ।

"भन्ते, तपाई हामासामु नहुनुभएपछि हामीलाई कसले प्रकाश देखाउँछ ?" -भद्रकले रूवाई बन्द गर्दै आफ्नो मुख खोले ।

बुद्धले स्नेहपूर्वक भद्रकको टाउकोमाथि हात राखेर उपदेश दिए- "भद्रक ! प्रकाश तिमीभित्रै छ, यसलाई बाहिर खोज्नुपर्ने आवश्यकता नै छैन । जो अज्ञानी छ, उसले मात्रै यसलाई देवस्थलहरूमा, गुफाहरूमा, तीर्थस्थलहरू आदिमा भौतारिंदै खोज्ने चेष्टा गर्छ र ऊ अन्त्यमा निराश हुन्छ । यसको विपरीत मन, वचन र कर्मले एकनिष्ट भएर साधनामा लाग्ने मानिसहरूको अन्तःस्करण स्वयं प्रकाशमय हुन्छ ।"

-'अप्प दीपो भव' (आफ्नो बत्ती आफैं बन)

यही नै गौतम बुद्धको अन्तिम सन्देश थियो । यसैको प्रचार प्रसारका लागि भद्रकले आफ्नो सम्पूर्ण जीवन उत्सर्ग गरे ।

❑ नवीन शाक्य

# एउटा बिर्सन नहुने साहित्यिक आन्दोलन 'थाहा'

कविताराम श्रेष्ठ

एक समय "थाहा"ले निक्कै नै झ्याली पिट्यो । घरका भित्ता, सडकका पर्खाल, रूख, गाडी, पीच, "थाहै" "थाहा" ले भरिए । चासो लिने सबैजसोलाई थाहा थियो- यो तत्कालीन राष्ट्रिय पंचायतका सदस्य रूपचन्द्र बिष्टको "थाहा" थियो ।

विशेष कविता र पर्चा साहित्यमा "थाहा"को जगजगी इतिहासले देखेको छ । 'विमर्श'मा प्रकाशित विष्टका "थाहा"मयी कविता "होशियार"का लागि उनले पंचायती कालमा जेल पनि पर्नु पऱ्यो । यतिसम्म कि- त्यो छाप्ने पत्रिका (विमर्श) समेतलाई बन्देज लाइयो । त्यसका सम्पादक प्रकाशकहरूमाथि पनि राजनैतिक मुद्दा लगाई कार्यवाही भयो । "थाहा"ले राजनैतिक क्षेत्रमा आफ्नो खुट्टा टेकेको देखाए तापनि पर्चा आदिमा कविताको विधा यसको माध्यम रहेको स्पष्ट थियो । अतः तत्कालीन कुनै पनि साहित्यिक कार्यक्रम वा अभियानको भन्दा यसको बजार निकै नै माथि थियो र यसले जनता तथा सत्ताको ध्यान उल्लेखनीय ढंगमा आकर्षित गरेको थियो । तर यो चाहिं भन्नै पर्ने हुन्छ कि- यत्रो बजार लिंदालिदै पनि यस अभियानले "थाहा" सम्बन्धी कुनै स्पष्ट औपचारिक वा अनौपचारिक परिभाषा कहीं पनि व्यवस्थित ढंगले दिएको पाइएको छैन । कमसेकम, मैले पाएको छैन ।

रूपचन्द्र विष्टका भाषण, कविता वा पर्चाहरूका प्रयुक्तिहरूबाट यो भन्न खोजिएको पाइन्छ कि- मान्छे भन्ने चेतनशील जातिमा ज्ञान अर्थात् "थाहा" को ठूलो महत्व छ । "थाहा"ले नै मान्छेलाई अरू प्राणीहरूको कोटीबाट माथि उठाएको छ ।


बिष्टका यस्ता सबै प्रयोगहरू राजनैतिक परिप्रेक्ष्यमा समाहित देखिन्छन्, जो जनपक्षीय, बस्तुनिष्ठ र भौतिकवादी छन् ।

आफ्ना गाउँठाउँ र जिल्लामा बिष्ट त्यसताका (०४६ अघि) निकै प्रतिष्ठित र मान्य नेता थिए र जनताकै मतबाट राष्ट्रिय पंचायतका चुनावहरूमा बारम्बार विजयी पनि हुने गरेका थिए । "थाहा" उनका समर्थकहरूको अभिष्ट अभियान थियो । उनीहरूले नै घर, भित्ता, सडक, पुल, सार्वजनिक स्थलहरूमा आकर्षक ढंगमा "थाहा" शब्द लेख्ने, छाप्ने र कुँद्ने गर्दथे । यतिसम्म कि- उनीहरूकै आफ्ना लुगाहरूमा समेत "थाहा" छाप्ने गर्दथे । कतै-कतै त छपाइको शुल्क लिने र दिने गरेको पनि पाइन्थ्यो ।

एकपल्ट उनको मकवानपुर जिल्लाको कुनै गाउँमा पुगेको बेलामा मैले एउटा अधवैंशे कृषकलाई बाटोको भित्तामा आफ्नो हँसियाले "थाहा" खोप्दै गरेको पाएँ र उनलाई सोधेको थिएँ- यो "थाहा" भनेको के हो ?

ती व्यक्तिले पहिले त जिस्काएको पो हो कि ?- भनेर बुझ्न खोजेका थिए । जिस्काउने नियत हैन भन्ने पक्का भएपछि उनले मलाई उल्टै सोधेका थिए-

> यत्रो बजार लिंदालिदै पनि यस अभियानले "थाहा" सम्बन्धी कुनै स्पष्ट औपचारिक वा अनौपचारिक परिभाषा कहीं पनि व्यवस्थित ढंगले दिएको पाइएको छैन



रूपचन्द्र विष्ट

> तपाईलाई यो "थाहा" भनेको के हो, साँच्चै नै थाहा छैन ?

तपाईलाई यो "थाहा" भनेको के हो साँच्चै नै थाहा छैन ?

मेरो नितान्त इमान्दार उत्तर थियो- हो, थाहा नभएर नै सोधेको हुँ ।

उनले सरल भाषामा मलाई भनेका थिए- हामीले हरेक कुराको बारेमा थाहा पाउनपर्छ, हामीलाई चासो हुनुपर्छ भनेको हो ।

एउटा सोझो हिसाबले मान्छेले सरल भाषामा मेरो अज्ञानतामा प्रश्न उठाएको थियो- तपाईलाई यो "थाहा" भनेको के हो, साँच्चै नै थाहा छैन ?

उनको प्रश्नमा अवश्यै एउटा आश्चर्य प्रकट थियो- कसरी संभव हुन्छ कि- साधारण जनताहरूको माझमा यत्रो डंका पिट्ने अभियानको एक मात्र शब्द "थाहा"बारे एउटा चश्मासश्मा भिरेको शहरिया शिक्षित देखिने मान्छेलाई थाहा छैन । जबकि- यस शब्दले रंगिएको ठाउँ त शहर नै हो । सत्ता समेत यस शब्दले तर्सिएको छ र जनतामा चेतनाको उभार यसले ल्याएको छ । के यो संभव हुन सक्छ कि- अनुहारमा विद्वताको चश्मा लगाएर गाउँहुदी विज्ञापन गर्दै हिंड्ने व्यक्तिमा "थाहा"बारे केही थाहै छैन । उनका सहज प्रश्नले मलाई साँच्चै नै लज्जित तुल्याएको थियो ।

नजिकैको चिया पसलमा हामी सँगै बस्यौं र चिया खायौं । ती सरल व्यक्तिले मलाई सरल ढंगमा जिल्लाभरि बिष्टका जनपक्षीय काम, व्यवहारहरूबारे धेरै भने । उनका हरेक अभिव्यक्ति विष्टप्रति सम्मानपूर्ण सुनिन्थे । बिष्टप्रति निक्कै विश्वास भएको बुझिन्थ्यो । उनले मलाई बुझाए कि- देशमा के भइरहेछ भन्ने बारेमा बिष्टबाटै जनताहरूले थाहा पाउँथे र जनताका कुरा बिष्टले राजालाई थाहा दिने गर्थे । स्पष्ट थियो- बिष्टका जिल्लाका ज्यादातर जनता उनलाई शहरीयाहरूले झैं 'सन्की' मान्दैनथे । बरू "थाहा"का एउटा माध्यम भनी सम्मान दिन्थे ।

स्पष्ट सैद्धान्तिक परिभाषा नदिई यत्रतत्र "थाहै-थाहा" लेखेर वा लेखाएर हिंड्ने गर्नाले राजधानीतिर, विशेष गरी, कम अध्ययनशील शिक्षित तथा अर्धशिक्षित जमातले बिष्टलाई एउटा 'सन्की मान्छे'को रूपमा चिन्ने गर्दथे र उनका नाम र कृतिहरूलाई हँस्सी मजाकमा लिने गर्दथे । केही गंभीर व्यक्तिहरूले भने बिष्टलाई उनका जनपक्षीय वकालत, वस्तुनिष्ट रूझान र विद्रोहका कारण मार्क्सवादी जननेताको रूपमा लिने गर्दथे । यस्ता ब्यक्तिहरूले पनि यस अभियानलाई गंभीर रूपमा लिने गरेका भने थिएनन् । एक किसिमको 'मार्क्सवादी सनक'को रूपमा लिने गरेका बुझिन्थे ।

यसरी यो अभियान मुख्यतः एउटा व्यक्तिगत सनक वा उच्छृंखलता जस्तो मात्र देखिनगयो । अर्थात् अध्ययनशील बुद्धिजीवीहरू समेत यस प्रकारका सोचाइबाट प्रभावित नभई रहन सकेनन् र बिष्टको अभियान "थाहा"को कसैबाट गम्भीरतापूर्वक मूल्यांकन भएन ।

मलाई भने यसले निकै खट्काइरहेका थियो । "थाहा"बारे कोही न कोही विद्वानबाट केही न केही खाँचो भएको जाहेर हुनुपर्दथ्यो तर त्यो गंभीरतापूर्वक कसैबाट पनि हुँदैभएन । म त्यति जानिफकार मान्छे त होइन र पनि म उनका "थाहा"भित्र उल्लेखनीय पक्षहरू समाहित भएको देख्दथें । यसले केही भन्न खोजिरहेको थियो, प्रस्तुत रूपमा केही गर्दै थियो । मन्चमा भाषण गरिहिंड्ने नेताहरू र गोष्ठीहरूमा विद्वता छाँट्ने साहित्यिकहरूको तुलनामा उनको अभिव्यक्ति-शैली फरक थियो । नितान्त फरक थियो, आकर्षक थियो र अनौठो थियो । उनले भन्नै खोजिरहेको कुरामा पनि उनका दार्शनिक आधारहरू थिए । यिनले खोजिरहेका थिए कि- कुनै पनि द्वन्दको स्थितिमा आउन प्रतिव्दन्दीलाई यथास्थितिको ज्ञान हुनु आवश्यक छ र त्यसमा ऊ प्रवृत्त हुनुपर्छ । त्यस्तै प्रतिद्वन्दीको प्रतिवादलाई बुझ्न यथास्थितिवादीलाई पनि आफ्नो प्रतिद्वन्दीको स्थिति र प्रतिवादको गहनताको ज्ञान हुनुपर्दछ । अर्थात् दुवै स्थितिमा ज्ञानको आवश्यकता हुन्छ । त्यो ज्ञानलाई नै बिष्टले "थाहा" भनिरहेका थिए ।

वाद र प्रतिवाद बीचको द्वन्दबाट "थाहा"युक्त सम्वादको उत्पत्ति हुन्छ । "थाहा"युक्त सम्वदले संचारको स्थिति कायम गर्छ । सबै "थाहा"युक्त सम्वादले परिष्कारको बाटो खोल्छ । अर्थात् विकासको बाटो बनाउँदछ । अर्थात्, वादमा प्रतिवाद गर्न ज्ञानको आवश्यकता हुन्छ अर्थात् "थाहा"को । पूर्व स्थापित "थाहा"को प्रतिवादमा आउने अर्को "थाहा"ले विकसित रूपको "थाहा"को श्रृजना गर्दछ । मैले "थाहा"को मर्मलाई यसरी बुझेको छु ।

मार्क्सको सिद्धान्तमा वस्तुनिष्ठ ज्ञानले प्रमुख चुरोको रूपमा ठाउँ ओगटेको छ । क्रान्तिको स्थिति समेतमा ज्ञानले ठूलो भूमिका खेल्ने कुरा मार्क्सले स्पष्ट गरेका छन् । उनले भनेका छन्- जब जीवन धान्ने भौतिक स्रोत र साधनहरू दलाहा, मिचाहा, शोषकहरूका एकाधिकारमा रहनजान्छन्, तब भोकानांगा दलित वर्गमा वर्गचेतना (Class Conciousness) उत्पन्न हुनलाग्छ । त्यस वर्गचेतना नै ज्ञान हो अर्थात् "थाहा" ।

**रुपचन्द्र विष्टको 'थाहा' अभियानको गंभीर मूल्यांकन नै भएन !**

मान्छे एउटा प्राणी भएको नाताले उसको प्रथम समस्या बाच्नसंग सम्बद्ध छ र उसलाई सबै स्रोत र साधनहरूको थाहा हुनु जरूरी हुन्छ । त्यस्तै सामाजिक प्राणी भएको नाताले समाजका सबै संगति र विसंगतिहरूबारे उसलाई थाहा हुन जरूरी हुन्छ । यही थाहा लिने प्रकृयाले मान्छेमा वस्तुनिष्ठ चिन्तनको प्रकृया शुरू हुन्छ । जति मान्छे चिन्तनमा अनुरक्त हुन्छ, त्यति उसमा वस्तुनिष्ठ ज्ञान बढ्दछ । अर्थात् उसलाई बस्तुस्थितिको बारेमा थाहा हुन लाग्दछ ।

ज्ञानको कुनै पराकाष्ठा छैन । पूर्ववत ज्ञान र नयाँ वैषयिक अवलोकनहरूलाई प्रतिवादसंग मथेर मान्छेले नयाँ नयाँ ज्ञान हासिल गर्दछ । अर्थात् नयाँ "थाहा"हरू बटुल्दछ ।

यसै थाहाको अभियान बिष्टले शुरू गरेका हुन् । देशमा तानाशाही सामन्त पूँजीवादको पराकाष्ठाबाट वाक्किएका चेतनशील रूपचन्द्र बिष्ट वर्ग-चेतनाका लागि वस्तुनष्ठि "थाहा" लिएर अगाडि सरेका हुन् । यंसरी धेरै मानेमा "थाहा"लाई मार्क्सको सिद्धान्तसंग मिलान गरेर हेर्न सकिन्छ ।

बिष्टले भने स्पष्ट रूपमा कहीं कतै पनि "थाहा"लाई मार्क्ससंग जोडेको पाइएको छैन (मेरो खोजीमा कमी हुन सक्छ) ।

निश्चय नै यसरी दाँज्न केही अप्ठ्यारो पनि छ नै । मैले कहींकतै बिष्टसंग भेट भएमा सोध्ने विचार समेत राखेको थिएँ, तर मैले तेत्रो फुर्सद कहिल्यै निकालिनँ । अनि त्यत्तिकै दिन बित्यो । त्यत्तिकैमा छ्यालीस साल आयो र यसले देशमा परिवर्तनहरू ल्यायो । उनलाई पछि भेट्ने कार्यक्रम बनाउन नसक्ने स्थितिमा पुगियो । किनकि, उनी बिघटित व्यवस्थाका केही आततायी, कर्णाधारहरूका सम्पर्कमा रहेका चर्चाहरू सुन्नमा आयो । परिवर्तित स्थितिमा पूर्ववत आततायीहरूसंगको साँठगाँठ भएको कारणले उनी अहिले विवादास्पद छन् । उनका जनमुखी पार्टी र कार्यकर्ताहरू उनकै निर्देशनमा संयुक्त जनमोर्चामा संगठित भए तर उनका स्थिति भने अझै डाँवाडोल नै छ ।

उनको स्थिति जे जस्तो भएपनि वा उनी स्वयं नै आततायी नै भए पनि, के यो देशमा एकपल्ट "थाहा"ले डंका पिटेको होइन र ? के यसले धेरैको ध्यानाकर्षण गरेको थिएन र ? के यस अभियानले देशका स्रोत र साधनहरूको उपयोग गरेन र ? इतिहासको एउटा पाना ओगट्ने यस अभियानबारे केही पंजीकृत हुनु पर्दैन ? भोलि हाम्रा कुनै सन्ततिले यसबारे "थाहा" गर्न चाहे उनको लागि केही जानकरी अर्थात् "थाहा" छोड्नु पर्दैन ? के हामी यत्ति साह्रो अनुत्तरदायी हुन सक्छौं ?

एउटा विवादास्पद व्यक्तिका बारेमा यसरी सकारात्मक कलम उठाउनु शायद ठूलै आँट गर्दैछु म । तर मैले के सोचेको छु भने, उनका अवान्छित तत्वहरूसंगको उठबस र उनको "थाहावाद" एकार्काबाट अलग कुरा हुन् । "थाहावाद" एउटा सिद्धान्त हो र त्यो एउटा स्कूलको रूपमा प्रतिस्थापित अभियान हो । विगत विघटित आततायी व्यवस्थासंग त्यसको कुनै राजनीतिक लेनदेन थिएन वा आततायीहरूको षड्यन्त्रको यो कुनै साधन पनि थिएन । अपितु, त्यो प्रतिपक्षको एउटा उदाहरणीय, एक हिसाबले संगठित अभियान थियो । द्वन्दको स्थितिमा एक हिसाबले एउटा संगठित प्रतिवादको हुँकार थियो । जुन बेला सत्तापक्षले आफ्ना संचार माध्यम र भरौटेहरूको सहायताले जनतालाई वर्ग-चेतनाको बाटोबाट अल्मल्याएर र भाँडेर अनेक लिप्साहरूको उन्मादमा लठ्याइरहेको थियो, त्यसबेला उनी खुलेर जनतासामु वर्ग-चेतनाको लागि थाहा थाहा थाहा भनेर आफ्नै किसिमको संचार शैली लिएर लागिपरेका थिए । जुनबेला आजको बदलिंदो स्थितिमा सत्तासुख भोग्ने अधिकतम राजनेताहरू भारतका चिया पसलमा बसेर राजनैतिक हुँइया छाट्दैथे, त्यसबेला बिष्ट जनताहरूकै माझमा बसेर थाहा लिंदै र दिंदै उनको प्रतिनिधित्व गर्दै सदनमा समेत "थाहा"को हुँकार गर्दै थिए ।

**जुनबेला आजका अधिकतम राजनेताहरु भारतका चिया पसलमा बसेर राजनैतिक हुँइया छाट्दैथे, त्यसबेला बिष्ट जनताहरुकै माझमा बसेर थाहा लिंदै र दिंदै उनको प्रतिनिधित्व गर्दै सदनमा समेत "थाहा" को हुँकार गर्दै थिए ।**

जुन शब्दले सडक, भित्ता, घर, शहर र सडकको छपाइ यत्ति साह्रो रंगियो र जसलाई बिष्टले राष्ट्रिय पंचायतका अधिवेशनहरूमा, आफ्ना सार्वजनिक भाषणहरू, पर्चाहरू र पोष्टरहरूमा सधै उँचो स्वरमा राखेर जनताको ध्यानाकर्षण गरिरहन्थे र जसको कारण तत्कालीन सरकारको मारमा परेर बिष्टले जेल समेत पर्नु पर्‍यो, त्यस शब्दको व्यापकतालाई एउटा अभियानको रूपमा नलिई 'सन्की मान्छे'को सनकको रूपमा मात्र लिइन्छ भने, यसलाई यस देशको विडम्बना न नभनी के भन्ने ? यसलाई हाम्रो बैचारिक गरिबी मात्र नभनी रहन म सक्दिनँ । त्यस्तो जनसमर्थन र सहयोगबाट हंगामा मच्चाउने परिघटनाको निर्क्योल गर्नेबारेमा समाजमा रहेका कसैको त जिम्मेवारी रहन्छ नै । को हुन् ती जिम्मेवार व्यक्तिहरू, जसले यसमा ध्यान पुर्‍याउनु पर्थ्यो तर उनीहरूलाई यस घटनाको महत्ताले कत्ति पनि छोएन ? अथवा को हुन् ती व्यक्ति, जो यसको महत्तालाई बुझेर पनि यसबाट भागेर, तर्केर हिंडिरहेका छन् ? कसको दायित्व हो कि यो के थियो र यसको मूल्य के थियो ? इतिहासमा ठाउँ लिइसकेको यो अभियान साँच्चै नै सनकै मात्र थियों कि केही मूल्यवान कुरो पनि थियो ? यसको टुंगो लाउन त पर्‍यो नै । कुनै न कुनै रूपमा यसलाई पंजिकृत त गर्नैपर्‍यो ।

यसरी यतिखेर आएर मैले यस कुरालाई उठाउँदा अवश्यै प्रश्न उठ्ला कि कुन उद्देश्यले यसलाई अहिले उठाइरहेछु ? जुनबेला यसको बजार थियो, म त्यहीं नै थिएँ र किन त्यसबेला मैले यो कुरा उठाइनँ ?

हो, यो त्यसबेला उठ्नुपर्ने कुरा थियो । तर मबांट मात्र होइन, अरू कसैबाट पनि यो उठेन । जसले आलोचना समालोचनाका बेडा उठाइरहेका थिए, उनीहरूले पनि यसलाई उठाएनन् । शायद उनीहरूले पनि यसलाई सनककै हिसाबमा मात्र लिए । तर मैले कहिल्यै त्यसलाई सनकको हिसाबमा लिइनँ । मैले यसबारे कलम नउठाउनुको प्रमुख कारण त म आफू समालोचनाका विधामा प्रवृत्त नरहनु नै थियो । तर कुनै कुरामा चाख हुन्छ भने, त्यस कुराबारे लेख्नुलाई अवश्य नै समालोचक नै भइराख्नुपर्ने थिएन । मैले लेख्न सक्थें । गाडा हाँक्न सक्दिनथें भने ठेल्न त सक्थें ? तर त्यो पनि गरिनँ । आफूमा सीप नभएको कारण केही हिच्किचाहट थियो । अर्को कारण यो पनि थियो कि- आफूमा अध्ययनको कमी पनि म महसुस गर्दथें । आफूमा सीप वा ज्ञान नै नभएको कुरामा म कसरी लेख्न आँट गर्न सक्छु ? के सबै यसबारेमा लेख्नबाट तर्कनेहरूले म जस्तै अध्ययन नभएकै कारणले आँट नगरेका हुन् त ? स्पष्ट हुनुपर्‍यो ।

रूपचन्द्र विष्टको त्यस अभियानलाई केलाएर हेर्नु जरूरी छ । "थाहा"ले व्यवस्था पल्टाउन कति मद्दत दियो, त्यो लेखाजोखा गर्न सक्षम र योग्य व्यक्ति म होइन । तर यस देशमा एउटा अभियानको रूपमा प्रतिष्ठापित त्यो "थाहा"लाई इतिहासमा पंजीकृत गराउन भने अवश्यै चाहन्छु । इतिहासको कुनै न कुनै पन्नामा यो आउनै पर्ने कुरा हो ।

विशेषतः म यसलाई साहित्यिक आन्दोलनका रूपमा लिन्छु, किनभने "थाहा"ले बिष्टको लेख, कविता र गीतहरूमा महत्वपूर्ण अभिव्यक्तिहरू पाए । म यो भन्न पछि पर्दिनँ कि- नेपाली साहित्यको इतिहासमा जति पनि आन्दोलनहरू आए, तीभन्दा यो आन्दोलन कम स्तरको थिएन र कम प्रभावकारी थिएन । बुट-पालिस अभियान, जसको म स्वयं अग्रणीमध्ये एक थिएँ, ले नेपाली साहित्यको इतिहासमा निकै महत्वपूर्ण स्थान राख्दछ । उल्लेखनीय यो छ कि- समर्थकहरूको जोशबाट भए-गरेका अन्य एक कार्यक्रमबाहेक यो बूटपालिस आन्दोलन अग्रणीहरूद्वारा सिर्फ एकै दिनका लागि मात्र संचालित थियो र नयाँ सडकको पिपलबोटमा मात्र सीमित थियो ।

त्यस्तै केही अन्य आन्दोलनहरू पनि देखिए, जो पत्रिकाका केही पन्नाहरूमा मात्र सीमित हुँदाहुँदै पनि सम्मानित स्थान र इज्जत पाए । म यस "थाहा" अभियानलाई ती स्थापित अभियानहरूसंग दाँज्न गइरहेको छुइनँ, अपितु यसको गहनतालाई हेरेर यसले पनि त्यस्तै सम्मान र इज्जत पाउनुपर्छ भन्ने आफ्नो धारणा व्यक्त गर्ने धृष्टता मात्र प्रकट गरिरहेको छु ।

यसै सन्दर्भमा म यो पनि भन्न चाहान्छु कि- "थाहा"ले पत्रिका वा कागजहरूमा मात्र ठाउँ लिएन, यसले त सडक, भित्ता, चौतारो, सार्वजनिक महत्वका धेरैखाले स्थल, जनभेला, जेल, राष्ट्रिय पंचायतको सदन, जनताका लुगा र जनजिब्रोमा समेत ठाउँ लियो । एक क्षेत्रका शोषित, पीडित, दलित जनताका लागि अभिष्टकै रूपमा यसले ठाउँ पायो र जनताका घर-दैलोमा एक किसिमले संगठित रूप लियो । यसको प्रकार्यात्मक तथा व्यवहारिक महत्ता भएकै कारण सत्ता समेत थर्किएर यसलाई दबाउन अगाडि सर्‍यो ।

आन्दोलनहरूका आफ्ना आफ्नै विशिष्टता हुन्छन् । "थाहा"को अभियान सबै पूर्ववत् साहित्यिक आन्दोलनहरूभन्दा अलग थियो । त्यसैले ती साहित्यिक आन्दोलनहरूका हाराहारीमा राखेर यसलाई इतिहासमा ठाउँ दिनुपर्छ । यसको बारेमा खोजी हुनुपर्छ, निर्क्यौल हुनुपर्छ, लेखिनुपर्छ । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, विश्वविद्यालय, प्रगतिशील लेखकहरू र समालोचकहरूको यसतर्फ ध्यान जावस्, मेरो आह्वान छ ।

आज यो कुरा उठाउनुको मेरो एक मात्र उद्देश्य- विद्वानहरूसामु यसलाई उछाल्नु हो । विद्वान लेखकहरूलाई यसबारे लेख्न आँट मिलोस् वा तर्कनेहरूलाई लेख्न बाध्यता होस्, केही नभए पनि विश्वविद्यालयका नेपाली तथा अंग्रेजी विभागका साहित्यिक प्राध्यापकहरू तथा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका प्राज्ञहरू यसप्रति कलम उठाउन सजग होउन् । ❑

**(यो लेख मार्ग १०, ०४७ मा लेखेको थिएँ र त्यसै ताका छाप्न चाहेको थिएँ तर त्यसताका पत्रपत्रिकाहरूले बिष्टको राजनैतिक स्थितिको कारणले छाप्न चाहेनन् । -ले.)**



# नकटो दोर्जेको सालिक

## खगेन्द्र संग्रौलाको समसामयिक कथा

एकाएक, रातारात मानौं त्यहाँ प्रलय भयो । प्रलयको गर्भबाट सपनामा पनि नचिताएको अनिष्ट घटना घट्यो । नन्दबहादुर जैसी उसको बस्तीको सेरोफेरोसहित आफ्नै देशमा हठात् देशबिहीन भयो । हिजो राति ऊ मेचीवारिको बस्तीमा, पितापुर्खाले परापूर्वकालदेखि चर्चेको माटोमाथि ठडिएको आफ्नो सानो काठको घरमा सपरिवार सुतेको थियो । सुत्नुअघिसम्म उसको पनि सार्वभौमसत्तासम्पन्न देश थियो । त्यस देशको धर्तीमाथि उसको पनि सुख-दुःखको बास थियो । बासको धनीपूर्जा उसले जतनसंग प्लास्टिकमा पोको पारेर टिनको बाकसको भित्री एक कुनामा सुरक्षित राखेको थियो । देशको नागरिक हुँ भन्ने सबुत खुलाउने उसको नागरिकताको निस्सा पनि प्लास्टिकको त्यही पोकोमा जतनले राखिएको थियो । थातबासको धनीपूर्जा जहाँको तहीं छ, ज्युँका त्युँ सुरक्षित छ । नागरिकताको निस्सा उसको जवानी कालको फोटो र औंठाको ल्याप्चे सहीसाथ जहाँको तहीं छ, तन्दुरुस्त छ, ज्यूँका त्यूँ छ । तर दुर्भाग्यवश अब उसको देश छैन । उसले पत्तै नपाई, देश जोगाउन उसले लड्नै नपाई, बिनासूचना, बिनाखबर्दारी औंसीको अन्धकार रातको महासन्नाटामा उसको देश लुटियो, हरायो, मानौं कतै शून्यमा अलप भयो ।

> देशविहीन नागरिकको त्यो रूवाईमा सुगौली सन्धिदेखि आजसम्मको सारा नेपालीको अकथनीय पीडाको कथा छ

"नन्दबहादुर माड्साप् !"- बिहानीपखको झिसमिसे उज्यालोमा कसैले बाहिरबाट डाक्यो ।

"हँ ?" नन्दबहादुर हतपत्त लुङ्गी लगाउँदै उठ्यो । यति सबेरै बाहिर को हो त्यो ? त्यहाँ त्यो किन हो ? उसको मनको अन्तरमा शंकालु खुल्दुली जाग्यो । समय खराब छ । जताततै सरकारी गुण्डाहरूको बिगबिगी छ । कतै राजनैतिक झडप पो पऱ्यो कि ! कि कतै कसैकहाँ मरूँमारूँ...... ।

नन्दबहादुर मनमा आशंकाको मुस्लो लिएर बाहिर आयो ।

बाहिर चार-पाँचजना मानिस उसको बाटो हेर्दै आँगनमा उभिएका थिए ।

"माड्साप् !" वडाध्यक्ष गोपीन्द्रको भित्रभित्रै थाकेको जस्तो, क्रोधको आगो नजानिदो गरी बलिरहेजस्तो स्वर नन्दबहादुरको कानमा बज्रिन पुग्यो, "माड्साप्, हाम्रो देश हरायो ।"

"हाम्रो देश लुटियो माड्साप् !" अर्कोले चिन्तमा चिन्ता थप्यो ।

"हाम्रो टेक्ने जिमिन गायब भयो, माड्साप् ! हाम्रो समाउने डालो अलप भयो !"

माड्साप् नन्दबहादुर बिलखबन्द पऱ्यो, वाल्ल पऱ्यो- हैन, यो के भनेका हुन् यिनले ? कसरी हराउँछ छँदाखाँदाको देश ? थोडै धूलामा खसेको सियो जस्तो हो र हराउँछ देश ? सन्तान-दरसन्तानदेखि बाँचेको र मरेको, हाँसेको र रोएको, प्रेम गरेको र सन्तान जन्माएको, खेती-गृहस्थी गरेको र न्वारान गरेको, बिहाबारी र काजक्रिया गरेको देश कसरी त्यसै गायब हुन्छ ? बकाइदा सरकारी छाप ठोकेको लिखत आफ्ना हातमा छ । इन्द्रेको बाउ चन्द्रेले पनि बदर गर्न नसक्ने थातबासको लिखत त्यो ! फलानाको नाति, फलानाको छोरो, यति वर्षको फलानो, फलानो देशको जन्मजात नागरिक हो भन्ने व्यहोरा किटानसाथ खुलेको नागरिकताको अकाट्य निस्सा आफ्ना हातमा छ । कसरी लुटिन्छ देश ? माड्साप् नन्दबहादुरलाई लाग्यो, गफाडी वडाध्यक्ष गोपीन्द्रलाई एकाबिहानै उल्लू बुद्धिले गाँजेजस्तो छ । तब न भाते हाउडे पाराले भनिरहेछ- माड्साप् ! हाम्रो देश हरायो !...

"एकाबिहानै अर्काको निन्दा खल्बल्याउँदै ठट्टा गर्न आउने ?" माड्साप् नन्दबहादुर रनक्क रन्क्यो ।

"माड्साप् !" गम्भीर, उदास र व्यथित स्वरमा वडाध्यक्षले कुरो खुलायो, "माड्साप्, पर मेची सिमानाको खम्बा वर हाम्रो मा.वि.को गिराउनको माझमा गाडेका छन् । नपत्याए..."

"हँ, कसले ?"

"आधारातमा, कसैले चालै नपाई, कुखुरा चोर छड्डू स्यालले झैं..."

"बल मिचाहा डाँकाहरू..."

"कायर स्यालहरू..."

"वारिका कमारा र पारिका दादाले मिलेर मध्ये रातमा, कसैले चाल नपाइकन, सुटुक्क..."

माड्साप् नन्दबहादुर आश्चर्यचकित भयो मानौं, ऊ अहिले डरलाग्दो सपना देखिरहेछ । सपनामा उसको सिङ्गो अस्तित्वमाथि हेमानको तरबार झुण्डेको छ । सिक्रीले टन्टनी बाँधिएको उसको शरीर जल्लादले मारी अँठ्याएका छन् । ऊ छट्पटाउन खोज्छ, हलचल गर्न पाउँदैन । ऊ चिच्याउन खोज्छ, बुजो कोचिएको उसको मुखबाट चित्कार बिस्फोट हुन पाउँदैन । के भनेका हुन् यिनले यी-यस्ता अनर्थ कुरा ? कतै यी सबैको सुद्धि-बुद्धि हराएको त होइन ? देश हरायो, देश लुटियो, देश गायब भयो...... । कानले टड्कारै सुनेका कुरा पत्याउन माड्साप्को मन मानेन्, अहँ मान्दै मानेन् । यस्तो पनि हुनसक्छ कहीं ? हँ, दुनियाँमा कहीं यस्तो पनि हुनसक्छ ? दुई-तीन कोस पर मेची किनारको सीमास्तम्भ, दुई-तीन कोस वर कसरी सर्छ ? के कारणले ? कुन परिबन्दले ? इन्साफको कुन नीति नियमले... ?

माड्साप् मानौं अनिष्ट सपनामा अन्धकारमाझ अँडिरका काँडा टेकेर हिँडिरहेछ । उसको ब्रह्माण्ड चाकाचुली झैं फन्फनी घुमिरहेछ । मनको अन्तरका आँखाले ऊ देख्छ- बस्तीको मा.वि.को गिराउनमाझ सिमानाको जाली खम्बा गाडिएको छ । आखिर खम्बा भन्नु के छ, सिङ्गो बस्तीको सिङ्गो अस्तित्वमाथि धावा बोल्न हेमानको घन बस्तीमाथि उज्याइएको छ । माड्साप्लाई अहिले चिन्ता र क्रोधले आक्रान्त पारेको क्षणमा हठात् आफ्नो पुरानो घनको याद आयो ।

कुरा धेरै पहिलेको हो, तन्नेरी छँदा माड्साप्का पनि आफ्नै रङ्गिन सपना थिए । मूर्तिकार बन्ने उसको चीर आकांक्षा थियो । धेरथोर सिकलाई पनि उसले गरिटोपल्यो । अलिकता सन्तोषको लागि, अलिकता खाइजीविकाको लागि कालिगढ बन्ने उत्कट रहर थियो उसको । उसले हनुमानको मूर्ति बनायो, सरस्वतीको मूर्ति कुँद्यो । तर रहँदाबस्दा उसलाई लाग्यो- भाइ, यस कामले तेरो पेट पाल्नेवाला छैन । मुटु गाँठो पारेर उसले आफ्नो प्रिय धन्दा त्याग्यो र प्राथमिक विद्यालयको मास्टरी शुरू गऱ्यो । अहिले उसलाई याद भयो- उहिलेको ढुङ्गा फोर्ने हेमानको त्यो घन घरभित्र कतै कुनातिर हुनपर्छ । उता मा.वि.को गिराउनमाझ वारिका कमारा र पारिका दादाले मिलेर खम्बा गाडेका छन् । र, उसको छँदाखाँदाको देश लुटिएको छ ।

माड्साप् नन्दबहादुर हानेको काणसरी भित्र पस्यो र घन काँधमा बोकेर बाहिर निस्क्यो । उत्तेजनाले उसको सास जोडजोडले बढेको थियो । घन बोकेको उसको पाखुरो बेचैनी र क्रोधले एक तमाससंग थर्थरी कामिरहेको थियो ।

वडाध्यक्षसंगै माड्साप् नन्दबहादुर बस्तीको पुरानो माध्यमिक विद्यालयको प्राङ्गणमा पुग्यो ।

नभन्दै सिमानाको खम्बा त्यहीं सारिएको छ, खसोखास सारिएको छ ।

फुटबल गिराउनको माझमा खम्बा छ, राती खनेको माटो आलै छ । माटामा वारिका कमारा र पारिका दादाका पाइलाका कुरूप छाप आलै छन्, सग्लासग्लै छन् । माड्साप् नन्दबहादुर अहिले आँखा झिमिक्क नपारी सामुन्नेको सीमास्तम्भ हेरिरहेछ । उसलाई लाग्छ- खम्बा मा.वि.को गिराउनमा हैन, उसको मुटुमा गाडिएको छ, उसको अस्तित्वको नाभीमै गाडिएको छ त्यो । र, उसको देश उसको बस्तीबाट साच्ची नै गायब भएको छ ।

खम्बा हेर्दाहेर्दै माड्साप् नन्दबहादुरका आँखामा चिन्ता र रोषका आँसु रसाए । जीवनमा पछिल्लोपल्ट आमाको चोला उठ्ता ऊ रोएको थियो, पाँच वर्षअघि । अनि यी: अहिले मातृभूमिको अस्तित्वमाथि औंसीको रातमा धावा बोलिएको देखेर ऊ अन्तरदेखि पग्लेर रोइरहेछ । देशविहीन नागरिकको त्यो रूवाईमा सुगौली सन्धिदेखि आजसम्मको सारा नेपालीको अकथनीय पीडाको कथा छ, असीम वेदनाको व्यथा छ । आँसुका दाना उसका ख्याउटे गालाबाट तल्तिर बगिरहेछन् । ऊ चुपचाप, अवाक आफ्नो मुटुमा ठोकिएको खम्बा हेरिरहेछ, आँखा झिमिक्क नपारीकन एकटकारले हेरिरहेछ ।

ल, उसलाई रिंगटा लाग्यो । उसको सेरोफेरोको सारा संसार फन्फनी घुम्न थाल्यो । उसका पिंडुला लड्खडाए, थाम्न बल गर्दा पनि थाम्न नसकी उसको जिउ ढल्लाढल्ला जस्तो भयो । अनि रातारात गायब भएको देशको धर्तीमाथि ऊ गर्ल्याम्मै ढल्यो ।

बौरिएर आँखा मिच्दै वरिपरि हेर्दा माड्साप् नन्दबहादुर धमिला, चिन्तित आँखाले के देख्छ ? त्यहाँ त मानिसको भवसागर कुँडुलो छ । अस्तित्व संकटमा परेको सिङ्गो बस्ती एक ज्यान, एक मन भएर त्यहाँ जुटेको छ । आइमाईहरू चारैतिर सुँक्कसुँक्क रोएको सुनिन्छ । लोग्ने मानिसहरूले दारा किट्दै स्वदेशका कमारा र विदेशका दादालाई सरापेको, तिनका ज्यानमाथि दागा धरेको, आफ्नो बस्तीको धरती थाम्न मर्नु परे मर्ने किरिया हालेको भेउ पाइन्छ । त्यहाँ बस्तीका लालाबाला कल्याङमल्याङ र खल्बल गर्दै चारतिर कुदिरहेछन्, बूढाबूढीहरू पुर्खाका पराक्रमका कथा हाल्दै बिपत्तिको बखतमा भगवानको नाऊ जपिरहेछन्- हे भगवान !...

माड्साप् नन्दबहादुर हातले तिघ्रा थाम्दै सुस्तरी-सुस्तरी उठ्यो । उसले भुइँको घन उठायो र काँधमा राख्यो । अनि हूलको कुँडुलो पन्छाउँदै वडाध्यक्ष गोपीन्द्रलाई उसले खोज्यो र अलिबेरपछि गिराउनको पल्लो छेउमा फेला पार्‍यो । बस्तीको माननीय जयगोविन्द पनि गिराउनमा आइसकेछ । वडाध्यक्ष र माननीय एक ज्यान सरी उभिएर एक कुनामा मसिनो स्वरमा कुरा गरिरहेका रहेछन् ।

"माननीयज्यू !" उत्तेजनाको चुचुरोमा चढेको स्वरमा माड्साप्ले पुकार्‍यो ।

"माड्साप् !"

"बस्तीको रानो भ'र यसरी लाटाले केरो हेरेझैं ट्वाँ परेर हेरिरहने ?"

"सरसल्लाह हुँदैछ माड्साप् !"

"सरसल्लाह होइन", माड्साप् नन्दबहादुर आक्रोशले कुर्ल्यो, "पहिले त्यो खम्बा तोड्नु पर्छ अनि बल्ल शुरू हुन्छ सरसल्लाह ।"

उसको घन केलाई ठोकूँ, केलाई ठोकूँ गर्दै हावामा नाच्यो ।

माड्साप्का पछिल्तिर समर्थनका स्वरहरूको मसिनो लहर उठ्यो- ठीक हो, कुरा पच्चीसै आना सही हो ।

पलभरमै माड्साप्को हातको हेमानको घन जाली खम्बाका आङमा, छातीमा, थाप्लामा भकाभक बज्रिनथाल्यो । अगुवाको सिको गर्दै खम्बाका छातीमा कसैका लात बज्रिए, कसैका घुस्सा थुरिए । अरू त अरू, अन्जान लालाबालाहरूले समेत घृणासाथ खम्बालाई थुके । हेर्दाहेर्दै छिनभरमै खम्बा ढल्यो । चूरचूर नहुन्जेलसम्म ढलेको खम्बामाथि माड्साप्का हातको घन बजिरह्यो, लात्ती बर्षिरहे, घृणापूर्ण थुकाइको मेसो चलिरह्यो ।

"सि.डि.ओ. सालेलाई घेर्ने हो !"

बस्तीको नाभीमा गाडिएको खम्बा तोडेपछि मानिसहरूको आक्रोश जिल्लाको सि.डि.ओ.तिर मोडियो । एक कान, दुई कान, मैदान हुँदै भएभरका सारा कानमा गुह्य कुराको चुरो पुगिसकेको थियो- सरकारी वारिसे भएर साला भाते सि.डि.ओ.ले लिखतमा सही गरेको हो रे । बस्ती बेच्ने अपराधी लिखतमा ... । सरकारी दाउ पुरा गर्दै खम्बा सार्न लाउने द्रोही त्यै सि.डि.ओ. हो । खम्बा गाड्ने खाडलको पहिलो चपरी खनेको त्यै सि.डि.ओ.ले हो, साला त्यहीं बाँदाले... । सि.डि.ओ.संग मानिसहरू यति रिसाए, यति रिसाए, त्यो त्यस घडीमा त्यहाँ भएको भए त्यसको....... ।

"दुनियाँ जाइलागेर अहिले नै घेर्ने हो त्यल्लाई..."

"कालो मोसो दलेर जुत्ताका माला त्यल्लाई..."

"चोक्टालाम्टा चुरचूर पारेर गिद्धलाई लुछ्न दिने हो, साला लेन्दुपे चोरलाई... !"

स्वरमा रोषको आगोका लप्का ओकलिरहेको जनसमूह बस्तीको माननीयलाई अघि लाएर सि.डि.ओ.को खोजी गर्न थाल्यो । ऊ राति नै कतै अलप भएको थियो, उसको नाक-मुख कतै देखिएन । क्वाटरमा गयो, सि.डि.ओ. छैन । अड्डामा धुइँपत्ताल खोज्यो, तैपनि सि.डि.ओ. छैन । सके प्रहरीको गोप्य खोपीतिर कतै गायब भयो होला । अथवा कतै भ्यासभ्फाडीमा... । कसिङ्गरमा हराएको सियोसरी धुइँपत्ताल खोज्दा पनि सि.डि.ओ. कतै फेला परेन ।

माड्साप् नन्दबहादुरका हातमा घन छँदैछ ।

माड्साप्का पाइलासंग घन चारचौरास घुमिरहेछ ।

अस्तित्व खतरामा परेको मेचीवारीको बस्तीमा प्रचण्ड जुलुस उठ्यो ।

**अस्तित्व खतरामा परेको मेचीवारीको बस्तीमा प्रचण्ड जुलुस उठ्यो**



कथाकार संग्रौला

फोटो: उषा

**राजधानी काठमाडौंबाट अध्ययन टोली आउने हल्ला चल्यो- माथिबाट मन्त्री आउने रे ! माथिबाट सर्वदलीको लर्को आउने रे !**

मुटुमा बज्र प्रहार भएको बस्तीमा घोर सन्नाटा फैलाउँदै चक्काजाम भयो ।

नाभीमा किलो ठोकिएको बस्तीमा असन्तोष, आक्रोश र विरोधको मशाल दन्क्यो ।

तर सि.डि.ओ. गायबको गायबै छ ।

प्रहरीहरू आतंकित छन् ।

तीन दिन बिते, अनि चार दिन, अनि पाँच दिन ।

राजधानी काठमाडौंबाट अध्ययन टोली आउने हल्ला चल्यो । माथिबाट मन्त्री आउने रे ! माथिबाट सर्वदलीको लर्को आउने रे ! माथिबाट माननीयहरूको बगालै आउने रे ! माथिबाट साँधसिमानाको नापजाँच गर्मीजान्ने अमिन आउने रे ! माथिबाट भूगोलको कानून जान्ने वकिल आउने रे ! शोकाकुल बस्तीका मानिसका डढेलो लागेका चित्तमा थोरैतिनो शान्ति छायो । अब इन्साफ हुन्छ । इन्साफले दूधको दूध पानीको पानी छुट्याउँछ । वारिको धर्ती पारि लगेर बुझाउने व्याधालाई मुनासिप दण्ड हुन्छ । अब सब ठीकठाक हुन्छ ।

नभन्दै माथिबाट विशाल बरियाँतसरहको टोली हुइँय हवाइजहाज चढेर आयो ।

बस्तीका हातपाउ चल्ने जति सबै मानिस चोरिएको देश हातलागी गर्न मेची किनारमा झुम्मिए ।

सिमसिम पानी परेको दिन थियो त्यो । सरकारी अमिनले नक्सा देखाउँदै ढ्वाङमा भाषण गर्‍यो । बस्तीका लाटासिधा मानिसले अमिनको कुरा राम्रो बुझेनन् । बस्तीको अस्तित्व लुटिएको हो पनि, बस्तीको अस्तित्व लुटिएको होइन पनि भनेजस्तो काइते कुरा गर्दै सरकारी अमिनले कुरा चपायो । त्यसपछि एउटा छोटेमन्त्री ठ्याँसठ्याँस नाक बजाउँदै बोल्न थाल्यो । छोटेमन्त्रीले पनि हो र होइनको दोसाँधमा पारेर कुरो टुंग्यायो । कुरा सुन्दै र गुन्दै जाँदा बस्तीका आहत भएका मानिसहरूमा मानमा शंकाको पीरो धूँवा झन् ज्यास्ती मडारिन थाल्यो । के भन्छन् यी सरकारी काइतेहरू ? सिमानाको खम्बा दुई तीन कोस वर सरिसक्यो तैपनि नेपाल जति छ, सही सलामत छ भन्छन् यिनीहरू । बडो

भावुक स्वरमा राष्ट्रवादका कुरा गर्छन् । जनताका मनमा 'व्यर्थको शंका' र बेचैनी भएकोमा तुरूक्क आँसु झारूँला झैं गर्छन् । यिनको के चाला हो यो ? कतै जम्मैले चाटेका पो हुन् कि ? कुटिल ब्वाँसाले झैं मुलायम चालले मुसार्दै, सुम्सुम्याउँदै आन्द्रा झिक्न खोजेका पो हुन् कि यिनले ? आखिर अमिन, मन्त्री र माननीयको भेषमा दौरासुरूवाल, कोट र टोपी लगाएर नेपाली भाषामा बोल्नेहरू यी को हुन् ? मेचीवारिका देशभक्त नेपाली कि मेचीपारिका बडे दादाका हनुमानछाप नटुवा ? देश हराएका जनतालाई अलमल भयो, दुबिधा भयो, झन्झन् बेचैनी भयो ।

आखिरमा टोली नाइके भइखाएको सिमानामन्त्री श्यामसुन्दर शर्मा बोल्न उठ्यो ।

कति बुझिने र कति नबुझिने गरी उसले लामो न लामो फतफत् गऱ्यो । अनि त्यसपछि सिमानामन्त्रीले स्वरमा निकै प्राइन भरेर मेची नदीका लहर हेर्दै भन्यो- "दाजुभाइ दिदीबहिनीहरू ! ढुक्क हुनुहोस्, नेपालको एक इन्ची माटो पनि मिचिएको छैन । र, म भन्छु, त्यो मिचिन पाउने छैन-छैन !..."

हँ ? एक इन्ची माटो पनि मिचिएको छैन रे ?

को बोल्दैछ यो ? सद्दे कि सिल्पट ?




**अब मन्त्री दोर्जेको सालिक तयार भयो, माड्साप् नन्दबहादुरले सालिक खडा गर्ने दिनको घोषणा गऱ्यो**

कसका मुखले कसका कुरा बोल्दैछ यो ?

बस्तीका देशविहीन भएका मानिसहरू एकाएक झस्के ।

"खम्बा सरेको कुरो के हो त मन्त्रीज्यू ?" हातमा बोकेको हेंमानको घन हावामा हल्लाउँदै माड्साप् नन्दबहादुरले ठाड्ठाडै सोध्यो । ज्यान हत्केलामा राखेर प्रहरीको घेरा तोड्दै तुफानी वेगमा ऊ मन्त्रीसामु पुगेको थियो ।

"हजूर, अँ, त्यो... त्यो... त्यो क्यै होइन," मन्त्रीले चिल्ला गाला मुसार्दै, अन्कनाउँदै, भक्भकाउँदै भन्यो, "अँ, के भन्देखिन् त्यो त यसो सिमानाको स्रेस्ता मिलाएको मात्र हो ।"

सिङ्गो बस्तीको सिङ्गो अस्तित्व खतरामा परेका मानिसहरू आफू बसेका ठाउँबाट एक ज्यान, एक प्राणसरह जऱ्याक्-जुरूक् उठे । तिनलाई चेत भयो, यो बोलिरहेको मान्छे मेचीवारिको नेपाली होइन, हुँदै होइन, किमार्थ होइन । यो पक्का मेचीपरिको हो । हैन, यो बजिया कतै सिक्किमको अस्तित्व सिमानापारिका मालिकका पाउमा चढाउने केजाति काजी लेन्दुप दोर्जेको गोर्खे औतार त हैन ? नत्र भने के भनेको यसले यो ? सिमानाको खम्बा बस्ती नाँघेर उहाँ कोसौं वर मा.वि.को गिराउनमा सरिसक्यो । यहाँ यो भातमारा भन्दैछ- नेपालको एक इन्ची माटो पनि मिचिएको छैन ।

सरकारसित आफ्नो अस्तित्वको रक्षा गरिमाग्न मेची किनारमा भेला भएका मानिसहरू झन् सारो झस्के । हँ, के भन्छ यो मन्त्री ? यसको यो बोली सपना हो कि बिपना हो ? मानिसहरूको अपार सागरमा एकाएक कुनै अद्भूत शक्तिका अदृश्य लहरहरू जम्जमाए । मानौं ती सारा मानिस पलभरमै धप्धपी बलिरहेको एउटै राँकोमा परिणत भए । त्यो एकमुष्ट राँको हुर्हर बल्दै मन्त्रीतिर हुर्रियो । जनआक्रोशको आगो सल्केर मन्त्रीका घरानियाँ जुँगा भष्मखरानी भए । मन्त्रीको कपाल डढ्यो । मन्त्रीका दौरा-सुरूवाल, टोपी र कोट जनज्वालामा सल्केर खाक भए । मन्त्री अचेत, अचल मूढो भएर मेची किनारमा ध्वान्द्रो परेको खिर्राको बूढो रूखझैं गर्ल्याम्म ढल्यो । ढल्दाको क्षणंमा त्यो नाङ्गो लास मानौं आफ्नो वास्तविक रूपमा प्रत्यक्ष भयो । मेरी बास्सै ! त्यो त साँच्ची नै सिक्किमे दलाल काजी लेन्दुप दोर्जे जस्तो पो देखियो ।

मेचीवारिको बस्ती आतङ्कित छ, आन्दोलित छ, भित्रभित्रै भक्भकी उम्लिरहेछ ।

अस्तित्व जोगाउने संग्राममा त्यो ज्यानको बाजी थापेर कटिबद्ध छ ।

सादा जुलुस, राँके जुलुस, धर्ना, चक्काजाम, तोडफोड, गोदागोद- मेचीवारिको बस्ती आफ्नो अस्तित्व जोगाउने अन्तिम लडाइँमा डटेको छ ।

माड्साप् नन्दबहादुरका हातमा घन छँदैछ । तर उसको चालामाल सहज, स्वाभाविक झैं छैन । जहाँ विरोधको आवाज उठ्छ, घन बोकेर ऊ त्यहाँ टुप्लुक्क पुग्छ । तर अलिबेरमै ऊ मोर्चाबाट अलप हुन्छ । कहाँ जान्छ माड्साप् नन्दबहादुर एक्लै घन बोकेर ? आफन्तहरूमाझ कौतुहल फिंज्रिन्छ, आशङ्का मडारिन्छ, हुँदाहुँदा एउटा अद्भूत रहस्यको भेद खुल्छ । अहिले ऊ आफ्नो काठे घरको आँगनमा सालिक बनाउनमा तल्लीन छ । सालिक पनि अरूको होइन, उही मेची किनारमा बध गरिएको मन्त्री दोर्जेको सालिक । हँ, मन्त्री दोर्जेको सालिक बनाउने ? मेची पारि लगेर आफ्ना एकाघरका बन्धुबान्धवलाई बिक्री गर्दै मालिक रिझाउने उही मन्त्री दोर्जेको सालिक, त्यो पनि अरूले हैन, माड्साप् नन्दबहादुरले ? आश्चर्य ! के विपरीत भएको हो यो ?

माड्साप्को चाला देखेर बस्तीका आफन्तहरू विस्मयसाथ जिब्रो टोक्छन् ।

माड्साप्को मगज सड्क्यो- बस्तीमा चिन्ता भरिएका साउतीका तरङ्ग लहराउँछन् ।

भावुक मिजासको, सफा चित्तको मान्छे ऊ, चोट खप्न नसकेर होश गुम भयो क्यार, बरा बिचरा !- प्रिय जनहरू चुकचुकाउँछन् ।

तर माड्साप् नन्दबहादुर एकाग्र छ, तल्लीन छ । बडो मिहेनतसाथ कुँदिरहेको गोर्खे दोर्जेको सालिकामा ऊ घरिघरि घृणाले पिच्च थुक्छ । परिश्रमको चापले थाकेपछि ऊ चार पाँच पाइला पर जान्छ र त्यहाँबाट मुन्टो कोण पारीपारीकन सालिकको सूक्ष्म निरीक्षण गर्छ । अनि फटाफट अधिल्तिर लम्केर सालिकलाई लात्तले भुक्क गोद्छ । तैपनि ऊ सालिक बनाउनमा तन्मयतासाथ तल्लीन छ । सालिक बनाउँदा-बनाउँदै उसको घायल चित्तको पर्दामा आफ्नो अस्तित्व सदाका लागि लुटिनलागेको बस्तीको इतिहासका झाँकीहरू सुदूर अतीतदेखि सोहोरिएर चित्रमय लहर हुँदै तरेली लाग्छन् । ऊ आफ्नो आहत अन्तरको पर्दामा बस्तीका हरिया झाडी देख्छ, वन देख्छ, जहाँ उसका पुर्खाहरूले मायापिर्ती गाँसेका थिए, जहाँ तिनले सन्तानको लहरो फैलाउने लीला रचेका थिए । उसको मनका व्यथित आँखामा मेचीवारिको घाटको चित्र आउँछ, जहाँ उसका पुर्खाहरूलाई श्रद्धापूर्वक सेलाइएको थियो । जहाँ गहभरि आँसु लिएर तीसित बिदाइको आखिरी हात हल्लाइएको थियो । अनि थकाइ मार्ने चौतारी, पूजा गर्ने मन्दिर, कखरा सिक्ने पाठशाला, खोसी खाने खेत-खला... । त्यही चीरपरिचित धर्ती हो, जहाँ माड्साप्का हिजोका सन्तान दरसन्तानले उत्पीडनको जुवामुनि आँसुका धारा बगाएथे । अनि त्यही धर्ती हो, जहाँ तिनले स्वपहिचान, प्रजातन्त्र र स्वतन्त्रताका निमित्त रगत बगाएका थिए । त्यस धर्तीको रनवन, फाँट र हरियाली, धर्तीमाथिको नीलो आकाश- अहिले ती साराको अस्तित्व लोप भइरहेछ । माड्साप् भावुक भएर सोच्दैजान्छ, उसका आँखाका कोश आँसुले भरिंदै जान्छन् । र, औधी मिहेनतसाथ बनाइरहेको, मन्त्री दोर्जेको मूर्तिमाथि प्रचण्ड घृणासाथ ऊ फेरि पनि पिच्च थुक्छ । त्यो श्रम र त्यो तल्लीनता, त्यो तिरष्कार र त्यो घृणा- मानिसहरू चकित हुन्छन्, आखिर त्यसको रहस्यमय अर्थ के होला ?

माड्साप् नन्दबहादुरको मगज पक्का पनि सड्केकै हो !

अस्तित्वमाथि बज्राघात आइलाग्दा कमलो चित्तले औडाहा थेग्न सकेन होला, बरा बिचरा !

माड्साप् ज्यूँकात्यूँ तल्लीन छ । मन्त्री दोर्जेको फोटो सामुन्ने राखेर सक्कल बमोजिमको नक्कल उतार्न ऊ भोक, तिर्खा र निन्द्रा सबै बिर्सेर तारन्तार लागिपरेको छ ।

अब मन्त्री दोर्जेको सालिक तयार भयो । माड्साप् नन्दबहादुरले सालिक

खडा गर्ने दिनको घोषणा गऱ्यो । कान थापेर कुरा सुन्दा ऊ खसोखास सन्केकै हो भन्न पनि मानिसहरूलाई गारोगारो पऱ्यो । कुराको सुर तलमाथि भएको छैन । तर मनको मुन्टो किन मन्त्री दोर्जेतिर नुहेको हो ? हैं, कतै दोर्जेको राजसी दानापानी...... ?

माङसाप् नन्दबहादुर बस्तीमा औधी लोकप्रिय थियो । झापा संघर्षदेखिको समर्पित योद्धा ऊ, इन्साफको त्यागी चौकिदार भनेर ऊ मनग्ये कहलिएको थियो । उसको चाल देखेर आफन्तहरू चिन्तित थिए, प्रियजनहरू दुःखित थिए । त्यसैले मनमा जे जस्ता आशंका भए पनि माङसाप्ले मन्त्री दोर्जेको सालिक खडा गरेको हेर्न केही मानिस भेला भइनै हाले ।

> इतिहास सम्झेर हाम्रा सन्तानले ठाडो शिर पारेर भन्न पाउन्- हामी पौरखी पुर्खाका सन्तान हौं, हामी कसैका कमारा होइनौं

बस्तीका सानो शहरछेउको सडकको किनारमा मन्त्री लेन्दुप दोर्जेको सालिक खडा भयो ।

सालिक खडा भएपछि माङ्साप् नन्दबहादुर एकदमै बहुलठ्ठी पाराले कराउन, कोकोहोलो मचाउन थाल्यो । कराउँदै, चिच्चयाउँदै, घरि छाती बोकर्दै, घरि जुल्फी लुछ्दै, घरि हावामा घुस्सा ठोक्दै उसले बजारको बीचबीचमा तीनचार फेरो माऱ्यो । सके रमितेहरू बटुल्ने यो उसको चमत्कारिक शैली पो हुँदो हो कि !... माङसाप् साँच्ची नै बौलायो भन्ठानेर ठ्वरपरका निकै मानिस गहिरो सहानुभूति र तीतो आशङ्कासाथ उसको अदभुत रूप र विचित्रको चर्तिकला हेर्न त्यहाँ जुटे ।

घन हावामा नचाउँदै माङसाप् नन्दबहादुर सालिक सामुन्ने उभिएर क्रोधले टनाटन भरिएको थर्थराउँदो स्वरमा भाषण गर्नथाल्यो ।

"देश लुटिएका दुनियाँ हो, सुन ! यो मन्त्री दोर्जे राष्ट्रघाती हो !" उत्तेजित मुद्रामा, तर स्वभाविक लवजमा कालिगढ माङसाप्ले बस्तीलाई सुनायो । "यो बन्धुघाती हो, यो नरद्रोही हो । यो स्वाभिमानी बस्तीको कलङ्क हो । त्यसकारण... त्यसकारण..."

माङसाप्ले मन्त्री दोर्जेको सालिकमाथि बडो नाटकीय ढङ्गले घन उज्यायो ।

त्यत्रो दुःख गरेर बनायो, अब पलभरमै नष्ट गर्ने होला !... मानिसहरूले दुःखी भएका चित्तमा कुरा खेलाए । यस मान्छेको मगज पक्का पनि सङ्केकै हो । नत्र...

मानिसहरू आँखा झिमिक्क नपारीकन चकित मुद्रामा हेरेकाहेऱ्यै छन् ।

माङसाप्को हेमानको घन बज्यूँ कि बज्यूँ कि गर्दै हावामा उठेकोउठ्यै छ ।

ल जा ! घनको प्रचण्ड चोट मन्त्री लेन्दुपको नाकमाथि बज्ऱ्यो, दोर्जेको नाक जखम भयो, सतचूर्ण भयो । अहिले उसको सालिक, मानौं, उसको मति सुहाउँदिलो देखियो । नाक काटिएको, विरूप, कुरूप र घृणित......

रातदिनको श्रमले कालिगढ माङसाप् थकित थियो, दुल्लो र फुकिढल थियो । गहिरो, आहत सुस्केरा हाल्दै ऊ सडकको किनारमा धूलामा त्यत्तिकै थ्याच्च बस्यो । उसका क्रुद्ध आँखाबाट अचानक आँसुका बलिन्द्र धारा बगेको देखियो ।

अलिबेर आँसु झारेपछि शान्तभैं मुद्रामा उठेर माङसाप् नन्दबहादुरले सालिकतिर सान गर्दै फेरि गम्भीर शालीन स्वरमा सानो भाषण गऱ्यो- "अस्तित्व खतरामा परेको बस्तीका मेरा प्यारा दाजुभाइ-दिदीबहिनीहरू ! यो मन्त्री दोर्जे भनेको के हो ? यो सुगौली सन्धिदेखि आजसम्मको समस्त दास मनोवृत्तिको कुरूप, घृणित र निर्लज्ज निशानी हो । यो नकटो हो, ये देशद्रोही हो । हाम्रो विवेक र खूनको बलले यस धर्तीको अस्मिता र गरिमा जोगिन सकेछ भने हाम्रा भावी सन्तानहरूले यस नकटाको कुरूप रूप आफ्नै आँखाले प्रत्यक्ष देख्न पाउन् ! र, हाम्रा भावी सन्तानलाई बन्धुद्रोही दोर्जेको यो सालिक इतिहासको अमूल्य पाठ बनोस्, कहिल्यै नभुल्ने चेतावनी बनोस् । इतिहास सम्झेर हाम्रा सन्तानले ठाडो शिर पारेर भन्न पाउन्- हामी पौरखी पुर्खाका सन्तान हौं, हामी कसैका कमारा होइनौं ! र, फेरि फेरि यस्ता घृणित नकटाले यस गरिमामयी भूमिमा जन्म लिने मौका कदापि नपाउन् ! जय देश, जय जनता !!..."

वातावरण अलिबेर स्तब्ध भयो । स्रोता समूहमा हुरीको गतिमा उमङ्गका तरङ्गहरू संचार भए । अनि विस्मय र श्रद्धासाथ एकटकले माङसाङलाई हेरिरहेका मानिसहरूका दृढ मुठ्ठी पहिले सुस्तरी, अनि अलि छिटो, अनि झन् झन् छिटो गर्दै माथि उठे । एक, पाँच, पच्चीस, पचास, पाँच सय हजार... । प्रत्युत्तरमा प्रेरणा र शौर्यको भावना टनाटन भरिएका माङसाप्का झीना हातका दुबै मुठ्ठी एकाएक उठे,- "स्व-पहिचानको गौरवगाथा अनन्त रहोस् !..."

❑

१६ असोज २०५३/चाबहिल, काठमाडौं/साभारः नौलो कोसेली, ठिमी


तपाई र तपाईको घरको युवा पुस्ताका लागि मासिक बौद्धिक खुराक !

रोचक, रोमाञ्चक र ज्ञानबर्द्धक सामाग्रीले भरिपूर्ण नवयुवा मासिकको नयाँ अंक
**रिप्रिन्टका साथ**
बजारमा उपलब्ध छ !

विशेष **सुन्दरी प्रतियोगिताहरु किन र कसरी भइरहेछन् ?**




◆ बिकिनीको बिक्री बढाउन शुरू गरिएको प्रतियोगिता : 'मिस युनिभर्स' ✪ 'मिस वर्ल्ड' प्रतियोगिताको नालीबेली ★ विश्व सुन्दरीहरू उत्पादन गर्ने 'कारखाना' भएको देश ☆ 'मिस नेपाल' प्रतियोगिताको अन्तरंग कथा ★ विवादको घेरोबीच बैंगलोरमा 'मिस वर्ल्ड' प्रतियोगिता ◆ किन बन्द गऱ्यो बि.बि.सी.ले सुन्दरी प्रतियोगिताको प्रत्यक्ष प्रसारणलाई ?

**नव युवा**

मूल्य रु. १०।-

◉ क. माओको युवाकालको धारावाहिक जीवनी ❑ शरद पौडेललिखित 'लिखे दमै'को मार्मिक कथा ◉ मनोज गजुरेलको हास्यव्यंग्य ❑ सौन्दर्य प्रतियोगिताबारे खगेन्द्र संग्रौलाको टिप्पणी ◉ नेपालमा साफ खेल खेलाइने, तर तयारी खै ? ❑ के यो संसार परमात्माले सृष्टि गरेको हो ?- श्याम श्रेष्ठको लेख ◉ "हामी त्यसै आएनौं, भट्टिवालाले पठाए"- चन्द्रदेव नेपालीको टिप्पणी ❑ भक्तिथापा अंग्रेजविरूद्ध कसरी लडेका थिए ? ◉ अब लामखुट्टेलाई पनि रोग निरोधक सुई । ❑ जगमगाएर चम्कने ज्याकेट बनाइयो ◉ ब्ल्याक-बक्स के हो ? ❑ खरायो जत्रो शरीर भएको मानिसको अवशेष ◉ एटम बम बनाउने वैज्ञानिक पश्चातापमा बाँचे ❑ चोर पक्रने नयाँ यन्त्रको आविष्कार ◉ सौर्य-मण्डलमा दशौं ग्रह ❑ कुखुराको झण्डै चार इन्च अग्लो अण्डा ◉ राणाकालीन अन्धकारसंग जुध्ने समाज सुधारक ❑ को हुन् तालिबानहरू ? ◉ रंगीन मिठाइले ज्यान लिन सक्छ ! ❑ सफलता प्राप्त गर्न परीक्षा कसरी दिने ?
❑ कविताराम श्रेष्ठलिखित विज्ञान-उपन्यासको अन्तिम भाग ❑ क्याप्टेन यज्ञबहादुर थापाको संघर्षको कथा

**आगामी अंकको विशेष आकर्षण**

बैंगलोरमा भएको विश्वसुन्दरी प्रतियोगिताका अन्तरंग सूचनाहरु र पक्ष-विपक्षका मूर्त विचारहरु एवं 'मिस वर्ल्ड' र 'मिस युनिभर्स'को इतिहासका रोचक र उल्लेखनीय पक्षहरु लगायतका महत्वपूर्ण सामाग्रीहरु !



# दार्शनिक दृष्टिकोणमा बहुदलीय जनवाद

— प्रज्ञानरत्न —

एमालेको क्रान्तिको कार्यक्रम हो- बहुदलीय जनवाद । अर्थात् त्यस्तो जनवाद, जहाँ "बहुदलीय प्रतिस्पर्धा" मुख्य विशेषताको रूपमा रहन्छ ।

क्रान्तिपछिको "नयाँ जनवादी" भनिएको व्यवस्थामा पनि "बहुदलीय प्रतिस्पर्धा" किन नभई भएन त ? एमालेले यस्तो गर्नुका पछाडि दार्शनिक कारण पनि अघि सार्ने गरेको छ । र, यो दार्शनिक कारणबारे बहस छोडिनु जरूरी छ, जुन काम हामीकहाँ भइरहेको छैन ।

एमालेको पाँचौं महाधिवेशन (२०४९) द्वारा पारित आधिकारिक दस्तावेज "राजनीतिक प्रतिवेदन"मा किन "बहुदलीय प्रतिस्पर्धा"लाई क्रान्तिपछि पनि मुख्य दार्शनिक विशेषताको रूपमा अँगाल्नु पर्‍यो भन्ने सवालको छोटो तर स्पष्ट दार्शनिक व्याख्या भेटिन्छ । त्यसमा लेखिएको छ- "मार्क्सवादको दृष्टिकोण र दर्शन द्वन्दात्मक भौतिकवाद हो । प्रत्येक वस्तु, घटना वा विचारमा द्वन्दात्मक अन्तर्सम्बन्धहरू रहेको कुरा मार्क्सवादले स्वीकार्छ । एउटा जनताकै जनवादी व्यवस्थामा पनि अर्थतन्त्र, संस्कृति र समाजभित्र अनिवार्य रूपमा द्वन्द हुन्छ । ...द्वन्द सार्वभौम नियम नै हो । यो कुरा साँचो हो भने राजनीतिमा चाहिं द्वन्द हुन किन नदिने ? यदि कुनै पनि वस्तुमा रहेको द्वन्दात्मक यथार्थलाई दमन गरेर प्रकट हुन दिइँदैन भने, त्यसले शत्रुता र विष्फोटको रूप लिनसक्छ । त्यसकारण कुनै पनि राज्य व्यवस्थामा त्यसबेला विद्यमान समाजमा रहेका राजनीतिक दृष्टिकोणका बीचमा संविधानसम्मत ढंगले प्रतिस्पर्धा हुन दिनुपर्छ ।" ( हेर्नुहोस्- नेकपा एमालेको पाँचौं महाधिवेशनद्वारा पारित राजनीतिक प्रतिवेदन; २०४९, पृष्ठ ५०)

यो व्याख्या अनुसार मार्क्सवादीहरू द्वन्दात्मक भौतिकवादलाई आफ्नो विश्वदृष्टिकोण मान्दछन् । यो विश्व दृष्टिकोण अनुसार संसारमा हरेक वस्तुमा द्वन्द हुन्छ, विपरीत तत्वबीच संघर्ष र एकता हुन्छ । द्वन्द संसारको सबै वस्तुमा पाइने सार्वभौम नियम हो । यदि यो सार्वभौम नियम हो र सर्वत्र द्वन्द हुन्छ भने राजनीतिमा मात्र द्वन्द किन हुनु नहुने ? र, राजनीतिमा द्वन्द भनेको "कुनै पनि राज्यव्यवस्थामा त्यसबेला विद्यमान...... राजनीतिक दृष्टिकोणका बीचमा संविधानसम्मत ढंगले प्रतिस्पर्धा हुन दिनु" हो । अर्थात् "बहुदलीय प्रतिस्पर्धा" हुन दिनु हो ।

हो, द्वन्द सार्वभौम नियम हो । संसारका हरेक वस्तुमा विपरीत तत्वहरू बीच एकता र द्वन्द हुन्छ । एउटा परमाणुमा प्रोट्रोन र इलेक्ट्रोनबीच द्वन्द हुन्छ । शरीरमा गठन र विघटनको प्रक्रियाबीच द्वन्द हुन्छ । वर्ग-समाजमा विपरीत वर्गहरूबीच द्वन्द हुन्छ । गणितमा '+' र '-' बीच द्वन्द हुन्छ । यन्त्रविज्ञानमा क्रिया र प्रतिक्रियाबीच द्वन्द हुन्छ । रसायनशास्त्रमा अणुको संघटन र विघटनबीच द्वन्द हुन्छ । एउटा सानु चुम्बकमा समेत उत्तरी ध्रुव र दक्षिणी ध्रुवबीच द्वन्द हुन्छ । र, पार्टीमा भिन्न विचारहरूबीच द्वन्द हुन्छ ।

द्वन्द हुन्छ भन्नुको मतलब के हो भने, त्यहाँ विपरीत तत्वहरूबीच संघर्ष हुन्छ । ती विपरीत तत्वहरू एकले अर्कोलाई बहिस्कृत गर्ने खालका हुन्छन् । तथापि एउटा विन्दुसम्म, एउटा सीमासम्म, ती विपरीत तत्वहरू एक आपसमा अन्तर्सबन्धित भएर रहेका हुन्छन् । एउटा अस्तित्वको लागि अर्को नभइकन हुन्न । यो नै तिनीहरूको एकता हो । विपरीत तत्वहरूबीचको द्वन्द अथवा अन्तरविरोध र तिनीहरूबीचको एकता र अन्तर्क्रियामै हरेक वस्तु गतिशील हुन्छ । हरेक वस्तु त्यो वस्तुको रूपमा देखिइरहेको हुन्छ, तर कुनै अर्को वस्तुको रूपमा भित्रभित्रै बदलिइरहेको हुन्छ । जब द्वन्द चरमचुलीमा पुग्छ र एकले अर्कोलाई बहिष्कार वा निषेध गर्छ, त्यो वस्तु नै कुनै अर्को नयाँ वस्तुमा बदलिन्छ । र, फेरि त्यहाँ पनि विपरीत तत्वहरूबीच द्वन्द शुरू हुन्छ ।

त्यसैले, यो सही हो कि- संसारका हरेक वस्तु र प्रक्रियामा विपरीत तत्वहरूबीच एकता र द्वन्द हुन्छ र द्वन्द सार्वभौम नियम हो । यो पनि तर्कपूर्ण कुरा हो कि- संसारका सबै प्रक्रियामा र वस्तुमा द्वन्द हुन्छ भने राजनीतिमा मात्र किन द्वन्द नहुने ? त्यहाँ मात्र विपरीत तत्वहरूबीच एकता र संघर्ष किन नहुने ? त्यसैले यो जायज कुरा हो कि- राजनीतिमा पनि विपरीत तत्वहरूबीच द्वन्द हुन्छ र हुनुपर्छ । र, बहुदलीय प्रतिस्पर्धा पनि राजनीतिमा द्वन्दको एउटा रूप हो ।

तर आधारभूत प्रश्न कहाँनेर पैदा हुन्छ भने- राजनीतिमा द्वन्द भन्नाले के "बहुदलीय प्रतिस्पर्धा" मात्रै बुझिन्छ ? के राजनीतिमा द्वन्द भन्ने सारको एउटै रूप वा बाहिरी अभिव्यक्ति मात्र हुन्छ र त्यो "बहुदलीय प्रतिस्पर्धा" नै हुन्छ ?

बहुदलीय प्रतिस्पर्धा नै किन चाहियो ? यसको उत्तर दिने सिलसिलामा जुन तर्क अघि सारिएको छ, त्यो तर्क यस्तो छ- हामी मार्क्सवादी । मार्क्सवादीहरूको दृष्टिकोण द्वन्दात्मक भौतिकवाद । द्वन्दात्मक भौतिकवादका अनुसार द्वन्द सार्वभौम नियम । यदि यो साँचो हो भने राजनीतिमा चाहिं द्वन्द हुन दिने कि नदिने ? "कुनै पनि राज्य व्यवस्थामा" अस्तित्वमा रहेका भिन्न दृष्टिकोणलाई "संविधानसम्मत ढंगले" संगठित हुन दिने कि नदिने ? तिनीहरूबीच खुल्ला प्रतिस्पर्धा हुन दिने कि नदिने ?

यो तर्क र तर्कपद्धति अनुसार त बहुदलीय प्रतिस्पर्धा भनेको त्यत्तिकै सार्वभौम कुरो हुनजान्छ, जति वस्तु जगतमा द्वन्द सार्वभौम कुरा हो । यो तर्कले "बहुदलीय प्रतिस्पर्धा"लाई त्यत्तिकै चीरस्थायी कुरो बनाइदिन्छ, जति विपरीत तत्वबीचको एकता र संघर्षको नियम चीरस्थायी कुरा हो । तपाई द्वन्दको नियम स्वीकार गर्नुहुन्छ भने राजनीतिमा पनि द्वन्द स्वीकार गर्नुहुन्छ । राजनीतिमा द्वन्द स्वीकार गर्नुहुन्छ भने दिनुपर्‍यो भिन्न राजनीतिक दृष्टिकोणलाई संगठित हुन दिन र संगठित शक्तिलाई दलीय प्रतिस्पर्धा गर्न दिन । राजनीतिमा द्वन्द हुन दिने हो भने यसरी दल त नभई नहुने भयो, र दलीय प्रतिस्पर्धा पनि ।

यो तर्क र तर्कपद्धतिले खालि जनवादको चरणमा मात्र होइन, वैज्ञानिक समाजवादमा पनि "बहुदलीय प्रतिस्पर्धा" लाई अनिवार्य बनाउने भयो र साम्यवादी चरणमा पनि । किनभने राजनीतिमा द्वन्द त त्यतिखेर पनि चाहिन्छ, र भिन्न राजनीतिक दृष्टिकोण त त्यतिखेर पनि अस्तित्वमा हुन्छ । यसको मतलब, राजनीतिमा द्वन्द भन्नाले "बहुदलीय प्रतिस्पर्धा" भनेर बुझ्नु पर्ने भयो । राजनीतिमा द्वन्द भन्ने सारको एउटै बाह्य रूप "बहुदलीय प्रतिस्पर्धा" मात्रै हुने भयो ।

तर के मानव समाजको विकासको

## के विचार-द्वन्द्वको नमूना "बहुदलीय जनवाद" मात्र हो ?

**जुन जरो कारणले समाजवाद ढल्यो, त्यो जरो कारण पो निवारण गर्नु पर्‍यो । बहुदलीय जनवादले त्यो दोष निवारण गर्न सक्छ र ?**

इतिहासमा हमेशा "बहुदलीय प्रतिस्पर्धा" को स्थिति रहेको वा रहने स्थिति छ त ? के "बहुदलीय प्रतिस्पर्धा" द्वन्दको नियम जत्तिकै चीरस्थायी कुरो हो त ?

मानव समाजको विकासको इतिहास हेर्ने हो भने मानव समाजमा औद्योगिक पूँजीको विकास र विभिन्न स्तरका पूँजीहरूबीच खुला प्रतिस्पर्धाको उदयसंगसँगै मात्र "बहुदलीय प्रतिस्पर्धा" को राज्यव्यवस्था शुरू भएको देखिन्छ । औद्योगिक क्रान्तिपछि तल जगमा सामाजिक आर्थिक क्षेत्रमा पूँजीको खुला प्रतिस्पर्धाको युग शुरू भयो । त्यसैको प्रतिबिम्बको रूपमा राजनीतिमा पनि दलीय प्रतिस्पर्धाको संसदीय राजनीति शुरू भयो । सामाजिक-आर्थिक क्षेत्रमा उदय भएका नयाँ प्रतिष्पर्धारत पूँजीवादी वर्गहरूकै स्वार्थको प्रतिनिधित्व गर्न माथि उपरी तहमा पनि दलीय प्रतिस्पर्धाको राजनीति शुरू भएको देखिएको छ-बहुदलीय संसदीय व्यवस्थाको रूपमा ।

यो विगत तीन चार शय वर्षभित्रको सामाजिक विकासको उपज देखिन्छ । तर राज्य व्यवस्था र राजनीति त योभन्दा हजार तीन हजार वर्ष अघि पनि अस्तित्वमा थियो । र, त्यो राजनीतिमा पनि विपरीत तत्वहरूबीच द्वन्द थियो । तर त्यहाँ दल थिएन । दलीय प्रतिस्पर्धामा आधारित संसदीय व्यवस्था थिएन । त्यसैले, "बहुदलीय प्रतिस्पर्धा" राजनीति र राज्यव्यवस्थामा सधैंभरि रहेको परिघटना होइन । न त यो सधैंभरि रहिरहने नै परिघटना हो । जुन "बहुदलीय प्रतिस्पर्धा" को राजनीति औद्योगिक पूँजीको उदय र पूँजीगत प्रतिस्पर्धा संगसँगै पैदा भएको छ, त्यो राजनीति औद्योगिक पूँजीको प्रतिस्पर्धाको अन्तसंगसँगै अस्त पनि हुनेछ । यो समाज-विज्ञानको द्वन्दात्मक नियम हो ।

अर्थतन्त्र जग हो । राजनीति त्यो अर्थतन्त्रको जगमा खडा हुने छानो हो । राजनीति अर्थतन्त्रकै बाहिरी अभिव्यक्ति र प्रतिबिम्बन हो । पूँजीवादी अर्थतन्त्रमा तल जगमा पूँजीगत प्रतिस्पर्धा हुन्छ । त्यसैले पूँजीवादी राजनीतिमा माथि उपरी तहमा दलीय प्रतिस्पर्धामा आधारित संसदीय राजनीति हुन्छ । तर आधारभूत दार्शनिक प्रश्न के हो भने, जब तल जगमा, अर्थतन्त्रमा पूँजीवाद र पूँजीगत प्रतिस्पर्धा नै रहने छैन, माथि उपरी तहमा राजनीतिमा चाहिं कसरी बहुदलीय प्रतिस्पर्धा जरूरी र बाँकी हुनसक्छ ? यो जगजाहेर छ, समाजवाद भनेको पूँजीवादको निषेध हो, पूँजीवादी प्रतिस्पर्धाको निषेध हो ।

आधारभूत प्रश्न के हो भने, जुन जगमा दलीय प्रतिस्पर्धाको राजनीति खडा हुन्छ, त्यो जग नै समाजवादमा खत्तम भएपछि त्यो जगमा उभिने गारो र छानो कसरी बाँकी रहन्छन् ? किन बाँकी रहन्छन् ?

यो कुरो नयाँ जनवादको सवालमा पनि लागू हुन्छ ।

नयाँ जनवाद सारमा पूँजीवादी-जनवादी अर्थराजनीतिक अवस्था हो । तथापि यो पूँजीवादी प्रतिस्पर्धामा आधारित पुरानो जनवाद जस्तो अर्थ-राजनीतिक व्यवस्था होइन । यो त सामन्तवाद वा अर्द्धसामन्तवादबाट समाजवादतर्फको संक्रमणको अवधिमा रहने संक्रमणकालीन अर्थ-राजनीतिक व्यवस्था हो । यो व्यवस्थामा शुरूको केही कालखण्डमा तल जगमा पूँजीवादी प्रतिस्पर्धा केही हदसम्म बाँकी रहनसक्छ, यो पूरै निषेध नहुनसक्छ । तर नयाँ जनवादले पनि समाजवादतर्फ संक्रमण गर्दा पूँजीवदी प्रतिस्पर्धालाई मूलतः निषेध गर्दै लैजान्छ । मूल दिशा त निषेधकै हो । त्यसैले, समाजवादतर्फको संक्रमणको अवधिमा शुरूको केही कालखण्डमा बहुदलीय अस्तित्व रहिरहनसक्छ । तर यो अस्तित्व बहुदलीय प्रतिस्पर्धाभन्दा बहुदलीय सहयोगमा आधारित हुन्छ । किनभने, तल जगमा, अर्थतन्त्रमा, पूँजीवादी प्रतिस्पर्धाको सट्टामा आपसी सहयोग र सहअस्तित्वको स्थिति रहन्छ र मूल रूपमा पूँजीवाद र पूँजीवादी प्रतिस्पर्धालाई निषेध गर्दै लैजाने स्थिति रहन्छ । कम्युनिष्ट पार्टीको नेतृत्वमा पूँजीवादी जनवादी क्रान्ति भएका प्रत्येक मुलुकमा बहुदलीय संसदीय व्यवस्था नहुनुको मुख्य कारण नै यही हो ।

त्यसैले, राजनीतिमा द्वन्दको निम्ति "बहुदलीय प्रतिस्पर्धा" भन्ने सिद्धान्त समाज-विज्ञानमा आधारित देखिन्न । यो अर्थतन्त्रको जगमा नै राजनीति खडा हुन्छ भन्ने ऐतिहासिक भौतिकवादी दर्शनमा आधारित देखिन्न । यसले गतिशील अर्थतन्त्रसितको द्वन्दात्मक सम्बन्धमा राजनीतिक व्यवस्थालाई उभ्याउने होइन, अलगथलग रूपमा, एकांगी रूपमा राजनीतिक व्यवस्थालाई उभ्याउने चिन्तन प्रक्रिया पक्रेको छ । यसरी अलगथलग रूपमा, एकांगी ढंगमा कुनै पनि कुरा सोच्ने चिन्तन-प्रक्रियालाई नै अधिभूतवाद भनिन्छ ।

**त्यसो भए नयाँ जनवाद, समाजवाद र साम्यवादमा द्वन्द कसरी हुन्छ त ? स्वभाविक रुपमा प्रश्न उठ्नसक्छ**

संसारका सबै वस्तुमा द्वन्द हुन्छ भने राजनीतिमा द्वन्द चाहिने कि नचाहिने भन्ने ढंगले तर्क गर्दै द्वन्दका निम्ति बहुदलीय प्रतिस्पर्धा भन्ने जुन निस्कर्ष यसले निकालेको छ- यो तर्कप्रणाली पनि द्वन्दात्मक भौतिकवादी देखिन्न । यो यान्त्रिक चिन्तन-प्रक्रियाको उपज देखिन्छ ।

हो, राजनीतिमा द्वन्द त चाहिन्छ । द्वन्द नभई राजनीतिको विकास हुनै सक्दैन । तर द्वन्दको नमूना भनेको "बहुदलीय प्रतिस्पर्धा" मात्रै त होइन ।

हो, बहुदलीय प्रतिस्पर्धा पनि द्वन्द संचालन गर्ने एउटा ढंग हो । तर यो त पूँजीवाद र पूँजीवादी प्रतिस्पर्धाको अस्तित्व र विकासमा आधारित द्वन्द संचालन गर्ने ढंग हो । यो त पूँजीवादी विचारधारामा आधारित द्वन्द संचालन गर्ने ढंग हो । समाजवादी अर्थव्यवस्था र समाजवादी विचारधारामा आधारित द्वन्द संचालन गर्ने ढंग यो हुँदैहोइन, किनभने त्यहाँ न त पूँजीवाद हुन्छ, न त पूँजीवादी प्रतिस्पर्धा नै । यान्त्रिक रूपमा राजनीतिमा द्वन्द भन्ने बित्तिकै दलगत प्रतिस्पर्धा नै बुझ्ने, कुनै पनि राजनीतिलाई र दलगत प्रतिस्पर्धाको राजनीतिलाई त्यसको आर्थिक जगसितको द्वन्दात्मक सम्बन्धमा नबुझेर, आकासमा यन्त्रवत स्वतः खडा हुने वस्तुको रूपमा बुझ्ने यो चिन्तन-प्रक्रिया यान्त्रिक चिन्तन-प्रक्रिया हो । यो द्वन्दात्मक चिन्तन होइन ।

त्यसो भए नयाँ जनवाद, समाजवाद र साम्यवादमा द्वन्द कसरी हुन्छ त ? स्वभाविक रूपमा प्रश्न उठ्नसक्छ । अनि द्वन्द गर्ने स्वतन्त्रता नै नभई प्रजातन्त्र कसरी हुन्छ ?

द्वन्दको हक र प्रजातन्त्रको मुख्य नापो दलहरूको संख्या होइन, न त तिनीहरूको प्रतिस्पर्धा नै हो । जनताको सर्वोच्चता, नीति निर्णयको हरेक प्रक्रियामा जनताको सहभागिता र जनताको आलोचनात्मक स्वतन्त्रता नै प्रजातन्त्रको चूरो कुरो हो । समाजवादी चरित्रको प्रजातन्त्रमा पनि श्रमिक जनताको सर्वोच्चता, कुनै पनि नीति निर्णयमा उनीहरूको सहभागिता र श्रमिक जनताको आलोचनात्मक स्वतन्त्रता नै त्यहाँको जनवादको चूरो कुरो हो ।

जब जनताहरू कुनै पनि राज्य वा पार्टी अधिकारीको बेठीकका विरूद्ध सार्वजनिक आलोचना गर्ने स्वतन्त्रता राख्छन्, बेठीकका विरूद्ध सडकमा आउने र विरोध गर्ने स्वतन्त्रता राख्छन् र, कुनै पनि पदाधिकारीलाई चुन्ने र कुनै पनि बेला फिर्ता बोलाउने स्वतन्त्रता राख्छन्- त्यो नै द्वन्द गर्ने सबैभन्दा राम्रो ढंग हुन जान्न र ? जब नीति निर्णय गर्ने हरेक प्रक्रियामा जनताहरू आलोचनात्मक विचारसहित विचारद्वन्द गर्ने र सहभागी हुने स्वतन्त्रता राख्छन्- त्यो द्वन्द गर्ने उपयुक्त उपाय हुन जान्न र ? त्यसमा थप, जब आलोचनात्मक जनताहरू सशस्त्र हुने हक राख्छन् र प्रत्येक जनता सशस्त्र हुन्छ, त्यो द्वन्द गर्ने सबैभन्दा उत्कृष्ट उपाय हुन्न र ?

केही समाजवादी मुलुकमा श्रमिक जनता सर्वोच्च रहेनन्, जनताको नाममा पार्टी नोकरशाहहरू सर्वोच्च बने । त्यहाँ नीति-निर्णयको हरेक-प्रक्रियामा जनताको आलोचनात्मक सहभागिता रहेन । श्रमिक जनतालाई त्यहाँ आलोचनात्मक स्वतन्त्रता नै रहेन । उनीहरू न त कुनै पनि पदाधिकारीलाई चुन्न र फिर्ता बोलाउन सक्थे, न उनीहरूको बेठीकको सार्वजनिक विरोध नै गर्न सक्थे । जनताहरू त्यहाँ सशस्त्र पनि पारिएनन्, उल्टो सशस्त्र सेना जनतामाथि हावी भयो । यिनै दोषहरूका कारणले त्यहाँका शासकहरू जनताबाट अलगिए र समाजवादी व्यवस्था धराशायी भयो ।

जुन दोषहरू त्यहाँ थिए, त्यो दोष पो हामीले हटाउनु पर्‍यो । जुन जरो कारणले समाजवाद ढल्यो, त्यो जरो कारण पो निवारण गर्नु पर्‍यो । बहुदलीय जनवादले त्यो दोष त निवारण गर्न सक्दैन । "बहुदलीय प्रतिस्पर्धा" का तत्व जोडीदिने बित्तिकै जनताको सर्वोच्चताको समस्या, आलोचनात्मक सहभागिताको समस्या, आलोचनात्मक स्वतन्त्रताको समस्या हल त हुन सक्दैन । यसको ज्वलन्त उदाहरण त नेपाल आफैं छ । फेरि, बहुदलीय प्रतिस्पर्धा भएका अमेरिका, बेलायत, भारत, रूस लगायत कुन मुलुकमा यो समस्या हल भएको छ त ? यो त हात्तीको शरीरमा घोडाको टाउको जोडीदिने जस्तो मात्र काम हुन्छ । हात्ती जीवित हुन त हात्तीको शरीरमा हात्तीको टाउको नै हुनु जरूरी हुन्छ ।

त्यसैले, नयाँ जनवाद, समाजवादको राजनीतिमा द्वन्दको निम्ति जरूरी कुरो "बहुदलीय जनवाद" होइन, जनताको द्वन्दात्मक सहभागितामुखी जनवाद हो, जनताको सर्वोच्चतामुखी जनवाद हो ।

बहुदलीय जनवादको मुख्य विशेषता बहुदलीय प्रतिस्पर्धा हो, आवधिक आम निर्वाचन हो, बहुमतको सरकार र अल्पमतको विपक्ष हो, बहुदलीय संसदीय व्यवस्था हो । ती सबै विशेषता त अहिलेकै नेपालको बहुदलीय प्रजातन्त्रमा विद्यमान छँदैछन् नि ! फेरि उही मुख्य विशेषता भएको राजनीतिक व्यवस्था खत्तम गरेर उही मुख्य विशेषता भएको राजनीतिक व्यवस्था ल्याउनुबाट क्रान्ति नै कसरी हुन्छ ? त्यो त यथास्थिति नै भएन र ? ❑

# भारतमा कृत्रिम पेट्रोल निर्माणको दावी र चालु विवादहरु !

## अब कृत्रिम तरीकाले पेट्रोल उत्पादन गर्न सकिने भयो ?

भारतको तमिलनाडू राज्यको एक गाउँका एक गरीब युवक रामर पिल्लईले एक विशेष प्रकारको झारपातको संमिश्रणमा पानीबाट पेट्रोल निकाली एक आश्चर्यजनक प्रदर्शनी गरेका छन् । अहिलेसम्म विभिन्न ठाउँमा सार्वजनिक रूपमा पटक पटक आफ्नो परीक्षण सफलतापूर्वक प्रदर्शन गरिसकेका उनले भारतको विज्ञान तथा प्रविधिको क्षेत्रमा साँच्चै एक तहल्का नै मच्चाइरहेका छन् ।

रामरको परीक्षणका आधारमा पेंट्रोल जस्तो सर्वाधिक महत्वको इन्धन यदि भविष्यमा कृत्रिम तरीकाले कारखानामा उत्पादन गर्न सकिने हुन गएमा शायद् इन्धनको क्षेत्रमा यो एक नयाँ क्रान्ति नै ठहरिने छ । किनकि उर्जाको लागि अत्याधिक प्रयोगमा आएको यो खनिज तेलको भण्डार पृथ्वीको गर्भमा अब रित्तिनथालेको छ । र, यदि पेट्रोल भविष्यमा कृत्रिम रूपमा उत्पादन हुन्छ भने पृथ्वीको गर्भमा पेट्रोल रित्तिए पनि पेट्रोलको अभाव हामीलाई पर्नेछैन ।

स्मरणीय के छ भने, यसअघि तीन दशकपूर्व अमेरिकी वैज्ञानिकहरूले पनि प्राकृतिक पेट्रोलको विकल्पमा कृत्रिम तरीकाले पेट्रोल बनाउनका लागि विभिन्न खोजहरू गरेका थिए । उनीहरू यस कार्यमा सफल हुन त सकेनन् तर झारपात (Herbs) बाट पेट्रोल बन्नसक्ने सम्भावना भने उनीहरूले पनि देख्न पुगेका थिए । तर ती अमेरिकी वैज्ञानिकहरूले पेट्रोल उत्पादन गर्न सकिने त्यस्ता कुनै पनि झारपातहरू फेला पार्न भने सकेका थिएनन् ।

अहिले यसरी रामर पिल्लईले पेट्रोल उत्पादन गर्न सकिने झारपात भारतमा फेला परेको दावी मात्र गरेका छैनन्, तिनै झारपातबाट उनी कृत्रिम पेट्रोल उत्पादन गर्ने परीक्षण प्रदर्शनीहरू समेत गरिरहेका छन् ।

रामर पिल्लई परीक्षणमा सबभन्दा पहिले शुद्ध प्राकृतिक पानी (mineral water) लाई एउटा स्टीलको भाँडामा राखी १५ मिनेट समयसम्म उमाल्दछन् । त्यसपछि उम्लेको त्यो पानीलाई उनी एउटा सीसाको भाँडामा सार्दछन् । अनि त्यस भाँडामा उनी एक विशेष झारपात केही मात्रामा खन्याउँछन् । ती झारपातहरू र उम्लेको पानीलाई उनी एउटा सीसाको छडले चलाउँदछन् ।

त्यसपछि रामर पिल्लई त्यस मिश्रित तयारी झोलमा एउटा निबुवा (lime) लाई निचोरेर त्यसको रस राख्दछन् र त्यसमा केही ग्राम खाने नून पनि थप्दछन् । यसको लगत्तै एउटा कागजको टुक्रा बाली उनी त्यस मिश्रित झोलमा त्यो कागज बलेर बनेको खरानी राख्दछन् । यसको ४५ मिनेट समयपछि त्यसमा उनी एउटा रसायन हाल्दछन्, जुन रसायनको परिचय अहिलेसम्म उनले गोप्य नै राखेका छन् ।

त्यसपछि उनी अर्को १५ मिनेट समयसम्म त्यस मिश्रित झोललाई अझ उम्लन दिन्छन् । र, घोषणा गर्दछन्- लौ कच्चा (crude) पेंट्रोल तयार भयो ।

रामर पिल्लईले मद्रासमा तलिमनाडूका मुख्यमन्त्री करूणानीधि र हैदरावादमा मध्यप्रदेशका मुख्यमन्त्री एन. चन्द्राबाबु नैडूको उपस्थितिमा सार्वजनिक प्रदर्शनीहरू गरिसकेका छन् । परीक्षण प्रदर्शनीको क्रममा उनले परीक्षणबाट तयार भएको कृत्रिम पेट्रोल प्रयोग गरी बाजाज सन्नी मोटरसाइकल पनि चलाएर देखाएका छन् ।

तर रामर पिल्लईको आविष्कारलाई शुरूदेखि नै भारतका आधिकारिक प्रतिष्ठित बैज्ञानिकहरूले भने शंकाको दृष्टिले हेर्दैआए । किनकि उनी कहिल्यै स्कूल नगएका गाउँका एक गरीब युवक हुन्, तर ती बैज्ञानिकहरूका अनुसार, उनले आविष्कार गरेको भनी दावी गरेको कुरालाई हेर्ने हो भने उनलाई आधुनिक युगका ग्यालिलियो भन्नुपर्ने हुन्छ । र, त्यस्तै उनको दावी सत्य साबित भएमा लामो समयदेखि रसायनशास्त्रमा स्थापित हुँदै आएका सिद्धान्तहरूलाई पुनःर्व्याख्या गर्नु जरूरी हुन आउँछ ।

त्यसैले रामरको माग अनुसार उनको आविष्कारलाई पेटेन्ट प्रदान गर्नु अगाडि आधिकारिक बैज्ञानिकहरूका माझ एक नियन्त्रित वातावरणमा प्रयोगशालाभित्र उनले परीक्षण प्रदर्शनी गर्नुपर्ने माग भारतीय प्रविधि संस्था (Indian Institute of Technology, IIT) ले गऱ्यो । यस माग अनुसार रामरले गत सेप्टेम्बर २५ तारिखमा मद्रासमा IIT को प्रयोगशालामा नौ जना वरिष्ठ वैज्ञानिकहरूका सामू परीक्षण-प्रदशन गरे । तर, त्यहाँ भने उनी असफल हुन पुगे ।



त्यस असफल परीक्षण प्रदर्शनीपछि उनी अब विवादमा परेका छन् । IIT र DST (Department of Science and Technology) का बैज्ञानिकहरूले उनलाई अब "नक्कली" को संज्ञा दिन थालेका छन् । उनीहरू रामरको प्रयोगलाई एक 'बकबास' भएको बताउन थालेका छन् ।

DST का सेक्रेटरी भि.एस. रामामुर्तिले प्रयोगशालाभित्रको नियन्त्रित अवस्थामा रामरले एक थोपा पेट्रोल पनि निकाल्न नसकेको र उनी आफ्नो परीक्षणमा इमान्दार नभएको बताएका छन् ।

IIT र DST का वैज्ञानिकहरूले रामरले आफ्ना सार्बजनिक परीक्षण प्रदर्शनीहरूमा त्यहाँ समावेश गरिएका वस्तुहरूको मात्रामा (mass) भन्दा बढी मात्रामा पेट्रोल निकालेर देखाएको र यथार्थमा यस्तो नतीजा आउन नसक्ने बताएका छन् । उनीहरूका अनुसार, परीक्षणका क्रममा रामरले हातको चलाकी गरेको हुनुपर्छ ।

रामरले आफ्नो परीक्षण प्रदर्शनीमा २५ ग्राम झारपातबाट ३०० मि.लि. पेट्रोल निकालेर देखाएका थिए । IIT



(माथिं) **झारपातको संमिश्रणमा पानीबाट पेट्रोल निकाल्ने प्रयास गर्दै रामर पिल्लई**

*रामर पिल्लई मुख्यमन्त्री करूणानीधि तथा अन्य मन्त्रीहरूलाई आफ्नो नयाँ आविष्कार प्रदर्शन गर्दै*

का वरिष्ठ वैज्ञानिकहरूका अनुसार ३०० मि.लि. पेट्रोलमा करीब १५० ग्राम कार्बन हुन्छ । रामरले पेट्रोल बनाउन पानीमा भारपात बाहेक नीबू र खाने नून मात्र राखेका छन् । पानी, निबू र नूनमा कार्बन हुँदैन । अतः कार्बन भएको एक मात्र वस्तु भारपातको २५ ग्राम मात्रा मात्रबाट १५० ग्राम कार्बन सम्मिलित पेट्रोलको मात्रा कसरी बन्न सक्यो ?- उनीहरू प्रश्न गर्दछन् ।

तर, रामर पिल्लईका अनुसार उनी र उनको आविष्कार झूठा होइनन् । र, आफूले आफ्नो गाउँमा केही हजार लिटर पेट्रोल उत्पादन गरी गाउँलेहरूलाई प्रदान गरिसकेको कुरा पनि उनी बताउँछन् ।

त्यस्तै, उनले ठाउँ ठाउँमा आफ्नो परीक्षणको सार्वजनिक प्रदर्शनी सफलतापूर्वक सम्पन्न गरिसकेको दावी पनि दोहोऱ्याएका छन् । र, मद्रासमा IIT का वैज्ञानिकहरूका सामु आफ्नो परीक्षण प्रयोग गरी देखाउँदा हतारमा सामानहरू जुटाउनु परेकोले केही त्रुटी हुन गई परीक्षण असफल हुन गएको उनी बताउँछन् । उनले बताएअनुसार IIT द्वारा मद्रासमा आयोजना गरिएको उक्त कार्यक्रममा उनलाई उनको परीक्षण प्रदर्शनी देखाउन आउनु भनी अघिल्लो दिन मात्र खबर पठाएको र आवश्यक सामानहरू जुटाउन समयको अभावले निक्कै नै हतारो गर्नुपऱ्यो ।

अहिले भारतमा रामर पिल्लईको परीक्षणको सन्दर्भलाई लिएर निक्कै नै गरम सार्वजनिक बहस चलिरहेको छ । तमिलनाडू र मध्यप्रदेशका मुख्यमन्त्रीहरू लगायत अन्य कैयौं प्रतिष्ठित बौद्धिकहरूले समेत एकातिर रामर पिल्लईको परीक्षणहरूलाई अगाडि बढाउन संघीय सरकारले सहयोग गर्नुपर्ने माग गरिरहेछन् भने अर्कातिर IIT र DST का वैज्ञानिकहरूले रामरको परीक्षण एक बकवास भएको वक्तव्य दिइरहेका छन् ।

यसैबीच, रामर पिल्लईको परीक्षणलाई बहसको विषय बनाई समय खेर फालिरहनुभन्दा उनलाई उनको परीक्षण स्वतन्त्र ढंगले गर्न दिनु पर्ने र त्यसमा सबैले मद्दत गर्नु नै बुद्धिमानी हुने विचार व्यक्त गर्नेहरू पनि देखा परेका छन् । "बौद्धिक सम्पत्ति अधिकार" (Intellectual Property Rights, IPR) का एक विज्ञ एल. गोपालन भन्छन्- "परीक्षणको प्रामाणिकताबारे बहस गरेर समय खेर फालिरहनुमा न कुनै तुक छ, न त कुनै फाइदा नै छ । यदि सफलताको केही झिनो संभावना मात्र छ भने पनि त्यसलाई सदुपयोग गर्नु पर्दछ । प्राविधिक आर्थिक पक्षहरूका बारेमा अहिले बहस चलाउनु राष्ट्रका लागि हितकर छैन । यदि कुनै चरणमा आई पेटेन्ट प्रदान गर्नयोग्य देखिन नआएमा त्यस परीक्षणलाई त्यही समयमा अस्वीकार वा त्याग गर्न सकिन्छ नि !"

रामर पिल्लईको प्रयोगलाई पूर्ण सफलतापछि मात्र पूर्ण पेटेन्ट प्रदान गर्ने गरी उनलाई अहिले हतोत्साहित हुन नदिई काम गर्न सरकारले सहयोग गर्नुपर्ने विचार एल. गोपालन राख्दछन् । उनका अनुसार, रामरले पनि आफ्नो परीक्षणको बारे सार्वजनिक हल्ला गर्दै हिंड्नुभन्दा त्यसलाई पूर्णता प्रदान गर्न नै समय खर्च गर्नु बेश हुन्छ ।

त्यस्तै, आन्ध्र प्रदेशका पेट्रोलियम अर्थशास्त्री भि.के. श्री निवासनले पनि भनेका छन् कि- न रामरको सार्वजनिक प्रदर्शनीले समस्याको साधान गर्छ, न त प्रविधि अधिकारीहरू तथा DST ले रामरप्रति गरेको व्यवहारले समस्याको निदान हुन्छ ।

भि.के. श्रीवासनका अनुसार उनले गत अक्टोबर ३ मा हैदरावादमा रामरको परीक्षण देखेका थिए । र, त्यस परीक्षणको अवलोकनबाट रामरको कार्य पारदर्शी तरिकाबाट भएको पुष्टि मिल्दछ । उनका अनुसार रामरले त्यहाँ उनका सहयोगीहरूले उपलब्ध गराएका सामान्य भाँडाहरूमा नै पेट्रोल जस्तो बल्ने हाइड्रोकार्बन झोल (Combustible Hydrocarbon Liquid) को उत्पादन गरेका थिए ।

उनी अगाडि भन्छन्- "पक्कै रामरको परीक्षणका सन्दर्भमा केही कुराहरूलाई लिई कसैको फरक विचार हुनसक्दछ, तर विज्ञान र प्रविधि विभाग (DST) का सचिवले रामरको परीक्षणलाई झूठा र हातको चलाकी भनी आरोपित गर्नु दुर्भाग्य हो ।"

भि.के. श्रीवासन भन्छन्- "रामर गरीबी र सीमित शिक्षाको पृष्ठभूमिबाट आएका हुन् । उनले आधिकारिक क्षेत्रबाट प्रामाणिकता प्राप्त गर्ने स्तरमा परीक्षणलाई विकास त गर्न सकेका छैनन्, तर आफूले आविष्कार गरेको वस्तु ज्वलनशील भएको र त्यसबाट आन्तरिक ज्वलन इन्जीन (Internal Combustion Engine) चलेको प्रदर्शनी भने उनी देखाउन सफल भएका छन् । त्यसैले उनलाई अहिले वैज्ञानिक समुदाय (Scientific Community) बाट समझदारी र सहयोगको खाँचो छ, जसबाट उनको मर्यादा बढ्नेछ र यसबाट कार्यलाई पूर्णतामा लैजान उनलाई हौसला मिल्नेछ ।"

विवादहरू जे भए पनि यदि रामर पिल्लईको प्रयोगले भविष्यमा सफलता र पूर्णता पाउँछ र उनको प्रयोगका आधारमा औद्योगिक स्तरमा पेट्रोल जस्तो कृत्रिम ज्वलनशील हाइड्रोकार्बन झोल उत्पादन हुन्छ भने इन्धनको क्षेत्रमा नयाँ क्रान्ति नै हुने पक्का छ । र, यसबाट भारतीय जनता मात्र होइन, समस्त विश्वलाई नै ठूलो उपलब्धी प्राप्त हुनेछ ।

❑ तुल्सीदास महर्जन




We extend

our hearty felicitations

to

His Majesty King

Birendra Bir Bikram Shah Dev

on

His Majesty's

52nd Auspicious Birthday

Sulux Centre

Meera Home, Khichapokhari, Kathmandu
Tel : 222539

Authorised Sales / Service Centre of :

RADO
Switzerland

TISSOT
Swiss 1853

फोटो: उषा



# हामी वैकल्पिक चलचित्र आन्दोलन शुरु गर्दैछौं

## 'खाङ्गरी'का निर्देशक नवीन सुब्बासंगको कुराकानी

**खाङ्गरी चलचित्र पुनः विदेशमा प्रदर्शन गरिनेछ र यसलाई नेपालमै पनि हाइभिजन हलहरुमा देखाइँदैछ भन्ने सुनिन्छ । के यो साँचो हो ?**

-चलचित्र 'खाङ्गरी' विदेशका विभिन्न स्थानमा प्रदर्शन भएका र भविष्यमा पनि हुने कुरा सुन्नु भएको साँचो हो । सर्वप्रथम ट्रेन्टो अन्तर्राष्ट्रिय चलचित्र महोत्सव, इटालीमा यो चलचित्र प्रदर्शन भएको थियो । त्यसपछि क्रमशः स्लोभाकिया चलचित्र महोत्सव, स्लोभाकिया, भान्स महोत्सव क्यानडा, ग्राज चलचित्र महोत्सव, अस्ट्रिया र जर्मनीका म्यूनिख, बोन र बर्लिन जस्ता शहरमा यसका च्यारिटी प्रदर्शनहरू भएका थिए । स्पेन र फ्रान्सका चलचित्र महोत्सवहरूमा निमन्त्रणा पाएर पनि प्राविधिक कारणले हामीले भाग लिन सकेनौं । तर निकट भविष्यमा अमेरिकाको टेलराइड चलचित्र महोत्सव, कोलराडोमा भने भाग लिदैछौं । त्यसका अलावा, 'खाङ्गरी' इटालियन भाषामा अनुवाद भएर इटालीको होम भिडियोमा उपलब्ध छ भने जर्मनीको लागि डच भाषामा अनुवाद भइसकेको छ । टेलिभिजन प्रदर्शनको लागि क्यानडा, स्लोभाकिया, अस्ट्रिया र जर्मनीका केही टेलिभिजन कम्पनीहरूसंगको कुराकानी अन्तिम चरणमा छ ।

तर, हामीले 'खाङ्गरी'लाई नेपालका हाइभिजन हलहरूमा भने प्रदर्शन गर्ने कुनै योजना बनाएका छैनौं । केही समयपछि दर्शकहरूले यसलाई नेपाल टेलिभिजनमा नै हेर्न पाउनु हुनेछ ।

**यस चलचित्रलाई विदेशीहरुले किन मन पराए र किन पुरस्कृत गरे होलान् भन्ने तपाई ठान्नुहुन्छ ?**

-विदेशीहरूले नेपालका बारे र नेपालका जनजीवनका बारेमा सुनेका छन्, पढेका छन्, कतिले त नजिकबाट अनुभव पनि गरेका छन् । र, उनीहरूले नेपालका बारेमा थुप्रै चलचित्रहरू पनि बनाएका छन् । तर 'खाङ्गरी' नेपालीले बनाएको, नेपाली अनुभवको, नेपाली दृष्टिकोणको चलचित्र हो । प्रथमतः यही पृथकताका कारण विदेशीहरूले यस चलचित्रलाई मन पराए । दोस्रो, यो चलचित्र अतिरञ्जनापूर्ण, भावुक र मेलोड्रामेटिक छैन । यसले यथार्थवादी धरातलमा उभिएर एउटा समुदायको विश्लेषण गरेको छ । अन्तिम र सबैभन्दा प्रमुख कुरो, 'खाङ्गरी'ले चलचित्रको भाषालाई न्याय गरेको छ, जुन हतपति नेपाली चलचित्रहरूमा देखिंदैन ।

**'खाङ्गरी'ले संगेटेको विषयमै तपाई चलचित्र बनाउन आकर्षित हुनुको कारण के हो ?**

-चलचित्रकर्ममा विषयवस्तुले शैली विशेषको आग्रह राख्छ । शायद सबै रचनाकर्ममा यसो हुँदो हो । 'खाङ्गरी' शेर्पा समुदायको, अझ विशेषतः पर्वतारोहीहरूको कथामा आधारित चलचित्र हो । यस्ता चलचित्र निर्माण गर्दा तथ्यलाई बंग्याउन पाइदैन, किनकि, यी कुराहरू एक प्रकारले सामाजिक अध्ययन पनि हुन् । त्यसैले यस्ता कुराहरूको अभिलेखनका लागि सबैभन्दा सजिलो र आवश्यक शैली भनेकै डकु-ड्रामा हो । यदि 'खाङ्गरी'लाई अन्य शैलीमा निर्माण गरिएको भए शायद विषयवस्तुलाई न्याय गर्न सकिदैन थियो र यति उपलब्धि पनि हासिल हुँदैनथियो होला ।

**'तरेवा' र 'खाङ्गरी' दुवैले तपाई जनजातीय भाषाहरुतिर तानिनुभएको देखाउँछन् । यसरी यसतिर तानिनुको कारण के हो ?**

-हो 'तरेवा' र 'खाङ्गरी' जनजातीय भाषामा बनेका चलचित्रहरू हुन् । शायद भविष्यमा अझ केही चलचित्रहरू म जनजातिका भाषामा नै बनाउँछु । यसो

**शेर्पा भाषामा बनेको भिडियो चलचित्र 'खाङ्गरी'ले यसै वर्ष २ वटा अन्तर्राष्ट्रिय चलचित्र महोत्सवहरुमा विशेष पुरस्कार पाएपछि नेपालमा पनि यो फिल्म विशेष रुपले चर्चित हुन पुगेको छ । इटालीको ट्रेन्टोमा आयोजित ४४ औं ट्रेन्टो फिल्म महोत्सवमा २१ देशहरुका ९८ वटा फिल्महरु सहभागी थिए । तिनमा छानिएका १८ वटा फिल्महरुमा पुरस्कृत १० फिल्महरुमध्येमा विशेष उल्लेखनीय ठहरिएर 'खाङ्गरी' पनि पुरस्कृत भएको थियो । यसैगरी, अष्ट्रियाको १२ औं ग्राज फिल्म महोत्सवमा सहभागी ५० फिल्महरुमध्ये पुरस्कृत ५ मध्येमा यो पनि एक थियो ।**

**१० वर्ष विदेश बसेर फर्केको पेम्बाले आफ्नी प्रेमिका याङ्जीलाई भिक्षुणीको भेषमा पाएको घटनाबाट यो फिल्म शुरु भएको छ । आफूले छोडेर विदेश गएपछि याङ्जीको विहे भएको र पर्वातारोहणको कुनै दुर्घटनामा परी उसको पति फू-दोर्जीको मृत्यु भएको कुरा पनि पेम्बाले थाहा पाउँछ । आफूसंग याङ्जीले पुनर्विवाह गरोस् भन्ने पेम्बाको प्रस्तावको कुनै टुंगो नलाग्दै पासाङ नामको १८ वर्षे छिमेकी युवकको सगरमाथा आरोहण अभियानको प्रसंगतिर फिल्म अगाडि बढ्छ । चुचुरोबाट फर्कदा दुर्घटनाग्रस्त भई पासाङ मरेको र त्यतिखेर उसकी आमालाई परेको चोटको घटनामा पुगेर फिल्म सकिन्छ ।**

**प्रसंगवश, शेर्पाहरुको नृत्य, दुम्जी पर्व, शेर्पा जातिको विवाह प्रणाली र मृत्यु संस्कार परम्पराको झलक प्रस्तुत गर्ने काम पनि यस फिल्मले गरेको छ ।**

**सार्थक कलाकर्मका पक्षपाती युवा निर्देशक नवीन सुब्बाद्वारा निर्देशित र सुन्दर जोशी एवं आङ फुर्वा थाक्तोबाद्वारा निर्मित यस डकु-ड्रामा चलचित्रमा नायकको भूमिकामा रहेका सांम्दे शेर्पा बाहेक अरु सबै पात्रहरु अकलाकारहरु रहेका छन् । डोमा शेर्पा, छिरिङ डोमा शेर्पा, जंग्बु शेर्पा, छिन्दी फुर्वा शेर्पा, निमा डोका शेर्पा, पासाङ नोर्बु शेर्पा, प्रशान्त वास्कोटा आदिद्वारा अभिनित यो फिल्म मूलतः खुम्बु क्षेत्रको सेरोफेरो, नाम्चे, खुम्जुङ, त्याङबोचे आदि ठाउँमा पन्ध दिन लगाएर खिचिएको थियो । नाम्चे वरिपरिबाट देखिने सगरमाथा लगायतका हिमश्रृंखलाहरु र त्यसको काखमा रहेका शेर्पा बस्तीहरुको राम्रो छायांकनले आकर्षण पैदा गरेको 'खाङ्गरी'ले पर्वतारोहण गरेर जीविका गर्ने प्रसिद्ध जाति शेर्पा जातिको अन्तरंग व्यथा र संस्कृतिको एक झलक दिने काम गरेको छ ।**

**निर्देशक नवीन सुब्बासंग 'खाङ्गरी'का बारेमा र वर्तमान नेपाली फिल्म क्षेत्रका अन्य पक्षहरुका बारेमा हामीले गरेको कुराकानी यसपल्ट पाठकहरुसमक्ष प्रस्तुत गरिएको छ ।**

**धरानमा अनाम नाट्य जमातको स्थापना कार्यसंगै विगत एक दशकअघिदेखि नाटक र फिल्म क्षेत्रमा लागेका नवीन सुब्बा उसको कवितामा अब को रून्छ र समानान्तर जस्ता ६ वटा नाटकहरुको निर्देशन गर्ने कामका अतिरिक्त पर्दा र रंगमञ्चबारे विभिन्न पत्रपत्रिकाहरुमा स्तम्भ लेखन र सम्पादनको पनि काम गर्दै आएका छन् । लिम्बू भाषाको टेलिफिल्म 'तरेवा'का लेखक, निर्देशक समेत रहेका नवीनले नाटकमा प्रज्ञाप्रतिष्ठानबाट उत्कृष्ट प्रस्तुतिको पुरस्कार पनि पाएका थिए । अन्य थुप्रै टेलिफिल्म र ठूला पर्दाका फिल्महरुमा पनि विभिन्न प्रकारले लेखन र निर्देशनको काममा सहभागी हुनुका साथै उनले नेपाल टेलिभिजनको नीति निर्माण समितिमा रहेर पनि काम गरेका थिए । उनी वैकल्पिक चलचित्र आन्दोलनका संस्थापक सदस्य पनि हुन् । विशेष गरी, राजनीति र कलाको बीचको अन्तर्सम्बन्धका बारेमा रहेका उनका विचारहरु छलफल र वादविवादकै विषय रहेका छन् । र पनि, नेपाली समसामयिक चलचित्रबारे उनका विचारहरु गम्भीर देखिन्छन् ।**

-हरिगोविन्द लुईटेल

## विदेशमा दुई पल्ट पुरस्कृत चलचित्र 'खाङ्गरी' र यसका निर्देशक

गरेको नेपाली भाषाप्रति पूर्वाग्रही भएर गरिएको होइन । अघि माथि नै पनि भनें, विषय विशेषले निश्चित शैली र भाषा विशेषको आग्रह राख्छ । जब विषयवस्तु कुनै समुदाय, संस्कृति र जातिमा केन्द्रित हुन्छ भने उनीहरूका भाषामा नै चलचित्र निर्माण गर्दा ती कुराहरू बढी मुखरित हुन्छन् । अर्को, अकलाकारसंग काम गर्नुपर्ने हुनाले पनि उनीहरूकै भाषा प्रयोग गर्नु उत्तम हुन्छ ।

योभन्दा पनि प्रमुख कुरो चाहिं केही समययता नेपाली जनजातिमा पृथकतावादी सोचाइ बढेर गएको छ- यसको प्रमुख कारण उनीहरूले नेपालको राजनैतिक, आर्थिक र सांस्कृतिक मूल प्रवाहमा आफूलाई अनुपस्थित पाउनु नै हो । यस्तो स्थितिमा हामी सांस्कृतिक-कर्मीहरूको दायित्व उनीहरूलाई मूल प्रवाहमा ल्याउनु नै हुन्छ । होइन, हिजोकै गल्ति दोहोऱ्याउने हो भने हाम्रो देश पनि सोभियत संघको पदचिन्हमा हिंड्न बेर छैन । धेरै विद्वानहरू के भन्छन् भने, ७० वर्ष लामो शासनकालमा पनि 'कम्युनिष्ट सत्ता' ले सोभियत संघमा संगठन र नारा मात्र दियो, संस्कृति दिन सकेन । फलतः सोभियत संघ खण्डित भयो । त्यही कुरा हामी किन दोहोऱ्याउने ? हामीकहाँ एउटा नेवारले शेर्पालाई ल्होसारको उपलक्ष्यमा 'तासि देलेक !' भन्न किन नसक्ने ? एउटा शेर्पाले एउटा उपाध्याय बाहुनलाई 'शुभ विजया !' भन्न किन नसक्ने ? यही सहिष्णुता विकसित गर्न पनि जनजातिको संस्कृतिलाई नेपाली सांस्कृतिक मूल प्रवाहमा ल्याउनै पर्छ र यो दायित्व हाम्रो हो ।

**अहिले नेपालको सत्ता समेतको आडमा हुर्किरहेको कला क्षेत्रको 'मूलधारा' मा तपाई समाहित हुनु भएको देखिएन । किन ? यो 'मूलधारा'लाई वास्तवमा तपाईले कस्तो पाउनु भएको छ ? पंचायती कालको 'मूलधारा' र आजको 'मूलधारा' मा किन उल्लेखनीय भिन्नता देखा नपरेको होला ?**

नेपाली कला क्षेत्रको 'मूल धारा' भनेको हिजोको सामन्ती निरंकुश तन्त्रले हुर्काएको धारा हो । यिनीहरूको



**चलचित्र 'खाङ्री'को एक दृश्यमा अभिनय गर्दै साम्दे शेर्पा र डोमा शेर्पा**

चरित्र र दृष्टिकोण 'क्लियर' छैन । यिनीहरूको प्रवृत्ति अवसरवादी छ । सत्ता र संस्थापनाले हुर्काएको हुनाले यो 'मूलधारा' सत्ताकै नजिक रहन चाहन्छ । तर कलाकर्मीहरू चरित्रगत रूपमा जुनै पनि संस्थापनाको विपक्षमा रहन्छन् । त्यसैले कलाकारहरूलाई कहीं कतै वामपन्थी (कम्युनिष्टको अर्थमा होइन) पनि भनिने गरिन्छ ।

प्रजातन्त्र प्राप्तिपछि संस्थापनाको विपक्षमा रहनुपर्छ भन्ने मान्यता पाल्ने हामी केही कलाकर्मीहरूमा पनि एक प्रकारको वैचारिक विभाजन आयो । केही साथीहरू मूलधारामा प्रवेश गरेर त्यसको चरित्र र दृष्टिकोण फेर्नु पर्छ भनेर उहाँहरू मूलधारामा प्रवेश गर्नु भयो र केही हामी जस्ता मूलधाराभन्दा पृथक रहेर कलाकर्म गर्नुपर्छ भन्नेहरू बाहिर नै रह्यौं । दुःखको कुरो, जुन मित्रहरू मूलधारामा प्रवेश गर्नु भयो, आफ्नो लक्ष्यमा त्यति सफल देखिनु भएको छैन । तर आगामी दिनहरूमा मूलधारा अहिलेकै स्थितिमा नरहने भने पक्का छ ।

पंचायती काल र अहिलेको मूलधारामा खासै भिन्नता नहुनुको कारण मूलधाराको नेतृत्व गर्ने वर्ग उही हुनु नै हो । त्यसको सबैभन्दा बढी दोष राजनीतिज्ञहरूलाई नै जान्छ । उहाँहरूले राजनैतिक र आर्थिक क्षेत्रमा त परिवर्तन गर्ने पहल गर्नु भयो तर सांस्कृतिक क्षेत्रमा कुनै त्यस्तो पहल गर्नु भएन । परिवर्तनका वाहक भनिने कांग्रेस, कम्युनिष्ट दुवैले यसको जिम्मेवारी लिनुपर्छ ।

**कसैकसैले त तपाईहरुलाई 'कम्युनिष्ट' पनि भन्दारहेछन् नि ! प्रगतिशील वा प्रजातन्त्रवादी भनिनेहरुका कला-सोचहरुसंग तपाईहरु कति नजीक वा टाढा हुनुहुन्छ ?**

-हर्नोस्, हामी समतामूलक, न्यायपूर्ण र प्रजातान्त्रिक समाजमा विश्वास राख्छौं । यही विश्वासले नै हाम्रो कलाकर्मलाई निर्देशित गर्छ । ती कामले कोही-कोहीलाई हामी कम्युनिष्ट लाग्दा हौं । प्रजातन्त्रवादीहरूसंग हाम्रो उठबस बढी हुने हुनाले कोही कोही हामीलाई प्रजातन्त्रवादी (कांग्रेस) भन्दा हुन् । कुनै इश्यूमा कम्युनिष्ट भईदो हो, कुनैमा कांग्रेस वा कहिलेकाहीं राप्रपा पनि भईंदो हो । अब यो अन्तर्वार्ता पढ्नेले त 'दहिच्यूरे' पनि भन्दा हुन् । हामीलाई यसले त्यस्तो तात्विक असर गर्दैन ।

निश्चित विचार बोक्नेहरूले, त्यसको पछि लाग्नेहरूले अरूलाई पनि त्यसरी नै हेर्दा हुन तर हामी के भन्छौं भने, कलाकर्मीहरूले विचारबाट पृथक भएर विचार निर्माण गर्नुपर्छ, सौन्दर्य निर्माण गर्नुपर्छ । तुसारो र झरी सहेर बगैंचामा फूल फूल्छ । अब त्यसलाई कम्युनिष्ट चश्मा लाएकाले कम्युनिष्ट देख्दा हुन्, कांग्रेस चश्मा लाएकाले कांग्रेस देख्दा हुन्, प्रतिगामी चश्मा भिरेकाले प्रतिगामी पनि देख्दा हुन् । तर मूल पक्ष भनेको फूल हो । फूल सुन्दर छ कि छैन ? फूलले बगैंचालाई शोभा दिएको छ कि छैन ?- त्यो प्रमुख कुरा हो । वा, फूल विषालु पो छ कि ?

**'खाङ्री'मा: शेर्पा जातिको संस्कृतिको झलक**



## नेपाली कला क्षेत्रको 'मूल धारा' भनेको हिजोको सामन्ती निरंकुश तन्त्रले हुर्काएको धारा हो

> **भर्खर त नेपाली चलचित्रकर्मीहरु नेपालीपनको कुरा गर्न थालेका छन् । कहिले विदेशीपन हटेर नेपाली चलचित्रमा उहाँहरु पुग्ने हो, ठोकुवा गरेर भन्न सकिने स्थिति छैन ।**

जहाँसम्म प्रगतिशील वा प्रजातन्त्रवादी भनिनेहरूको कला सोचसंग हाम्रो दूरीको प्रश्न छ, हामी के देखिरहेका छौं भने, दुवैसंग केही समस्याहरू छन् । एक प्रकारका प्रगतिशील भनिनेहरूसंग कला सोच त छ तर अलि एकलकाटे, मूल प्रवाहमा प्रविष्ट हुन नचाहने, विचार र पार्टीको प्रचार संयन्त्रको रूपमा काम गर्न चाहने किसिमको छ । उक्त कुरासंग हाम्रो असहमति छ । जहाँसम्म देशलाई प्रेम गर्ने, मानव समुदायको उत्थानमा लाग्ने स्वच्छ र सार्थकताको कुरा छ, यी कुरामा हामी नजीक छौं । तर उहाँहरूमा सहिष्णुता र अर्काको विचारलाई पनि सम्मान गर्ने कुरा भने विकास हुनै पर्छ । रह्यो, प्रजातन्त्रवादीहरूको कुरा । दुःख साथ भन्नै पर्छ, उहाँहरूसंग कुनै सांस्कृतिक सोच नै छैन । उहाँहरू हिजोको निरंकुशतन्त्रले हुर्काएको कला-सोचलाई आफ्नो भनिरहनु भएको छ, जबकि त्यो उहाँहरूको चरित्रसंग मेल खाँदैन । शायद् वैचारिक संक्रमणले पनि त्यसो भएको हुनसक्छ ।

**जम्मामा, आज नेपाली चलचित्रको स्थिति कस्तो रहेको तपाईको ठम्याइ छ ?**

-झण्डै एक दशक लामो देशीविदेशी चलचित्रको अध्ययनपछि हामी एउटा निश्कर्षमा पुगेका छौं कि- नेपालमा नेपाली चलचित्र नै बनेका छैनन् । भर्खर त नेपाली चलचित्रकर्मीहरू नेपालीपनको कुरा गर्न थालेका छन् । कहिले विदेशीपन हटेर नेपाली चलचित्रमा उहाँहरू पुग्ने हो, ठोकुवा गरेर भन्न सकिने स्थिति छैन । चलचित्र भनेको भाषा जस्तै हा- त्यसको आफ्नो व्याकरण, शैली र रूप हुन्छ । विषयवस्तु त पछिल्लो कुरा हो । यही पृथकता नै नेपाली निर्माता निर्देशकहरूले छुट्याउन सकिरहनु भएको छैन भने, यसको स्थितिप्रति गंभीर रहने कुरा नै कहाँबाट उठ्छ ? समग्रमा भन्दा नेपाली चलचित्र कुइरोमा हराएको काग जस्तो छ ।

**यसको मूल समस्या के हो ? यस समस्याको समाधान कसरी गर्ने ? र कसले गर्ने ?**

-यसको मूल समस्या भनेको, नेतृत्वको अभाव नै हो । कार्टेल बनाएर चलचित्र व्यवसाय चलिरहेछ । एउटा समूह छ- हिन्दी चलचित्रको पक्षपोषण गर्छ । अर्को छ, त्यसको विरोध गरेजस्तो गर्छ र त्यसलाई आफ्नो स्वार्थअनुरूप ढाल्छ । अर्को एउटा समूह छ, जो मोजमज्जाका लागि चलचित्र बनाउँछ र अर्को एउटा समूह पनि छ, जसलाई केही थाहा छैन, रहरको लागि चलचित्र क्षेत्रमा पसेको छ । यस्तो भद्रगोल स्थितिमा नेपाली चलचित्रको लागि को लागीपर्छ, यसै भन्न सकिन्न ।

तर, यो स्थितिबाट मुक्त हुने हो भने, सक्षम नेतृत्व स्थापित हुनै पर्छ, जोसंग आदर्श होस्, लक्ष्य होस् र त्यो प्राप्त गर्ने रणनीति होस् । मूलधाराबाट पृथक रहेका हामीले चासो राख्ने विषय त परेन यो, तर पनि जहाँसम्म हाम्रो सोचको चलचित्र निर्माण गर्ने र त्यसलाई मूलधारामा स्थापित गराउने कुरा छ, त्यसलाई हामी एउटा रणनीति अन्तर्गत नै अघि बढाउँदै छौं । प्रतिफल आगामी दिनहरूमा देखिने नै छ ।

**स्तरीय र राम्रो कलाको पक्षका कलाकर्मीहरु किन एकजुट हुन नसकिएको हो ? यसबारे केही उपाय पनि सोच्नु भएको छ कि ?**

-स्तरीय र राम्रो कलाको पक्षका कलाकर्मीहरू एकजुट नै भएर संगठित हुने स्थिति अहिले छैन र मलाई लाग्छ- यो आवश्यक पनि छैन । हिजो निरंकुशतन्त्रका विरूद्ध आवश्यक पर्दा एक भएकै हो र पछिल्ला समयमा पनि प्रयास भएका हुन् तर अनुभव भने तीता छन् । स्तरीय र राम्रो कला जीवनको लागि हो, समग्र मानव समुदायको लागि हो, राष्ट्रको लागि हो तर विगतमा संगठनको नाममा विशेष राजनैतिक विचारको पछि, व्यक्तिको फाइदाको लागि प्रयोग गर्ने कोशीस भए, त्यो प्रवृत्ति कलाकर्मको लागि नै घातक हुन्छ ।

जहाँसम्म विचार आदान-प्रदान गर्ने, आफ्ना रचनाहरू प्रदर्शन गर्ने र त्यसप्रति आफ्नो धारणा राख्ने कुरा छ, यसको लागि मन्चको आवश्यकता छ । तर त्यो गैर राजनैतिक चरित्रको हुनुपर्छ । त्यसको लागि हाम्रो प्रयास जारी छ । यी काम हुन सकेनन् भने पनि कम्तिमा पत्र-पत्रिकामै भए पनि बहस-आलोचना, समालोचना भने हामीले जारी राख्नु पर्छ ।

**तपाई निकट भविष्यमा के गर्दै हुनुहुन्छ ?**

-निकट भविष्यमा म मुस्ताङ्गको लोबा जातिहरूमा एउटा चलचित्र निर्माण गर्दैछु । अहिले त्यसैको तयारीमा व्यस्त छु । शायद अर्को वर्षसम्ममा निर्माण सम्पन्न हुनेछ । त्यसका अलावा, हामी **वैकल्पिक चलचित्र आन्दोलन** शुरू गर्दैछौं । केही युवा चलचित्रकर्मीहरू मिलेर शुरू गर्न लागिएको यो आन्दोलनको लागि वैचारिक भौतिक र सांगठनिक शक्ति जुटाउनपट्टि लागीपरीरहेका छौं ।

❑

नीति/संस्कृति

# दोहोऱ्याई-तेहऱ्याई स्वस्थानी भट्टयाउनुको अर्थ के ?

चन्द्रदेव नेपाली

**माघ आउँदैछ । माघको दोस्रो हप्तादेखि फागुनको दोस्रो हप्तासम्म प्रायः धेरै नेपाली घरहरुमा साँझसाँझ स्वास्थानीको किताब पढेर कथा भन्ने-सुन्ने गरिन्छ । समाजमा कम मानिसहरुले मात्र पढ्ने-लेख्ने काम गर्नसक्ने समयमा पढ्न नसक्ने र पढ्न नजान्नेहरुलाई पढ्न सक्ने र जान्ने मान्छेहरुले पढेर सुनाउने गरिएको धार्मिक रंगले रंगिएको यो हिन्दू-चलन आज पनि हाम्रो समाजमा जस्ताकोतस्तै कायम रहेको छ । आज जुन घरमा सबै व्यक्ति शिक्षित वा साक्षर छन्, ती घरहरुमा पनि एकजनाले स्वस्थानीको कथा पढ्ने र अरुले सुन्ने गरिन्छ । कुनै-कुनै घरमा त बिहान-बेलुकी दुवै समय यो कथा भन्ने र सुन्ने गरिएको पनि पाइन्छ ।**

# "हाम्रो घरमा त दाइले भन्ने गरेको स्वस्थानीको सबै कथा तीन-चार दिनमै सकियो । अब फेरि दोहोऱ्याईदैछ !"

# "हाम्रो घरमा त काकाले भन्ने गरेको, दुई पल्ट दोहोऱ्याइयो !"

# "हाम्रो घरमा त तीन पल्ट दोहोऱ्याइयो !"

# "हाम्रो घरमा त सातपल्ट दोहोऱ्याइयो !" आदि आदि ।

**धेरै घरहरुमा केटाकेटीदेखि लिएर बूढाबूढीसम्मले यसो भन्दै आ-आफ्ना घरमा स्वस्थानीको कथाको किताब वाचन गर्ने काम दोहोऱ्याई-तेहऱ्याई गरिएको कुरालाई बडो 'गर्व' का साथ प्रकट गर्ने गरेका छन् ।**

**वास्तवमा, कुरा सानै हो । तर पनि यसरी घरघरमा स्वस्थानीको कथा वाचन गर्ने जुन परम्परा यहाँ कायम भएको छ, त्यसले हाम्रो संस्कृतिमा रहेको एउटा ठूलो प्रवृत्ति प्रदर्शन गरिरहेको छ । यो ठूलो प्रवृत्ति हो- अध्ययनका सन्दर्भमा हाम्रो समाजमा विद्यमान रुढीवादी प्रवृत्ति ।**

हिजो पुर्खाले कुनै अर्कै परिस्थितिमा, कुनै अर्कै कारणले चलाएको ,चलनलाई आज अर्कै परिस्थितिमा र हिजोको त्यो कारण बदलिइसकेपछि पनि, आँखा चिम्लेर जस्ताकोतस्तै पछ्याउने प्रवृत्ति नै रूढीवादी प्रवृत्ति हो । यो प्रवृत्तिको जरोमा अन्धविश्वास रहेको हुन्छ । अन्धविश्वासले मान्छेलाई कारण खोज्ने, तर्क गर्ने र प्रश्न गर्ने बनाउँदैन । चनाखो बनाउँदैन । सचेत बनाउँदैन । यसले त मान्छेलाई अन्ध-पिछलग्गू मात्र बनाउँछ ।

स्वस्थानी कथा वाचनको यो प्रणालीले यही अन्ध-पिछलग्गूपनको संकेत गरिरहेको छ ।

हामीहरू प्रायः कुनै पनि कुरालाई छानवीन गरेर हेर्ने गर्दैनौं । स्वस्थानीको किताब जब घरका सबैले पढ्न जान्दछन् भने किन अर्कोले सुनाइरहने ? हैन, सबैजनाले एकै समयमा सुन्ने हो भने पनि हरेक वर्ष त्यही कथा मात्रै किन दोहोऱ्याएर-तेहऱ्याएर पढ्ने-सुन्ने काम गरिरहने ? त्यसमाथि पनि महीनामा दुईदेखि सात पल्टसम्म त्यो एउटै कथा भट्ट्याउनुको अर्थ के ? के यो समय र शक्तिको बर्वादी मात्र हैन ?

केही पल्ट पढेपछि वा सुनेपछि कुनै पनि कुरा जान्न सामान्यतया पर्याप्त हुन्छ । पटक पटक पढेर, केलाएर, कुनै कुरा विश्लेषण गर्ने उद्देश्य बोकेको कोही अनुसन्धानकर्ता छ भने पनि उसले पनि कुनै पनि कुरालाई यसरी वर्षैपिच्छे दुई चार पल्ट पढ्ने सुन्ने काम गर्दैन । निश्चित पटक पढ्ने, केलाउने काम गऱ्यो,

बस् काम सकियो ।

पढ्ने-सुन्ने गर्ने नै हो भने, र ज्ञान प्राप्त गर्ने नै हो भने पनि के हामी यो वर्ष स्वस्थानीको किताब पढ्ने र अर्को वर्ष चाहिँ कुनै नयाँ ग्रन्थ पढ्ने गर्न सक्दैनौं ? हरेक वर्ष नयाँ नयाँ, नपढेका, नसुनेका कुराहरू जान्न बुझ्न सक्दैनौं ? त्यही समयलाई कुनै एउटै कुरा भट्याउनमा प्रयोग गर्नुको सट्टा अनेक कुरा पढ्न-सुन्नमा हामी आफ्नो समय प्रयोग गर्न सक्दैनौं ?

पढ्ने-सुन्ने, जान्ने भनेको आफ्नो ज्ञान-भण्डारलाई उँचो पार्नको निमित्त हो । हामी जुन धर्मलाई आफ्नो धर्म मान्दछौं, त्यसैमा मात्र पनि अनेकथरि पढ्न-जान्न लायक कुराहरू छन् । तिनलाई केलाउने हो भने कतिपय त ती कुराहरू एक आपसमा बाझ्ने खालका भएका पनि हामी पाउँछौं । र, तिनीहरू धेरैजसो थोत्रा रूढीवादमा आधारित भएका पनि पाउँछौं, अन्धविश्वासमा आधारित भएका पनि पाउँछौं । तिनमा भएका केही राम्रा र असल कुराहरूलाई हामीले छान्नु-केलाउनु पनि जरूरी छ । यसले समाजका निम्ति फाइदा नै पुऱ्याउँछ । ती असल कुराहरूलाई स्वार्थी पण्डाहरूले र स्वार्थी शोषक राज्यसत्ताले कसरी आफ्नो पक्षमा प्रयोग गरिरहेका छन्, यो कुरा पनि हामीले केलाउनु जरूरी छ । यी स्वार्थी प्रयोगहरूलाई चिनेर, छुट्याएर बाँकी देखिएका असल कुराहरूलाई हामीले आजको परिप्रेक्षमा वैज्ञानिक रूपले व्याख्या गरेर, त्यसको सारलाई वैज्ञानिक दृष्टिकोणले उपयोग गर्नु जरूरी छ ।

साथै, तिनमा भएका वैज्ञानिक रूपले पुष्टि नहुने कुराहरूलाई हामीले प्रश्न उठाउनु जरूरी छ । तिनको विरोध पनि गर्नु जरूरी छ । आपसमा बाझिने कुराहरूलाई हामीले बहसमा ल्याउनु जरूरी छ । रूढीमा आधारित, अन्धविश्वासमा आधारित कुराहरूलाई हामीले भिल्काउनु पनि जरूरी छ ।

यति मात्र हैन, संसारमा हाम्रो समाजमा चालु धर्म बाहेक अरू थुप्रै धर्महरू पनि छन् । तिनका बारेमा हामीलाई खासै कुनै ज्ञान छैन । के, हामीले स्वस्थानी रट्ने समयलाई त्यस काममा पनि प्रयोग गर्न सक्दैनौं ? कुरानका मूलभूत कुराहरू वा बाइबलका मूलभूत कुराहरू के हामीले जानीसकेका छौं ? हाम्रै ऐतिहासिक प्रतिभा गौतम बुद्धका शिक्षाहरूबारे के हामी जान्दछौं ? गुरू नानकका सन्देशहरूबारे हामीलाई के थाहा छ ? हाम्रो समाजलाई जरैदेखि प्रभावित गरिरहेका रामायण र महाभारत जस्ता धार्मिक साहित्यहरू एकपटक पनि नपढेका विद्वान, र कतिपय 'प्रगतिशील' व्यक्तिहरूलाई पनि यो पंक्तिको लेखकले ठूलो संख्यामा भेट्ने गरेको छ । उनीहरू भारतीय टेलीशृंखला "रामायण" र "महाभारत" हेरेर यी ग्रन्थहरूको "प्रथम रसास्वादन" गर्ने गर्छन् । टेलिफिल्म बनाउनेले तिनमा संगीत र स्वर एवं दृश्यले रंगाएर प्रस्तुत गरेका मूल ग्रन्थमा नभएका तिलस्मी प्रसंगहरू समेतबाट उनीहरू प्रभावित भई प्रथम पल्ट मित्र-मण्डलीमा चर्चा परिचर्चाहरू चलाउने गर्छन्, आश्चर्य र कौतुहल व्यक्त गर्ने गर्छन् ।

**अध्ययन भनेको "इतिश्री 'स्कन्ध पुराणे…" मात्र हैन भन्ने मान्यतालाई के हामी विस्तारित गर्न सक्दैनौं ?**

कोही रामानन्द सागर नामक भारतीय फिल्म निर्माताले फिल्माउनु भन्दा धेरै अघि नै 'रामायण' हरू पढेर, तिनलाई केलाएर आश्चर्य वा कौतुहल वा आलोचना-प्रत्यालोचना हामीले उहिले नै गरिसक्नु पर्ने थिएन र ? स्वस्थानीको कथा दोहोऱ्याउनुको साटो हामीले घरघरमा "रामायण" वा "महाभारत" (चक्रपाणी चालिसेले नेपालीमा लेखेका संक्षिप्त संस्करणहरू नै सही) को वाचन गर्न-गराउन सक्दैनथ्यौं र ? यसो गर्दा, बेलैमा रामायण र महाभारतका खराब र असल पक्षहरूबारे हामी हिजैदेखि मूर्त रूपमा व्याख्या गरेर अरूलाई बुझाउन सक्ने हुन्थ्यौं । अन्य धर्म-दर्शनका सामग्रीहरूबारे पनि के यसै गर्न सकिन्नथ्यो र ? यसभन्दा अझ अगाडि बढेर, स्वस्थानी रट्ने उही समयमा आधुनिक ज्ञान-विज्ञानका सामाग्रीहरूसम्म पनि हामी पुग्न सक्दैनथ्यौं र ?.

वास्तवमा, यसबारे हाम्रो समाजमा सचेत मानिसहरूको ध्यानै गएन । आज सबै थरि पाठ्य सामग्रीहरू बजारमा किन्न पाइन्छन् । साक्षरताको हिसाबले पनि आज हामी धेरै मानिसहरू पढ्न लेख्न जान्ने भएका छौं । आजको जटील विश्व-परिस्थितिमा हामीले धेरै भन्दा धेरै कुरा जान्नु-बुझ्नु अत्यावश्यक पनि छ । त्यसमाथि पनि, सामाजिक परिवर्तनको आन्दोलनमा लागेकाहरूले त यस दिशामा एकदमै ध्यान दिनु जरूरी छ । कारण, आधारभूत रूपमा समाजको भौतिक र मानसिक 'यथार्थ'लाई जसले गहीराइमा बुझेको छ, उसले मात्र समाज परिवर्तनको जटील प्रकृयालाई राम्ररी पक्डिन सक्छ । हैन भने, यो त जो आफैं "कुहिरोको काग" छ, उसले अरूलाई बाटो देखाउँछु भन्नु जस्तै हुन्छ । यसो भएमा एउटा ठूलो पाखण्डको खेल मात्र शुरू हुन्छ, जसको अन्त अन्यौलमा गएर मात्र हुन्छ वा ठूलो क्षतिमा गएर मात्र हुन्छ ।

**कोही भारतीय फिल्म निर्माताले फिल्माउनुभन्दा धेरै अघि नै 'रामायण' हरु पढेर, तिनलाई केलाएर आश्चर्य वा कौतुहल वा आलोचना-प्रत्यालोचना हामीले उहिले नै गरिसक्नु पर्ने थिएन र ?**



के हामी कम्तिमा पनि 'स्वस्थानी व्रतकथा' पढिने गरिएको समयलाई माथि भनिएका र भन्न बाँकी पनि अनेक ज्ञान-विज्ञानका कुराहरू बुझ्न-जान्नमा प्रयोग गर्न सक्दैनौं ?

यसबाहेक अध्ययन-छलफलको क्रम भनेको "माघ-शुक्ल प्रतिपदा" देखि शुरू भई "फागुन-शुक्ल प्रतिपदा" का दिनसम्म मात्र सीमित राख्ने कुरा होइन भन्ने मान्यता के हामी आम-जनताका दिलदिमागमा स्थापित गर्न-गराउन सक्दैनौं ? अध्ययन भनेको "इतिश्री स्कन्ध पुराणे…" मात्र हैन भन्ने मान्यतालाई के हामी विस्तारित गर्न सक्दैनौं ? शुरूमै हात जोडेर "विश्वास गर्ने बाचा" गरेर र "भक्ति" प्रदर्शन गरेर, "यो लोक" मा जादूमय भाग्य निर्माण र "परलोक" मा रमझमपूर्ण "स्वर्ग" प्राप्तिको लालचबिना नै पनि खोज र अध्ययन गर्ने संस्कृतिको निर्माणका दिशामा हामी लाग्न सक्दैनौं ?

यो व्रतकथा पढेमा "लावण्य देशको राजा बन्न पाइन्छ", नपढेमा "चन्द्रावतीको हविगत हुन्छ" भन्ने खालका आश र त्रासको कारणले गरिने दोहोऱ्याई-तेहऱ्याई घोकन्ती शिक्षाका विकल्पमा अध्ययन स्वयं जीवनको एउटा अभिन्न अंग बन्ने संस्कृतिको विकास हामीले कहिले गर्ने ? यसैगरी, आफैंले किताब ल्याएर पढेमा, केही साँझमा अन्य उपन्यासहरू पढेझैं पढ्न सकिने "श्रीमद्भागवत" वा "देवी भागवत"लाई सात वा नौ दिनसम्म गाउँ-टोलमा "विहारी शैली" मा ठूलो स्वरमा माइक घन्काएर, छिमेकीहरूलाई बाधा पुऱ्याएर, सम्पत्तिको धाकधक्कू प्रदर्शन गरेर "सप्ताह" वा "नवाह" को रूपमा भट्याउने प्रथाको वैज्ञानिक विकल्प पनि पेश गरिनु जरूरी छ । एउटै पुराण पन्ध्रौंपल्ट नियमित सुन्ने र त्यसरी सुनेकोमा गौरव गर्ने "अन्धभक्त"हरूका यस्ता क्रियाकलापहरूले कत्तिको समयको बर्बादी गरिरहेछ भन्ने कुरा उनीहरू र उनीहरू नजीकका अरूहरूलाई पनि कसरी बुझाउने ? यसतर्फ पनि हाम्रो ध्यान जानु जरूरी देखिन्छ ।

पश्चिमले ज्ञान र विज्ञानका क्षेत्रमा रकेटको गतिमा विकास गऱ्यो । हामी पूर्वकाहरूले त्यसो गर्न सकेनौं । त्यो गर्न नसक्नुको एउटा मुख्य कारण हामीले एउटै स्वास्थानी वा पुराण सयौंचोटि दोहोऱ्याई-तेहऱ्याई रटीबस्नु हो । उनीहरूले झन् पछि झन् नयाँ नयाँ कुरा खोजे, नयाँ नयाँ कुरा पढे । हामी चाहिं एउटै पुस्तकमा दाईंका गोरू झैं चक्कर लाएर बस्यौं । अनि हाम्रो प्रगति कसरी हुने ? त्यसैले, प्रगति गर्ने हो भने हामीले पनि जान्ने र पढ्ने क्षेत्रमा स्वस्थानी रट्ने दाईंशैली छोड्नुपर्छ । नयाँ नयाँ ज्ञान र विज्ञानको जानकारी लिनुपर्छ । ❑

दार्जीलिङ्ग क्षेत्रमा

# फेरि कसरी जागदैछ गोर्खाल्याण्ड आन्दोलन



सि.पि.एम.को तर्फबाट लोक सभाका सांसद आर.वि.राई, जि.पि.एफ.का संयोजक मदन तामाङ्ग, जि.एन.एल.एफ.का अध्यक्ष सुवास घिसिङ्गसंगको कुराकानीसहित रिपोर्ट

दार्जीलिङ्ग क्षेत्रको स्थलगत भ्रमणपछि **सुधीर शर्मा**

फोटोः यात्रा थुलुङ्ग

दश वर्षअघि झैं अहिले फेरि दार्जिलिङ्गका भित्ताहरू गोर्खाल्याण्डको समर्थनमा कोरिएका नाराहरूले भरिएका छन् । पहिले झैं जुलूसहरू निस्किरहेछन्, आमसभाहरू भइरहेछन् । फरक के छ भने त्यसबेला नेताहरूको सबैभन्दा ठूलो शत्रु सरकार र पुलिस हुन्थे । तर यसबेला उनीहरू सरकारको प्रशंसा गर्दै तिनै पुलिसहरूको सुरक्षा घेराभित्र रहेर गोर्खाल्याण्डको माग गरिरहेका छन् । र, अलग राज्य चाहिन्छ भन्दै भित्ता पोत्ने तिनका कार्यकर्ताहरू त्यससँगै "प्र.म. देवेगौडा-जिन्दावाद" पनि लेखिरहेका छन् ।

दार्जिलिङ्गमा सन् १९८६ को आन्दोलनकारी वातावरण पुनः तब फर्क्यो, जब भारतीय प्रम देवेगौडाले गत १५ अगष्टका दिन नयाँ दिल्लीको लाल-किल्लाबाट भाषण गर्दै उत्तराखण्ड राज्य दिने घोषणा गरे । अझ त्यसकै भोलिपल्ट पूर्व प्र.म. बि.पि. सिंहले पनि आफू साना राज्यहरूको पक्षमा रहेको कुरा सार्वजनिक गरेपछि त दार्जिलिङ्गबासीहरू झन् उत्प्रेरित भए । र, अहिले उनीहरू आठ वर्षअघि नेतृत्वको अवसरवादिताको कारणले मनको एउटा कुनामा थन्क्याउनु परेको गोर्खाल्याण्डको लक्ष्य साकार पार्ने अभियानमा फेरि लागेका छन् ।

## घिसिङ्गको सक्रियता

नयाँ दिल्लीको लाल-किल्लाको उद्घोषले गोर्खाल्याण्डको लक्ष्य भुलेका दार्जिलिङ्गको लालकोठीका हाकिमहरूलाई झस्काइदियो । जनचाहना अनुरूपको आवाज नउठाउँदा सत्ताच्यूत हुने डरले 'दार्जिलिङ्ग गोर्खा पार्वत्य परिषद्' (दागोपाप) का प्रमुख सुवास घिसिङ्ग अक्टोबर ८ तारिख नै दिल्ली गए । र, गोर्खाल्याण्ड राज्य दिनुपर्ने जिकीर गरे । तर, यो अधुरो र एक्लो प्रयास थियो । उनले रित्तो हात फर्कनु पऱ्यो ।

त्यसपछि घिसिङ्गले ५ नोभेम्बरको दिन दागोपापको जरूरी बैठक बोलाए । बैठकले दागोपापलाई बढाएर राज्य बनाइनु पर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो । त्यसपछि २३ जनाको दागोपाप प्रतिनिधिमण्डलको नेतृत्व गर्दै उनी नोभेम्बर ९ तारिख फेरि दिल्ली पुगे । यसभन्दा दुई दिनअघि उनले कलकत्तामा मुख्यमन्त्री ज्योति बसुसँग पनि आधा घण्टा जति गोप्य वार्तालाप गरेका थिए ।


घिसिङ्गको टोलीले दिल्लीमा प्रम देवेगौडा र गृहमन्त्री इन्द्रजीत गुप्तासमक्ष औपचारिक मागपत्र प्रस्तुत गर्नुका साथै कांग्रेस अध्यक्ष सीताराम केसरी, पूर्व प्र.म. चन्द्रशेखर लगायतका थुप्रै राजनीतिज्ञहरूलाई पनि भेट्यो । प्रमण्डलमा संलग्न दागोपापका कार्यकारी पार्षद् दीपक गुरूङ्ग भन्छन्- **"प्रधानमन्त्रीले हाम्रो मागप्रति फेरि छलफल गर्ने कुरा बताउनुभएको छ ।"**

उनका अनुसार, दागोपापले पूर्व गृहमन्त्री बुटासिंहलाई दिल्लीमा आफ्नो प्रतिनिधि बनाएको छ र हालैको भ्रमणमा सिंहले नै दागोपाप प्रमण्डलको अगुवाई गरेका थिए ।

प्रमण्डलका प्रमुख सुवास घिसिङ्ग आफ्नो भ्रमणलाई सफल मात्र नभनेर पूर्ण सफल भन्छन् । सफलताको कारण थाँती राख्दै उनले भने- **"म फेरि प्रधानमन्त्रीसँग वार्ता गर्न डिसेम्बरको अन्तिमतिर दिल्ली जान्छु ।"**

## वामपन्थीहरुको समर्थन

पश्चिम बंगालको सत्तारूढ दल मार्क्सवादी कम्युनिष्ट पार्टी (सिपिएम) ले गोर्खाल्याण्ड मागको विरोध गरिसकेको छ । सो पार्टीको अक्टोबर २९-३१ मा



दार्जिलिङ्गका भित्ताहरूमा टाँसिएको पोष्टर

**भारतको दार्जिलिङ क्षेत्रमा फेरि गोर्खाल्याण्ड-आन्दोलन जागदैछ । खास गरी, त्यस क्षेत्र र वरपरका नेपाली मूलका पहाडी जनताहरुको तीव्र सरोकारको विषय रहेको यस आन्दोलनका बारेमा सहयोगी पत्रकार सुधीर शर्माले स्थलगत भ्रमणपछि तयार गर्नुभएको रिपोर्ट हामीले यहाँ प्रस्तुत गरेका छौं ।**

**यो रिपोर्ट तयार हुँदाको समयपछाडि घटेका नयाँ घटनाहरुका बारेमा भने, यसपछि दिइएको** "गोर्खाल्याण्ड समर्थकहरूद्वारा मा.क.पा. भित्र विद्रोह" **शीर्षकको रिपोर्टले पाठकहरुलाई जानकारी गराउनेछ । यस सम्बन्धमा थप विश्लेषणहरु आगामी अंकहरुमा पनि समावेश गर्ने हाम्रो प्रयत्न रहनेछ ।**

**—मूल्यांकन**

नयाँ दिल्लीमा सम्पन्न केन्द्रीय कमिटीको बैठकले अलग राज्यको मागलाई अनुचित ठहर गरेको थियो ।

केन्द्रीय स्तरबाट विरोध भए पनि दार्जिलिङ्ग क्षेत्रका सिपिएम नेता, कार्यकर्ताहरू भने खुलेर गोर्खाल्याण्डको समर्थनमा निस्केका छन् । लोकसभाका सांसद आर. वि. राई र पूर्व राज्यमन्त्री तथा राज्यसभाका सदस्य तामाङ्ग दावा लामाले यसको नेतृत्व गरिरहेका छन् । गत सेप्टेम्बर ९ तारिख सिपिएमको दार्जिलिङ्ग पार्वत्य समन्वय कमिटीले औपचारिक निर्णय गरेर नै गोर्खाल्याण्डको समर्थन गरिसकेको छ । तर, २९ सदस्यीय सो कमिटीका ५ जना सदस्यहरू एस. पि. लेप्चासहित त्यसको विपक्षमा उभिएका छन् । दार्जिलिङ्ग क्षेत्रबाट सिपिएमको केन्द्रीय कमिटीमा प्रतिनिधित्व गर्ने नेपाली मूलका आनन्द पाठक पनि गोर्खाल्याण्डको विरोधमा छन् ।

यता सोही पार्टीको पश्चिम बंगाल राज्य कमिटीले गोर्खाल्याण्डको पक्षमा लाग्ने सांसदद्वय राई र लामालाई पार्टीको अनुशासन भंग गरेको आरोप लगाउँदै कारण देखाऊ आदेश जारी गरेको थियो । सो अनुरूप सांसदद्वयले गत: नोभेम्बर २६ का दिन ५० पेज लामो आफ्नो जवाफ-पत्र पठाएका छन् ।

यसअघि दार्जिलिङ्ग, खर्साङ्ग र कालिम्पोङ्ग क्षेत्रीय कमिटीहरूका प्राय: सबै पदाधिकारीहरूले पार्टीले गोर्खाल्याण्डको विरोध गरेको कारण दर्शाई आ-आफ्नो पदबाट राजीनामा दिएका थिए । विद्रोही सांसदहरू राई र लामाले पनि संसदको चालू अधिवेशनमा गोर्खाल्याण्डको कुरा उठाइसकेपछि राजीनामा दिने कुरा बताएका छन् । सांसद लामाले त पार्टीले गोर्खाल्याण्डबारे पुनर्विचार गर्दैन भने विद्रोह गरेर अर्को पार्टी गठन गर्ने चेतावनी समेत दिएका छन् ।

अर्कोतर्फ, सिपिएमका सम्पूर्ण विद्रोहीहरूलाई आफ्नो पार्टीमा स्वागत गरिने कुरा कम्युनिष्ट पार्टी अफ इण्डिया (सिपिआई) ले जनाएको छ । केन्द्रिय सरकारमा गृहमन्त्री रहेका सिपिआई नेता इन्द्रजीत गुप्ताले पनि गोर्खाल्याण्डप्रति सकारात्मक धारणा व्यक्त गरेका छन् । दार्जिलिङ्गमा अधिवक्ता पि. एल. सुब्बाको अध्यक्षतामा गोर्खाल्याण्ड राज्यको निमित्त सि.पि.आई. कमिटी अर्थात् "सिपिआई कमिटी फर द परपस अफ द स्टेट गोर्खाल्याण्ड" गठन गरिएको छ ।

पश्चिम बंगालको बाममोर्चा सरकारमा सामेल फरवार्ड ब्लकले पनि गत: नोभेम्बरमा तामिलनाडुको मदुराइमा भएको राष्ट्रिय सम्मेलनमा एक प्रस्तावमार्फत गोर्खाल्याण्डको समर्थन गरेको छ ।

यसका अतिरिक्त प्राय: सबै नक्सलाइट समूहहरूले र (भारतीको समाजवादी एकता केन्द्र) एस.यू.सि.आई. ले गोर्खाल्याण्डको समर्थन गरेका छन् । कालिम्पोङ्गका बुद्धिजीवि डा. हर्कबहादुर क्षेत्रीले लेखेका छन्- **"सिपिएमभन्दा विपरीत नक्सलपन्थीहरुले भने गोर्खाहरुको आत्म-निर्णयको आवाजको सधैं कदर गरेका छन् ।"**

## जि.एन.एल.एफ.को प्रतिद्वन्दी

दार्जिलिङ्गमा एकछत्र "राज" गर्दै आएको जिएनएलएफको विकल्पमा गोर्खाल्याण्ड पिपल्स फ्रन्ट (जिपिएफ) नामको राजनीतिक शक्तिको उदय भएको छ । चार महीनाअघि गठित यो मोर्चाको संयोजकमा मदन तामाङ्ग रहेका छन् । उनका अनुसार, **जिपिएफ गोर्खाल्याण्ड राज्य प्राप्तिको लागि जस्तो खाले संघर्ष गर्न पनि तयार छ ।**

जिपिएफमा जिएनएलएफ बाहेकका प्राय: सबै राजनीतिक दलहरू संलग्न छन् । संयोजक तामाङ्गका अनुसार, अखिल भारतीय गोर्खा लीग, गोर्खा डेमोक्रेटिक फ्रण्ट, कंग्रेस (आई), भारतीय जनता पार्टी, प्रान्त परिषद्, भाकपा (माले- लिवरेशन), भाकपा (माले- न्यू डेमोक्रेसी), सिओआई (एमएल), मुस्लिम लीग, माइनोरीटी फोरम लगायत १३ वटा राजनीतिक दलहरू त्यसमा समावेश छन् । साथै, सिपिएम, सिपिआई र फरवार्ड ब्लकका स्थानीय कमिटीका प्रतिनिधिहरू पनि जिपिएफमा संलग्न छन् ।

सो मोर्चाले भनेजस्तो भूमिका नखेलेको बताउँदै जिपिएफसँग सम्बद्ध सिपिएम नेता आर.वि. राई भन्छन्- **"यसमा अनेक थरि पार्टीहरु छन्, कुरै मिल्दैन ।"**

संयोजक तामाङ्ग भने केही दिनमा नै जिपिएफले आफ्ना कार्यक्रमहरू सार्वजनिक गर्न लागेको बताउँछन् । उनका अनुसार मोर्चाको एउटा प्रमण्डल ज्ञापन-पत्र लिएर चाँडै नै दिल्ली जाँदैछ ।

गोर्खाल्याण्ड आन्दोलनलाई तराई क्षेत्रबाट बल पुऱ्याउन गोर्खाल्याण्डका लागि तराई संयुक्त समूह (Terai United Forum for Gorkhaland) नामको अर्को एउटा मोर्चा गठन भएको छ । यसको संयोजकमा अवकाशप्राप्त मेजर अर्जुन राई रहेका छन् ।

छिमेकी सिक्किम राज्यको सत्तारूढ सिक्किम डेमोक्रेटिक फ्रण्ट र प्रतिपक्षी सिक्किम संग्राम परिषद् दुवैले

# अलग राज्यको माग: विगतदेखि वर्तमानसम्म



सुवास घिसिङ: जनतालाई कहाँसम्म पुऱ्याउने हुन् ?

**◉ आजभन्दा ८९ वर्षअघि सन् १९०७ मा सर्वप्रथम दार्जिलिङ्गका जनताले बंगालबाट अलगिने आवाज उठाएका थिए । तत्कालीन ब्रिटिश इण्डिया सरकारका लर्ड मोर्ली र लर्ड मीन्टोसमक्ष दार्जिलिङ्गेहरुले अलग राज्य वा अलग प्रशासनिक इकाई गठन गरिनुपर्ने माग गरेका थिए ।**

**◉ सांगठनिक रुपमा भने दार्जिलिङ्गको हिलमेन एसोसिएशनले पहिलो चोटि पृथक प्रदेश (राज्य) को माग गरेको थियो । सोही कुरा उठाउँदै यसले सन् १९१७ मा बंगालका मुख्य सचिवलाई, सन् १९३० मा भारत सम्बन्धी मामिला हेर्ने लण्डनस्थित सचिव सर सेमुयल होरलाई र फेरि सन् १९३५ मा अर्का सचिव लर्ड प्याथिक लरेन्सलाई ज्ञापन-पत्र पठाएको थियो ।**

**◉ अखिल भारत गोर्खा लिग (अभागोलि) ले सन् १९४४ मा तत्कालीन भाइसराय तथा गभर्नर जनरलसमक्ष अलग राज्यको माग गर्दै पत्र पठाएको थियो । "अभागोलि" कै आयोजनामा ३० अक्टोबर, १९४९ मा दार्जिलिङ्गमा सम्पन्न भेलाले दार्जिलिङ्ग, सिक्किम, कुचविहार र जलपाइगुडी सबै मिलाएर उत्तराखण्ड प्रदेश बनाइनुपर्ने प्रस्ताव पारित गरेको थियो । यसका लागि रुपनारायण सिंहको संयोजकत्वमा उत्तराखण्ड प्रदेश समिति बनाइएको थियो । पछि २९ अप्रिल, १९५२ मा तत्कालीन भारतीय प्र.म. नेहरु कालिम्पोङ्ग आएको बखत "अभागोलि"ले दार्जिलिङ्ग र डुवर्सलाई आसामको केही भागसंग मिलाएर छुट्टै राज्य बनाइनुपर्ने माग गरेको थियो । त्यसपछि भने "अभागोलि" मा फूट आएकोले त्यस किसिमले आवाज उठ्न सकेन ।**

**◉ अविभाजित अवस्थाको भारतीय कम्युनिष्ट पार्टीको दार्जिलिङ्ग जिल्ला कमिटीले सन् १९४७ मा दार्जिलिङ्ग, दक्षिण सिक्किम र नेपाल मिलाएर अलग गोर्खास्थान बनाइनुपर्ने आवाज उठाएको थियो ।**

**पश्चिम बंगालमा सत्तारुढ मार्क्सवादी कम्युनिष्ट पार्टी (सिपिएम)ले सन् १९८५ मा दार्जिलिङ्गलाई क्षेत्रीय स्वायत्तता दिनुपर्ने बताएको थियो । सो पार्टीले १ अगष्ट, १९८५ मा लोकसभामा दार्जिलिङ्ग क्षेत्रलाई स्वायत्तता दिने सम्बन्धी विधेयक पनि प्रस्तुत गरेको थियो । तर संसदले त्यसलाई अस्वीकृत गरिदियो । त्यसपछि सिपिएम मौन बस्यो । तर यसपालि भने सिपिएमका दार्जिलिङ्गे नेताहरुले पार्टी लाइनविपरीत गएर भए पनि गोर्खाल्याण्डको समर्थन गरेका छन् ।**

**◉ भारतीय राष्ट्रिय कंग्रेसको दार्जिलिङ्ग जिल्ला समितिले सन् १९६८ मा दार्जिलिङ्गलाई स्वायत्त पार्वत्य प्रशासनिक क्षेत्र बनाइनुपर्ने प्रस्ताव पारित गऱ्यो । सन् १९८६ मा सोही समितिसहित पश्चिम बंगाल प्रदेश समिति समेतले केन्द्रशासित राज्य (Union Territory) दिनुपर्ने कुरा उठाए ।**

**◉ गोर्खा नेशनल लिवरेसन फ्रन्ट (जिएनएलएफ) ले स्थापना कालदेखि नै गोर्खाल्याण्ड माग्दै आएको छ । सन् १९८० देखि '८६ सम्म शान्तिपूर्ण र त्यसपछि २८ महिना हिंसात्मक आन्दोलन गरिसकेको जि.एन.एल.एफ.ले सन् १९८८ मा दार्जिलिङ्ग गोर्खा पार्वत्य परिषद (दागोपाप) मा सम्झौता गरेको थियो । दागोपापका प्रमुख सुवास घिसिङ्गले अहिले दागोपापकै माध्यमबाट अलग राज्यको माग गरिरहेका छन् ।**

**◉ अहिले गोर्खाल्याण्ड पिपुल्स फ्रन्टले (GPF) ले पनि गोर्खाल्याण्डको माग गरी नै रहेको छ ।**

❑

**सिपिएमभन्दा विपरीत नक्सलपन्थीहरूले भने गोर्खाहरूको आत्म-निर्णयको आवाजको सधैं कदर गरेका छन्**

गोर्खाल्याण्डको समर्थन गरिसकेका छन् । त्यहाँका मुख्यमन्त्री पवन चाम्लिङ्गले सार्वजनिक रूपमा नै त्यसको पक्षमा बोलेका छन् ।

## एकताको अभाव

गोर्खाल्याण्डको लागि आवाज उठाउने राजनीतिक शक्तिहरूमध्ये जिएनएलएफ र जिपिएफ मात्र प्रभावशाली छन् । तर समर्थकभन्दा विरोधीहरू बलियो रहेको बेलामा पनि यी शक्तिहरू एक हुन सकेका छैनन् । यसको लागि आफूले प्रयास गरेको दावी गर्दै जिपिएफका संयोजक मदन तामाङ्ग भन्छन्- **"हामी भनेको भारतभित्रको माइक्रोस्कोपिक माइनोरिटी हौं । त्यसैले एकजूट भएमा मात्र केही गर्न सकिन्छ भनेर मैले जिएनएलएफलाई प्रस्ताव राखें । तर, तिनीहरु सहमत भएनन् ।"**

जिएनएलएफका नेताहरू पनि जिपिएफमाथि यस्तै आरोप लगाउँछन् । र, भन्छन्- **"तिनीहरु अवसरवादीहरु हुन् ।"**

जातीय सवालमा पनि दार्जिलिङ्गका नेताहरू एक नभएकोमा साहित्यकार इन्द्रबहादुर राईलाई चित्त बुझेको छैन । **"पश्चिम बंगालका सबै दलहरु बंगाली स्वार्थ जोगाउन एकजूट भएर गोर्खाल्याण्डको विरोध गरिरहेका छन् । तर, हामी भने नेपाली स्वार्थ जोगाउन कहिल्यै मिल्न सकेनौं"**, उनले गुनासो व्यक्त गरे ।

जिपिएफसँग सम्बद्ध राईले भने- **"जिएनएलएफ एक्लै हिंडेकोले पहिले मैं त्यसले फेरि बीचैमा कुनै सम्झौता गर्छ कि भन्ने आशंका धेरैले गरेका छन् । त्यस्तो भयो भने पनि हामी त्यसलाई मिचेर अघि बढ्छौं ।"**

यसबारेमा जिपिएफका संयोजक तामाङ्गले अझै अगाडि बढेर भने- **"बीचमा कसैले सम्झौता गर्छ भने त्यसको लागि हामी जे गर्न पनि तयार छौं । आवश्यकता पर्‍यो भने हामी हतियार पनि उठाउँछौं ।"**




मिरिकका भित्ताहरूमा गोर्खाल्याण्ड पक्षधरहरूको दृढता

## इतिहासले ठगेको दार्जिलिङ्ग

आधा शताब्दी अघिका गोर्खे नेताहरूले गरेको भूलको पीडा-परिणाम अहिलेका दार्जिलिङ्गेहरूले भोगिरहेका छन् । आफ्ना विशेष सहयोगी रहेका गोर्खालीहरूलाई अंग्रेजहरूले भारत छाड्नुअघि चाहेजस्तो 'उपहार' दिन खोजेका थिए । सन् १९४६ मा भारत विभाजनको बन्दोवस्त मिलाउन सर स्ट्याफोर्ड क्रिप्सको अध्यक्षतामा गठित आयोगले दार्जिलिङ्ग जिल्लालाई छुट्टै राष्ट्र वा नेपालसँग विलय गराउन सकिने कुरो बताएको थियो । तर, त्यसबेलाको एक मात्र गोर्खे शक्ति अखिल भारतीय गोर्खा लीगले अलग राष्ट्र बनाउने आँट गरेन । बरू नेपालसँग गाभिनेबारे सर-सल्लाह गर्न २३ नोभेम्बर १९४६ मा सो पार्टीका अध्यक्ष डम्बरसिंह गुरूङ्गसहितको प्रमण्डल काठमाण्डौं गयो । तर, राणा प्रधानमन्त्री पद्म शमशेरले त्यो कुरा मन्जुर गर्न साहस गरेनन् । फलत: भारतीय गोर्खालीहरू यता न उताका भए । भारतले कहिल्यै उनीहरूलाई प्रथम दर्जाको नागरिक मानेन ।

अझ अढाई सय वर्षअघिको इतिहास कोट्याउने हो भने त दार्जिलिङ्ग सुगौली सन्धिअघि नेपालकै भूभाग थियो । उता कालिम्पोङ्ग र डूवर्स भूटानको कब्जामा थिए । तर, तात्कालीन भारतको इष्ट इण्डिया कम्पनीले नेपाल र भूटानसँग क्रमश: सन् १८१६ मा सुगौली सन्धि र १९६५ मा सिन्चुला सन्धि गरेर ती भूमिहरू आफ्नो बनायो ।

यद्यपि इष्ट इण्डिया कम्पनीले नेपालबाट पाएको भूमि (दार्जिलिङ्ग) भने सन् १८१६ मा नै तितलिया सन्धि गरी सिक्किमलाई फिर्ता दियो । पछि दार्जिलिङ्गको महत्व बुझेर इष्ट इण्डिया कम्पनीले सन् १८३५ मा चलाखीपूर्ण ढंगले त्यो भूमि फेरि आफ्नो कब्जामा लियो । समय-क्रममा नेपाल, सिक्किम र भूटानको भू-भाग रहेका यिनै दार्जिलिङ्ग, कालिम्पोङ्ग र डूवर्स क्षेत्रलाई मिलाएर अहिले अलग गोर्खाल्याण्ड राज्यको माग भइरहेछ ।

पृथक राज्यको यो माग सन् १९०७ देखि नै उठेको हो । त्यसबेलादेखि हालसम्म लगातार यो माग उठिरहेको छ । **(विस्तृत जानकारीको लागि बक्समा हेर्नुहोस्)**

# "पार्वत्य परिषदलाई बढाएर गोर्खाल्याण्ड बनाइनु पर्छ"

**-सुवास घिसिङ्ग**
**अध्यक्ष, जिएनएलएफ**

*सु रक्षाकर्मी र पाटे ज्याकेटधारी केटाहरूले भरिएका झण्डै एक दर्जन जीपहरूका लश्करको बीचमा साइरनसहितको सेतो एम्ब्यासेडर कार देख्नेबित्तिकै दार्जिलिङ्गेहरू भन्छन्- "पहाडका मुख्यमन्त्री" आउँदैछन् ।*

*दार्जिलिङ्ग गोर्खा पार्वत्य परिषद (दागोपाप) र गोर्खा नेसनल लिवरेशन फ्रन्ट (जिएनएलएफ) दुवैका सुप्रिमो सुवास घिसिङ्गले लालकोठी र सलाम ठोक्ने गार्डदेखि लिएर झण्डावाल कारसहितका सुविधाहरू पाएका छन् । तैपनि वास्तविक मुख्यमन्त्री हुनु र नहुनुले उनलाई धेरै फरक पार्छ । त्यसैले त ६० वर्षीय घिसिङ्ग भन्छन्- **"दागोपापको दर्जा बढाएर गोर्खाल्याण्ड राज्य घोषित गरिनुपर्छ ।"***

*सैनिक, फूटबल खेलाडी, चित्रकार, उपन्यासकार, नेता जस्ता अनेक खाले परिचय बनाइसकेका उनी उत्ति नै महत्वाकांक्षी पनि मानिन्छन् । राजनीतिमा पाइला टेक्ने बित्तिकै सन् १९६६ मा लोकसभा निर्वाचनमा उनले उम्मेद्वारी दिएका थिए । तर, जमानत जफ्त भयो । तैपनि हरेश खाएनन् र*



गोर्खाल्याण्ड आन्दोलनका नायक कि खलनायक ?

*तरूण संघ नामको संगठन खोले । अलग राज्यको लागि दार्जिलिङ्गमा पहिलो चोटी हिंसात्मक आन्दोलन यही संगठनले गरेको थियो । घिसिङ्ग जेल पनि परे ।*

*त्यसपछि उनले सन् १९६८ मा नीलो झण्डा र १९७९ मा प्रान्तीय मोर्चा नामका संगठनहरू बनाए । यही मोर्चा एक वर्षपछि जिएनएलएफमा परिणत भयो । उनले जिएनएलएफ बनाए, जिएनएलएफले उनलाई बनायो । अर्थात्, यही संगठनमार्फत एक समय घिसिङ्ग गोर्खाल्याण्ड आन्दोलनको सिंगो नेता बन्न पुगे । तर, दागोपापमा सम्झौता गरेपछि उनको वास्तविक चरित्र उजागर भयो ।*

*विगतको नकरात्मक छवि सुधार्न उनी फेरि गोर्खाल्याण्ड माग्न थालेका छन् । यसबारेमा उनले भने- **"यस पटक अलग राज्यको कुरा दार्जिलिङ्ग वा कलकत्ताबाट उठेको हैन । यो दिल्लीबाट उठेको हो । यसको निर्क्यौल पनि त्यहींबाट हुनुपर्छ ।"***

*एक समयमा भारतीय पत्रपत्रिकाले लेखेका थिए- "सुवास घिसिङ्गलाई भारतको जासूसी संस्था "आई.बि." ले आफ्नो प्रभावमा ल्याएर गोर्खाल्याण्डको कार्ड फ्याँकेको थियो । किनकि तात्कालीन केन्द्रीय गृहमन्त्री बुटासिंह (कंग्रेस आई) पश्चिम बंगालको मार्क्सवादी सरकारलाई कमजोर तुल्याउन चाहन्थे । तर पछि यी उदीयमान नेताको महत्वाकांक्षा बढ्यो र उनी आई.बी. को पडकभन्दा बाहिर पुगे ।"*

*वास्तविकता जे भए पनि घिसिङ्ग आफूलाई नेपालबाहिरका सबै गोर्खालीहरूको नेता हुँ भन्ने दावी गर्छन् । तर, भूटानी शासकहरूसंगको सम्बन्धले उनको भूमिकालाई झने शंकास्पद बनाएको देखिन्छ । भूटानका उद्योगमन्त्री ओम प्रधान र गृहसचिव रिन्जेन ग्याल्छेनसंग उनले आफ्नै कार्यालय लालकोठीमा गोप्य भेटघाट गरिसकेको बताइन्छ ।*

*कुनै बेला नेपाली जनताकै नैतिक समर्थनबाट अघि बढेका घिसिङ्ग अहिले 'तिनीहरू'लाई मन पराउँदैनन् । उनी भन्छन्- **"नेपालका राजा र राजनीतिज्ञहरु जस्तै जनता पनि ठीक छैन् । तिनीहरुले हाम्रो लागि कहिल्यै राम्रो काम गरेका छैनन् ।"***

*२२ जुन, १९३६ मा मिरिक नजीकको मञ्चु चिया कमानमा जन्मिएका घिसिङ्गले "नीलो चोली" लगायतका अश्लील उपन्यासहरू पनि लेखेका छन् ।* ❑

## असमान व्यवहार

पश्चिम बंगाल सरकारले हरेक कुरामा बंगालीहरूको ठूलो जाति-अहंकार लादेर दार्जिलिङ्गेहरूलाई असमान व्यवहार गरेको कारण अलग राज्यको माग तीव्र भइरहेको छ । २० वर्ष अघिसम्म दार्जिलिङ्गभन्दा धेरै पिछडिएका सिक्किम, मिजोरम, नागाल्याण्ड जस्ता राज्यहरूले अहिले विकासमा दार्जिलिङ्गलाई धेरै पछाडि छाडिसकेका छन् । भनिन्छ, दार्जिलिङ्ग क्षेत्रबाट वर्षेनी दश अरबभन्दा बढी राजस्व उठ्छ, तर त्यसको अनुपातमा विकास-बजेट भने निकै थोरै आउँछ । मिरिकका प्रदीप शर्मा भन्छन्- **"त्यो बजेट पनि कमिशनको चक्करमा परेपछि त्यसै** हराउँछ ।"


अधिकांश दार्जिलिङ्गेहरूको जीवनाधार चियाको बोटमा निर्भर रहेको छ । अन्य उद्योगहरू नगण्य छन् । पहाडमा प्रशस्त हुने दूध, फलफूल र तरकारीहरू सिलिगुडीको हिमूल, कन्चन फूड प्रिजर्भेसनहरूमा लगिन्छ । कालिम्पोङ्गका जिएनएलएफ कार्यकर्ता प्रकाश दाहालको निष्कर्ष छ- "बंगालले भेदभाव गरेर पहाडको वस्तु चाहिने उद्योगहरु तराईमा राखेको हो ।"

विकास भए पनि मूल समस्या भने उस्तै रहने धारणा दार्जिलिङ्गका पत्रकार दीर्घराज कोइरालाको छ । उनले भने- "विकास र जातीय अस्तित्व एक अर्काका पूरक हैनन् । यहाँ त गोर्खा जातिको अस्तित्व नै संकटमा छ ।"

अरूको नियन्त्रणमा बस्दाबस्दै आफूहरूको अस्तित्व हराउन आँटिसकेको चिन्ता अल गोर्खा स्टुडेन्ट यूनियन (आग्सु) का उपाध्यक्ष हेमन्त राईलाई पनि छ । उनका अनुसार, सरकारले प्रत्येक कुरामा दार्जिलिङ्गलाई उपेक्षा गर्दै आएको छ ।

***"पश्चिम बंगालका सबै दलहरु बंगाली स्वार्थ जोगाउन एकजूट भएर गोर्खाल्याण्डको विरोध गरिरहेका छन्, तर हामी भने कहिल्यै मिल्न सकेनौं ।"***

**–इन्द्रबहादुर राई**



विगत ५० वर्षभित्रमा सरकारी अधिकृत भएका दार्जिलिङ्गेहरू औंलामा गन्न सकिन्छन् । सिलिगुडीनजीकको कदमतला मेडिकल कलेजमा साढे सात सय वटा सीटहरू छन् । तर त्यहाँ दार्जिलिङ्गको लागि एउटा मात्र कोटा दिइएको छ ।

संसदीय निर्वाचन क्षत्र पनि दार्जिलिङ्गलाई महत्वहीन बनाउने ढंगबाट तोकिएको छ । तराईका इस्लामपुर, फाँसीदेवा, छोपरा जस्ता बाक्लो जनसंख्या भएका ठाउँहरूलाई दार्जिलिङ्गसँग मिलाएर एउटा क्षेत्र बनाइएको छ । अर्थात्, तराईको समर्थनबिना पहाडको भोटले मात्र कोही सांसद हुन सक्दैन ।

सिक्किमका पूर्वमुख्यमन्त्री नरबहादुर भण्डारीले 'सुनचरी' दैनिकमा लेखेका छन्- **"दार्जिलिङ्गका जनता विकासबाट ठगिएका छन्, न्याय पाउँदैनन् । वास्तवमा त्यहाँ मानव अधिकारको नै हनन भइरहेको छ । यसर्थ, गोर्खाल्याण्डको माग पूरा गरेर ती जनतालाई मोक्ष गराउनु पर्छ ।"**

## जिएनएलएफको अघिल्लो आन्दोलन

सुवास घिसिङ्गको नेतृत्वमा ५ अप्रिल १९८० मा गोर्खा नेशनल लिबरेशन फ्रण्ट (जिएनएलएफ) स्थापित भएपछि चुनाव बहिष्कारको नारा दिँदै यो सक्रिय भयो । पछि घिसिङ्गले नेपालका राजालाई एउटा पत्र पठाएपछि जिएनएलएफ एकाएक चर्चामा आयो । सो पत्रमा सन् १९२३ को नेपाल-ब्रिटिश इण्डिया सन्धि र सन् १९५० को नेपाल-भारत सन्धि अनुसार दार्जिलिङ्ग क्षेत्र नेपालको भूमि भएको कुरा उल्लेख गरिएको छ । २३ डिसेम्बर १९८३ मा पठाइएको सो पत्रमा दार्जिलिङ्गको वैधानिक स्थितिको टुंगो लगाउनका निमित्त नेपालका राजालाई आग्रह गरिएको थियो ।

सो स्मरण पत्रको बोधार्थ संयुक्त राष्ट्र संघका महासचिव सहित भारत, चीन, पाकिस्तान, बंगलादेश, श्रीलंका, अमेरिका, सोभियत संघ, फ्रान्स, भूटान र ग्रेट ब्रिटेनका राष्ट्र-प्रमुख तथा सरकार-प्रमुखहरूलाई पठाइएको थियो ।

यो चिठीले जति चर्चा र विवाद जन्मायो, त्यसभन्दा ब्रढी यसबाट गोर्खाल्याण्ड भनेको भारतलाई विखण्डन गर्ने माग हो भन्ने प्रचार भयो ।

सन् १९८५ मा मेघालयको खासी स्टुडेण्ट यूनियनको दवाबमा त्यहाँको सरकारले स्थायी बसोबास गरिआएका नेपालीहरूलाई धपाएपछि दार्जिलिङ्गेहरू निकै आक्रोशित भए । सोही वर्ष दार्जिलिङ्गको गभर्मेण्ट कलेजमा स्थानीय विद्यार्थीहरूले भर्ना नपाएपछि क्याम्पस प्रमुख प्रो. बि. के. चटर्जीसमक्ष कुरा राख्दा निजले "गो टु नेपाल" भनेपछि त दार्जिलिङ्गेहरूको धैर्यको बाँध फुट्यो । उनीहरूले यसको विरूद्धमा प्रदर्शन गरे । तर बंगाल सरकारले दमन गर्‍यो । गोर्खाल्याण्ड आन्दोलनले गति लिनुको पछाडिको तात्कालीन कारण यो हो ।

तनावकै वातावरणका बीच सन् १९८६ मार्च १३ तारिख घूममा जिएनएलएफको एउटा विस्तारित बैठक बस्यो । बैठकले ११ सूत्रीय कार्यक्रमहरू पारित गर्दै गोर्खाल्याण्ड नपाएसम्म निरन्तर आन्दोलन गर्ने निर्णय गर्‍यो । सोही अनुरूप शान्तिपूर्ण ढंगबाट अघि बढेको आन्दोलनले २२ जुलाई १९८६ देखि एक्कासी विष्फोटक रूप लियो । त्यस दिन कालिम्पोङ्गको एक जुलूसमा पुलिसले गोली चलाउँदा एकैचोटी १३

## "घिसिङ्गले संझौता गरे पनि गोर्खाल्याण्ड आन्दोलन मर्दैन !"

**—मदन तामाङ्ग, संयोजक जिपिएफ**



"सुवास घिसिङ्ग सरकारी नेता हो । भारतको सरकारले, पश्चिम बंगालको सरकारले पालेर राखेको नेता हो । घिसिङ्गको जिएनएलएफले '८६ सालमा गोर्खाल्याण्डको लागि आन्दोलन गर्‍यो भनेर म चाहिं मान्दिनँ । नियत सफा थियो भने घिसिङ्गले दागोपापमा सम्झौता गर्ने नै थिएन । अहिले पनि जिएनएलएफले गोर्खाल्याण्ड ल्याउँदैन, यो पक्का छ ।"

जिएनएलएफविरोधी यो धारणा मदन तामाङ्गको हो । गोर्खाल्याण्ड पिपल्स फ्रन्ट (जिपिएफ) नामको सर्वदलीय मोर्चाको संयोजक रहेका तामाङ्ग भन्छन्- "सुवास घिसिङ्गले सम्झौता गरे पनि अब गोर्खाल्याण्डको आन्दोलन मर्दैन; हामी मर्न दिन्नौं ।"

यसप्रति दिल्लीका नेताहरुले अहिले सकारात्मक धारणा राखेको उल्लेख गर्दै उनले भने- हामी सबै पार्टीहरु एउटै मोर्चामा सामेल भयौं, तर जिएनएलएफ आउन मानेन । मैले नेतृत्व तिमीहरु नै गर, तर एक भएर जाऔं भन्दा पनि तिनीहरु मानेनन् । यसबाट पनि उनीहरुप्रति अर्को शंका जन्मिएको छ ।

यसअघि राजनीतिक असहमतिकै कारण जिएनएलएफका कार्यकर्ताहरुले आफूमाथि बम होनेको, घर र गाडी जलाईदिएको आरोप पनि संयोजक तामाङ्गले लगाए । उनका अनुसार, १९८६ सालमा जिएनएलएफले आन्दोलन गरेको थिएन, अराजकता मात्र फैलाएको थियो ।

दार्जिलिङ्गका सम्पन्न व्यक्तिहरुमध्येमा गनिने 'ठूला ठेकेदार' तामाङ्गले भने- "म जनआकांक्षा अनुरुप कुनै इस्यूलाई लिएर राजनीति गर्छु । भोलि गोर्खाल्याण्ड भएर म मुख्यमन्त्री हुँला भन्ने इच्छा छैन । सत्ताको राजनीतिमा मलाई विश्वास लाग्दैन ।"

उनले बारम्बार घिसिङ्गमाथि आरोप लगाए- "राजनीति मेरो पेशा होइन । म २४ घण्टा राजनीति गर्न सक्दिनँ । तर सुवास घिसिङ्गको खेतबारी नै राजनीति हो । उसले आज यहाँ कुनै कुरा उठायो भने भोलि त्यसलाई दिल्ली वा कलकत्तामा लगेर पैसामा साट्छ ।"

नेपालका जनताले गोर्खाल्याण्ड आन्दोलनलाई समर्थन गर्दै आएको उल्लेख गर्दै तामाङ्गले भने, "त्यहाँका राजनीतिक पार्टीहरुसंग भने हाम्रो सम्पर्क छैन । उनीहरुको समर्थन हामीले खोजेको पनि छैन, कसैले गर्छन् भने त्यो अलग कुरा हो ।" ❑

जना गोर्खे नागरिक मारिएका थिए । यसरी सरकारी दमन चरम सीमामा पुगेपछि आन्दोलनकारीहरूको प्रतिरोध पनि हिंसात्मक हुनथाल्यो । त्यसपछिका २८ महीनाभरि हिंसा र प्रतिहिंसाले नै साम्राज्य जमायो ।

## सम्झौतापछिको उपलब्धि

सन् १९८७ को अन्त्यतिरदेखि सुवास घिसिङ्ग दिल्ली र कलकत्ता गएर प्र.म., गृहमन्त्री, मुख्यमन्त्री र गृह-सचिवहरूसँग वार्ता गर्ने क्रम बारम्बार चल्यो । यसैबीच इन्द्रजीत खुल्लर नामका पत्रकारको मध्यस्थतामा घिसिङ्गले दार्जिलिङ्ग गोर्खा पार्वत्य परिषद (दागोपाप) पाएपछि गोर्खाल्याण्डको लक्ष्य एकातिर मिल्काएर उनले सम्झौता गरे । २२ अगष्ट १९८८ का दिन कलकत्तामा केन्द्र सरकार, राज्य सरकार र जिएनएलएफबीच भएको सो सम्झौतालाई घिसिङ्गकै कतिपय साथीहरूले विरोध गरे । जिएनएलएफका उप-महासचिव छत्रसिंह सुब्बाले विद्रोह गरेर गोर्खा लिबरेशन अर्गनाइजेशन (जिएलओ) नामको अर्को पार्टी नै गठन गरे । उता घिसिङ्गले भने सम्झौता गरेको लगत्तै भारत सरकारबाट 'इन्दिरा शान्ति पुरस्कार'को उपहार पाए ।

दार्जिलिङ्ग, खर्साङ्ग र कालिम्पोङ्ग सब-डिभिजनहरूलाई मात्र समेटेर बनाइएको दागोपापले राज्य सरकारअन्तर्गत रहेर सात वटा विभागहरू हेर्न पाउँछ । सिपिएम नेता आर. बि. राईको शब्दमा, **"यो साह्रै नै शक्तिहीन संस्था हो ।"**

दागोपापको कूल ४२ सीटहरूमध्ये २८ जनालाई मात्र जनताले चुन्छन् । बाँकी सीटमा राज्य सरकारले नै मनोनयन गर्छ । हालसम्मका दुईटा निर्वाचनहरूमा जिएनएलएफले दुवै पटक २६/२६ सीटहरूमा कब्जा जमाएको छ । अर्थात्, दागोपाप पूर्णतः जिएनएलएफकै नियन्त्रणमा छ ।

स्थानीय बासिन्दाहरू दागोपापमा व्यापक भ्रष्टाचार भएको आरोप लगाउँछन् । साहित्यकार इन्द्रबहादुर राईले पनि त्यस्तै अनुमान गरेका छन् । **"दागोपापमा करोडौं रकम आयो भन्ने सुन्छौं, तर काम भने केही भएको छैन । विकास, भाषणमा मात्र सीमित छ"**, उनी भन्छन् ।

## मागभित्रको अन्तर्विरोध

जिएनएलएफका नेताहरू अहिले दागोपापलाई बढाएर राज्यको दर्जा दिनुपर्ने जिकीर गरिरहेका छन् । सो पार्टीका पश्चिम बंगाल विधान सभा सदस्य गौलन लेप्चा भन्छन्- **"हाम्रो माग के छ भने दागोपापको दर्जा बढाएर गोर्खाल्याण्ड बनाइनु पर्छ ।"**

जिपिएफका संयोजक मदन तामाङ्ग भने यो असम्भव भएको बताउँछन् । उनको भनाइ छ- **"राज्य भनेको सरकार हो, दागोपाप भनेको नेपालको जिविस जस्तो हो । विकास समिति कहिल्यै सरकार हुन सक्दैन ।"**

जिएनएलएफले दागोपापलाई अघि सारेर राज्य माग्नुको पछाडि उनीहरूको ऐतिहासिक बाध्यता लुकेको छ । किनकि सन् १९८८ मा सम्झौता गर्दा घिसिङ्गले लिखितमै आत्मसमर्पण गरिसकेका छन् । सो सम्झौता-पत्रको धारा २ (४) मा लेखिएको छ- "The GNLF hereby agrees to withdraw all agitation activities in this regard." अर्थात्, **"जिएनएलएफ यस सम्बन्धी सबै आन्दोलनलाई फिर्ता गर्न मंजुर गर्दछ ।"**

अर्कोतर्फ, जिएनएलएफले पहिले भारतीय संविधानको धारा ३ (क) को प्रावधान अनुसार पश्चिम बंगाललाई टुक्र्याएर गोर्खाल्याण्ड राज्य दिइनुपर्ने माग राखेको थियो । तर, अहिले धारा १ (३-ग) अनुसार, राज्य दिनुपर्ने कुरा उठाइरहेको छ । स्मरणीय छ, कुनै अलग भूमि भारतमा मिलाउँदा मात्र यो पछिल्लो धारा प्रयोग हुन्छ ।

तात्पर्य के भने, जिएनएलएफ अहिले पनि दार्जिलिङ्ग जिल्ला भारतीय संघमा समाहित भइनसकेको दावी गर्छ । चार वर्षअघि दार्जिलिङ्गको बैधानिक स्थिति स्पष्ट पार्न भारत र नेपालका प्र.म.हरूलाई सुवास घिसिङ्गले ६० दिने अल्टीमेटम पनि पठाएका थिए । तर, दुवै तर्फबाट कुनै प्रतिक्रिया आएन ।

**"अल्टीमेटमको अवधि सकिएको भोलिपल्ट १२ मार्च १९९२ देखि लगातार १२ दिनसम्म हामीले विजय उत्सव मनाएर दार्जिलिङ्गलाई नोमेन्सल्याण्ड घोषित गरेका थियौं"**, दागोपापका कार्यकारी पार्षद् दीपक गुरूङ्ग बताउँछन् ।

यसैगरी कालिम्पोङ्ग अहिलेसम्म भूटानी भूमि भएको र भारतले त्यसलाई लीजमा मात्र लिएको दावी गुरूङ्ग गर्छन् । उनका अनुसार, यसवापत भारतले वर्षेनी भूटानलाई ५ लाख बुझाइरहेको छ ।

यसअघि सरकारले दार्जिलिङ्ग र कालिम्पोङ्गको वैधानिक स्थिति स्पष्ट

## "पार्टी बचाउने हो भने हाम्रो नेतृत्वले गोर्खाल्याण्डको समर्थन गर्नुपर्छ"

*-आर.वि.राई, सांसद, लोकसभा*
सि.पि.एम.को तर्फबाट



कमरेड आर. वि. (रत्नबहादुर) राई, कमरेड तामाङ्ग दावा लामा लगायत दार्जिलिङ्ग पार्वत्य क्षेत्रका मार्क्सवादी कम्युनिष्ट पार्टी (सीपिएम) का नेता, कार्यकर्ताहरु अहिले पार्टी लाइनविरुद्ध गएर भएपनि गोर्खाल्याण्डको समर्थन गरिरहेका छन् । यसमध्ये सो पार्टीको तर्फबाट लोकसभाका सांसदमा निर्वाचित क. आर. बि. राई त पहाडे जनताको निर्विवाद 'हिरो' भएका छन् ।

गोर्खाल्याण्डका सवालमा पार्टी नेताहरुको गलत मूल्यांकनलाई चुनौति दिँदै उनी जनतामाझ सक्रिय छन् । सि.पि.एम. नेता राई भन्छन्- "हामीले जुन कदम उठाएका छौं, यो पार्टीको सिद्धान्त अर्थात् मार्क्सवाद-लेनिनवादको आधारमा नै उठाएका छौं । तर, पार्टीका नेताहरुले यसको अपव्याख्या गरिरहेका छन् । त्यसैले हाम्रो संघर्ष गोर्खाल्याण्ड प्राप्तिको लागि मात्र होइन, मार्क्सवाद-लेनिनवादलाई कसरी सही ढंगले प्रयोग गर्ने भन्ने पनि हो ।"

विगत ५३ वर्षदेखि आफ्नो परिवारको तीन पुस्ताले कम्युनिष्ट राजनीति गर्दै आएको जानकारी दिँदै सांसद राईले अगाडि बताए- हामीले पहिलेदेखि नै गोर्खा जातिको आत्मनिर्णयको सवाल उठाउँदै आयौं, तर नेतृत्वले हमेशा अल्मलाएर राख्यो । यसलाई उनीहरुले सही मार्क्सवादी आँखाबाट हेर्न सकेनन् ।

"जनताको लागि पार्टी संचालित हुन्छ, पार्टीको लागि जनता हैन । अहिले हामीले जनताकै आवाजलाई कदर गरेर अलग राज्यको माग गरिरहेका छौं । पार्टी बचाउने हो भने हाम्रो नेतृत्वले पनि यसको समर्थन गर्नुपर्छ ।"- उनले निश्चिन्तताका साथ बताए ।

पार्टीले जस्तो कारवाही गर्छ, आफ्नो कदम त्यही अनुरुपको हुने बताउँदै सांसद राईले जे भए पनि अब गोर्खाल्याण्डलाई छाडेर अर्को कुनै सम्झौता नगर्ने दृढता पनि व्यक्त गरे । यसअघि सिपिएमको राज्य कमिटीले राई र पश्चिम बंगालका पूर्वमन्त्री तथा राज्य सभाका सदस्य तामाङ्ग दावा लामालाई अनुशासन भंग गरेको आरोप लगाएर कारण देखाऊ आदेश जारी गरिसकेको छ ।

पार्टीले कारबाही गरेमा सिपिआईमा प्रवेश गर्ने 'बजारिया हल्ला' का सम्बन्धमा आर.वि.राईले भने- "सिपिएम र सिपिआईबीच त्यति फरक छैन । हामी पनि पहिले सिपिआईमा नै थियौं । "एम" त पछि १९६६ सालमा थपिएको मात्र हो । अहिले सिपिआईले गोर्खाल्याण्डको समर्थन गरेकाले उनीहरुसंग हाम्रो घनिष्टता बढेको छ । तर, तुरुन्तै सिपिआईमा जाने भन्ने कुरा छैन ।" अहिले यी सिपिएम नेताहरुको जी.एन.एल.एफ.संग राम्रो समन्वय छ । सुवास घिसिङ्गको हालैको दिल्ली र कलकत्ता भ्रमणलाई सांसद राई एउटा उत्साहजनक र असल काम भन्न रुचाउँछन् । तर, दश वर्षअघि स्थिति अर्कै थियो । उनी सम्झँदै भन्छन्- "त्यसबेला जी.एन.एल.एफ.को आन्दोलन अन्यौलपूर्ण थियो । उनीहरुले अरु पार्टीहरुसंग पनि कुराकानी गर्नुपर्छ भन्नेतर्फ पटक्कै ध्यान दिएनन् । वास्तवमा उनीहरुको रबैया एकदमै एन्टी-कम्युनिष्ट थियो । शुरुमै हाम्रा धेरै साथीहरुमाथि आक्रमण गरियो । पछि हामीबाट पनि प्रतिरोध भयो । गोर्खे दाजुभाइहरु बीच नै काटाकाट भएर दुवैतर्फ गरी हजार जति मारिए । त्यसपछि त वास्तविक माग नै ओझेलमा पर्‍यो ।" ❑

# गोर्खाल्याण्ड समर्थकहरुद्वारा मा.क.पा. भित्र विद्रोह

भारतीय प्रधानमन्त्री देवेगौडाले उत्तराखण्ड राज्य निर्माण गर्ने घोषणा गरेपछि फेरि सल्केको गोर्खाल्याण्ड राज्यको मागले दार्जिलिङ्ग क्षेत्र, त्यसको वरपरका क्षेत्र र त्यहाँका राजनैतिक शक्तिहरुलाई प्रभावित पार्न थालेको छ । यसले अन्ततः पश्चिम बंगाल राज्य सरकारको नेतृत्व समेत गरिरहेको भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) अर्थात् माकपालाई पनि निकै नराम्ररी प्रभावित पार्न थालेको छ । माकपाको राम्रो आधार रहेको दार्जिलिङ, कालिम्पोङ, डुअर्स र त्यहाँ नजीकका तराईमा कार्यरत अधिकांश माकपा कार्यकर्ता एवं नेताहरु गोर्खाल्याण्ड राज्यको मागमा खुला रुपमा सडकमा उत्रेपछि माकपाले यस समस्यालाई वैचारिक बहस, छलफल र अन्तर्क्रियाव्दारा जनवादी ढंगले समाधान गर्नुको सट्टा प्रशासनिक ढंगले हल गर्न थालेको छ ।

दार्जिलिङबाट प्रतिनिधित्व गर्ने गोर्खाल्याण्ड राज्यसमर्थक सांसदहरु रत्नबहादुर राई (आर. बि. राई, लोकसभा) र तामाङ्ग दावा लामा (टि. डि. लामा, राज्यसभा) लाई पार्टीविरोधी गतिविधिमा संलग्न भएको आरोपमा माकपाको बंगाल राज्य कमिटीले हालैमात्र ५ महिनाका लागि पार्टीबाट निष्काशन गरेको छ । त्यस्तै, दार्जिलिङ जिल्ला कमिटीका पाँचजना नेताहरु डा. पि. के. राय, तारामोनी, टि. एस. बमजन, गोविन्द क्षेत्री र सयन्त राईसँग स्पष्टीकरण माग गरेको छ । माकपाको बंगाल राज्य कमिटीका सचिव सैलेनदास गुप्ताले ती दुईजना सांसदहरुलाई पार्टीविरोधी गतिविधिहरुबाट अलग्ग रहन आह्वान गर्दै पार्टीविरोधी गतिविधि जारी राखेमा थप कडा कारवाही गरिने चेतावनी दिएका छन् ।

पार्टीभित्रको वैचारिक मतभेदलाई हल गर्ने माकपाको यो नोकरशाही शैलीकै प्रतिक्रियास्वरुप गोर्खाल्याण्डको मागलाई लिएर दार्जलिङको पहाड र तराईका साथै डुवर्सका समेत माकपा नेता-कार्यकर्ताहरुले आफ्नो पार्टीभित्र विद्रोह गरेका छन् । उनीहरुले विद्रोहको क्रममा 'क्रान्तिकारी मार्क्सवादीहरूको कम्युनिष्ट पार्टी' (CPRM- कम्युनिष्ट पार्टी अफ रिभोल्यूशनरी मार्क्सिष्ट) नामक नयाँ कम्युनिष्ट पार्टी समेत हतारो-हतारोमा निर्माण गरिसकेका छन् । ती विद्रोहीहरु केही समय अगाडिदेखि माकपाभित्र 'हिल को-अर्डिनेशन कमिटी'को नामले संगठित हुँदै आएका थिए । एच. वि. राई, कला तामाङ्ग र ए. बि. सुब्बाको सभापतित्वमा, ५६३ सदस्यहरुको सहभागितामा बसेको 'हिल को-अर्डिनेशन काउन्सिल'को साधारण सभाले यो नयाँ कम्युनिष्ट पार्टी निर्माण गरेको हो । सो सभालाई माकपाबाट निष्काशित दुईजना सांसदहरु आर. बि. राई र तामाङ्ग दावा लामाले पनि सम्वोधन गरेका थिए । स्मरणीय छ, ती दुवै सांसदहरुको पार्टी-सदस्यता भने अहिलेसम्म खारेज भएको छैन । उनीहरु घोषित रुपमा नयाँ कम्युनिष्ट पार्टी (CPRM) मै समाहित भइसकेका पनि छैनन् । तर थाहा भएअनुसार उनीहरुकै आन्तरिक नेतृत्वमा नयाँ पार्टी संचालन हुँदैछ ।

## सि.पि.एम.का विद्रोहीहरूद्वारा नयाँ कम्युनिष्ट पार्टी निर्माण

आफ्ना दुईजना सांसदहरुलाई निष्काशन गर्दैमा, कैयौंलाई स्पष्टीकरण माग्दैमा माकपाभित्रको गोर्खाल्याण्ड राज्यको मागले ल्याएको समस्या हल हुन्छ र ?- भन्ने सवाल अहिले त्यहाँ टड्कारो रुपमा उठेको छ । गोर्खाल्याण्ड राज्यको माग मूलतः दार्जिलिङको पहाड र तराईका साथै डुअर्ससम्मका नेपाली मूलका भारतीय जनतामाथि वर्षौंवर्ष अगाडिदेखि हुँदै आएको भाषा, जाति, संस्कृतिसम्बन्धी शोषणको विरोधमा उठेको आवाज हो । भारतीय नेपालीहरुमाथि यो शोषण कायम रहेसम्म कुनै न कुनै रुपबाट यो आवाज उठिरहनेछ- चाहे त्यो सुभाष घिसिङ्ग र जी.एन.एल.एफ.को जस्तो अवसरवादी नेतृत्वमै किन नहोस् !

भाकपा (मार्क्सवादी)ले जतिसुकै ठूलो स्वरमा 'जातीय सद्भाव'को, 'भारतको राष्ट्रिय एकता र अखण्डता'को नारा लगाए पनि, भारतको सरकारले प्रहरी र सेनाको शक्तिले जतिसुकै कुल्चन खोजे पनि, भारतीय नेपालीहरुको जातीय, भाषिक र सांस्कृतिक अधिकारको लागि उठेको यो नारा त्यत्तिकै दब्नेवाला छैन भन्ने कुरा इतिहाससिद्ध भइसकेको छ । त्यसैले, सबै भारतीय क्रान्तिकारी वामपन्थी समूहहरुले भारतीय नेपालीहरुको गोर्खाल्याण्डको जायज आन्दोलन र मागलाई भारतको क्रान्तिकारी संघर्षसंग जोड्दै आफैंले नेतृत्व दिएर वैज्ञानिक ढंगले हल गर्ने दिशातिर अगाडि बढाउनु जरुरी देखिन्छ ।

दार्जिलिङ क्षेत्रका वामपन्थीहरुले सोच्नै पर्दछ- गोर्खाल्याण्ड आन्दोलनलाई कुनै जाति-विशेषविरोधी, विशेषतः बंगाली जातिविरोधी, हुनबाट पनि कसरी रोक्ने ?- उनीहरुले जाति-जाति बीचका आपसी सद्भावलाई कायम राख्नुपर्छ । दार्जिलिङ क्षेत्रमा प्रभुत्व जमाइरहेको तर ठूलो जाति अहंकारवादको पनि विरोध गर्नुपर्छ, चाहे त्यो बंगाली होस् या गोर्खाली । यसरी सन्तुलन कायम गरेर यस आन्दोलनलाई सफलताको शिखरमा लानु निकै कठिन काम सावित हुनसक्छ भन्ने कुरा उनीहरुले बुझ्नु जरुरी छ ।

अर्को कुरो के हो भने, भाषा, जाति र संस्कृतिसम्बन्धी आन्दोलनलाई वैज्ञानिक दृष्टिकोणले लैश पारेर लान सकिएन भने यो अन्ध-जातिवादी हुन पनि बेर छैन । गोर्खाल्याण्ड आन्दोलनलाई अन्ध-जातिवादी धरापमा पर्न नदिन त्यहाँका वामपन्थीहरु विशेषरुपले सतर्क हुनुपर्दछ । अन्ध-जातिवादी संघर्षले सम्पूर्ण प्रजातान्त्रिक संघर्षको बाटोलाई अवरुद्ध गर्नुका साथै विस्तारै फासीवादतिर लाने प्रवल संभावना हुन्छ ।

गोर्खाल्याण्ड आन्दोलनलाई पृथकतावादी आन्दोलन भनी झूठा आरोपहरु लगाउँदैमा र गाली गर्दैमा रोकिने स्थिति नभइसकेको वर्तमान स्थितिमा यसलाई सही नेतृत्व र सही दिशा दिनु, सही लक्ष्यले पूर्ण पार्नु अत्यन्त जरुरी भइसकेको छ । यस दिशातिर माकपा, भाकपा, नक्सलवादी समूहहरु, एस.यू.सी.आई. र नयाँ कम्युनिष्ट पार्टी-CPRM कत्तिको सतर्क, सजग र सचेत छन् ?- यही सवालको सकारात्मक जवाफमै गोर्खाल्याण्ड आन्दोलनको सफलताको भविष्य लुकिराखेको छ ।

कुनै पनि आन्दोलनको सफलताको निमित्त निर्णायक कुरा हो- नेतृत्वको प्रश्न । गोर्खाल्याण्ड आन्दोलन जायज भएर पनि त्यसको नेतृत्व अवसरवादी-व्यक्तिवादी भएकैले पहिले जारी भएको आन्दोलन बीचैमा तुहियो । अहिले पनि त्यसरी नै आन्दोलन बीचैमा तुहिनुबाट बचाउने हो भने घिसिङ्ग प्रवृत्तिबाट मुक्त वैज्ञानिक समाजवादको सिद्धान्तले लैश पर्टीको नेतृत्व त्यहाँ जरुरी हुन्छ र त्यो पार्टीको अगुवाइमा सकेसम्म व्यापक संयुक्त मोर्चाको जरुरत हुन्छ ।

यो सिर्जनातिर त्यहाँ गोर्खाल्याण्ड राज्यको स्थापना निमित्त आकांक्षा राख्नेहरु सबैले लाग्नु जरुरी छ ।

❑

राजेन्द्र महर्जन

---

नपारेको आरोप लगाउँदै जिएनएलएफले पश्चिम बंगाल विधानसभामा निर्वाचित आफ्ना सदस्यहरू एन. बि. क्षेत्री, एन. के. कुमाई र एन. टि. मोक्तानलाई राजीनामा दिन लगाएको थियो ।

## गोर्खाल्याण्डको भविष्य

जिएनएलएफ र जिपिएफहरूले फरक फरक बाटोबाट भए पनि अलग राज्यको माग गरिरहेका छन् । र, उनीहरूले यो मागलाई निरन्तरता दिइरहे भने त्यो नै ठूलो उपलब्धि हुनेछ । तर के केन्द्र सरकारले त्यति सजिलै गोर्खाल्याण्ड देला ? कुनै पनि गोर्खे नेताहरू भविष्यको अनुमान लगाउन तयार छैनन् ।

नेपालको पश्चिमी सीमापारी दिन लागिएको उत्तराखण्ड र पूर्वतर्फको प्रस्तावित गोर्खाल्याण्ड राज्यहरूका भूभाग सुगौली सन्धिपूर्व नेपालभित्रै थिए । उत्तराखण्ड र 'गोर्खाल्याण्ड' बीच अर्को समानता के छ भने, यी दुवै अन्तर्राष्ट्रिय सीमामा पर्छन् । अझ 'गोर्खाल्याण्ड' ले त तीन वटा देशहरू: नेपाल, भूटान र बंगलादेशलाई छुन्छ । सिक्किमका प्रथम मुख्यमन्त्री काजी लेण्डुप दोर्जी भन्छन्- "अन्तर्राष्ट्रिय सीमामा परेकै कारण भरसक केन्द्र सरकारले गोर्खाल्याण्ड दिँदैन ।"

यद्यपि उत्तराखण्डको ताजा उदाहरण र अति सम्वेदनशील अन्तर्राष्ट्रिय सीमामा पर्ने आसामलाई पटक पटक टुक्राएर सात वटा राज्यहरू बनाइएको विगतको इतिहासलाई हेर्ने हो भने पनि गोर्खाल्याण्ड असम्भव प्रयास होइन । तर, सवाल नेतृत्वको हो । यसअधिको आन्दोलनलाई वैचारिक रूपमा दिशाहीन सुवास घिसिङ्गको नेतृत्वले आफ्नो व्यक्तिवादी अवसरवादी चरित्र प्रस्तुत गर्दै लक्ष्य प्राप्ति नहुँदै बीचैमा सम्झौतामा लगेर टुंग्याएको थियो । अहिले दार्जिलिङ्गमा केही असल नेताहरूको उदय भए पनि समग्रमा घिसिङ्ग प्रवृत्ति नै हावी छ । त्यो व्यक्तिवादी अवसरवादी प्रवृत्तिबाट मुक्त हुँदै, वैज्ञानिक सिद्धान्तबाट लैश सांगठनिक नेतृत्वमा फेरि गोर्खाल्याण्ड आन्दोलन संचालन हुन सक्छ कि सक्दैन ?- गोर्खाल्याण्ड आन्दोलनको भविष्य त्यसैमा निर्भर गर्दछ । ❑

### अनैतिक मान्छेलाई बाटोमा ल्याउने सामग्री चाहियो

मैले नियतिमत रूपमा मूल्यांकन मासिक पत्रिकालाई ध्यान दिएर अध्ययन गर्ने गरेको छु । सुदूर पश्चिम जिल्लाको बासिन्दा भएकोले कहिलेकाहीं पत्रिका प्राप्त गर्नु नै कठीन हुनजान्छ । धेरै महिनादेखि पढ्ने मौका पनि पाएको छैन । म आफै नै दुःखी छु । मेरो वरिपरिको क्षेत्रमा धेरैजसो वामपन्थी समर्थक जनताहरू छन् । यो प्रगति देखेर म खुसी हुन्छु । तर वामपन्थी भए पनि आचरण, नैतिकता भने शून्य नै देखिन्छ । यस्तो आचरण भएका व्यक्तिलाई सही बाटोमा ल्याउन पत्रिकामार्फत् ज्ञान दिनुहोला ।

*-सागर बोगटी, बोगटी गाउँ, छान्ना, बमाङ*

### अंक ४२ बारे केही प्रतिक्रियाहरु

अंक ४२ मा प्रकाशित सम्पूर्ण लेखहरू निश्चय नै मानसिक र बौद्धिक स्तर अगाडि बढाउन सक्षम छन् । दार्चुलाको कालापनी भन्ने स्थानमा भारतीय अतिक्रमण बारेको तथ्यगत लेख र महाकाली सन्धिका दूरगामी असरहरूबारेको लेख निकै नै गहकिलो र जानकारीमूलक रहेको छ ।

क. नेपाल र क. गौतमसंगको अन्तर्वार्ता समय सापेक्ष रहेको छ । नयाँ स्तम्भ विचारमञ्च थप्नु भएकोमा हृदयैदेखि धन्यवाद ।

अन्य लेखहरूमा का. प्रश्रितको देवकोटा सम्बन्धी विवेचना, के नोकरशाही केन्द्रीयता... र सानुदाइको संस्मरणमा प्रशस्तै सिक्ने कुराहरू छन् । साथै अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा मेक्सिकोको कम्युनिष्ट आन्दोलन, भारतको पिपुल्स बार ग्रुपकी एक अनपढ केटी कसरी क्रान्तिकारी लेखिका बनिन् बुझ्ने कुरा र अंकल हो बारे विभिन्न कोणबाट गरिएका विवेचना र जानकारीले निश्चय पनि आत्मविश्वास जगाएको छ ।

*-गोकर्ण 'प्रशान्त', महुलिया उतराखाभ, महेन्द्रनगर, कंचनपुर-२*

### सोचेको भन्दा ठीक विपरीत भयो

अंक ४२ पढ्न साह्रै उत्सुक थिएँ, माधव नेपालले जसरी जालझेल गरी प्रतिक्रियावादीहरू तथा भारतीय विस्तारवादसामु घुँडा टेकी महाकाली सन्धि पास गराए, यस विषयमा मूल्याङ्कन मासिक कतै विचलित भई महाकाली सन्धिको गुनगान त गाउँदैन ? भन्ने मैले सोचेको थिएँ तर सोचेको भन्दा ठीक विपरीत, अझ आवरणमा भारतीय सैनिक नेपाली भूमिमा रहेको चित्र देख्न पाउँदा, 'राष्ट्रभन्दा कुर्सी प्यारो' भन्ने शीर्षकको हाम्रो मूल्यांकन, र 'कतै हाम्रो केन्द्रीयता नोकरशाही त भइरहेको छैन ?' भन्ने प्रज्ञानरत्नका लेखहरू पढ्न पाउँदा खुसीको सीमा नै रहेन ।

*-ध्रुवप्रसाद न्यौपाने, काठमाडौं-७*

### मूल्यांकनले प्रवासी नेपालीहरुबारेमा पनि लेखोस् !

मूल्यांकन मासिक हामी भारतस्थित नेपालीहरूको धित मेटाउन त सफल नै छ । कारण यसको स्तरीयता र निरन्तरता नै हो । मूल्यांकन मासिकले भारतमा आई दयनीय र नारकीय जीवन बिताउन बाध्य र विवश हामी काश्मिरदेखि कन्याकुमारीसम्म छरिएर आफ्नो रगत र श्रम बेच्न बाध्य भएका नेपालीहरूका बारेमा पनि सामाग्री प्रकाशित गरिदिएमा सुनमा सुगन्ध जस्तै हुने थियो ।

*-नरेन्द्र विक्रम खड्का, रुपन्देही सौ-फर्साटिकर, हालः सेतियातोप सुगर मिल, तामिलनाडु, भारत*

### संपादकीयले नेपाली सत्तालाई प्रष्ट्याएको छ

४२ औं अंक पढ्ने सुअवसर पाएँ । यसको 'जब राष्ट्रभन्दा कुर्सी प्यारो बन्छ !' भन्ने सम्पादकीयले वास्तवमै नेपाली सत्तालाई सही रूपले प्रष्ट्याएको छ । भारतले नेपालको दार्चुला जस्ता कैयौं सीमा क्षेत्रहरूमा अतिक्रमण गरेको छ । यसमा नेपाल सरकारले अहिलेसम्म कुनै उपाय खोज्न सकेको छैन । म ती देशभक्त भनाउँदा, कुर्सीका लागि मात्र सत्तामा बस्ने शासकहरूलाई धिक्कार्छु, जसले आफ्नो मातृभूमिको रक्षा गर्न सक्दैनन् ।

'मेक्सिकोमा नयाँ वामपन्थी छापामार संगठनको उदय' भन्ने रिपोर्टले नेपालको कम्युनिष्ट आन्दोलनमा ठूलो प्रभाव पार्नेछ । 'कसरी एउटी अनपढ महिला प्रसिद्ध क्रान्तिकारी उपन्यासकार बनिन् ?' भन्ने समाचारले नेपाली महिलाहरूलाई प्रगतिशील बाटो अप्नाउन हौसला प्रदान गर्नेछ । पाठकहरूका विचार प्रकाशित हुने कुरा थाहा पाउँदा मूल्यांकनलाई मुरी मुरी धन्यवाद दिन चाहन्छु ।

*-सोम थापा 'प्रतीत', नारायणपुर-४, कैलाली*

### अविरल अभिवादन मूल्यांकनलाई

मूल्यांकन मासिकले राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा उठाउने सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, वैज्ञानिक र यस्तै अन्य विषयवस्तुहरू अत्यन्तै स्वागतयोग्य छन् । नेपालमा पहिलो पटक संयुक्त रूपमा गठन भएको 'साम्राज्यवाद विरोधी मंच' लाई हार्दिक बधाई छ ।

क. चे ग्वेभाराको धारावाहिक जीवनगाथा निकै प्रेरणामुखी लाग्यो । 'नीति संस्कृति'मा चन्द्रदेव नेपालीले उठाउने सन्दर्भहरू ज्यादै अर्थपूर्ण छन् । यसरी नै मूल्यांकनले वामपन्थी आन्दोलनको आफ्नो उद्घोषलाई अझ उँचा राख्दै प्रगतिपथमा यो जीवन्त रहोस् भन्ने अविरल अभिवादन !

*-बासु गौडेल, श्री शा.मा.वि., कुर्घा-पर्वत*

### अंक ४२ रोचक र घोचक लाग्यो ।

अंक ४२ मा स्थायी स्तम्भहरू बाहेक अर्को एक स्तम्भ 'विचारमंच' थपिएकोले यस अन्तर्गत विभिन्न अन्तर्क्रिया पढ्न पाएकोमा अति नै हर्षित भएको छु ।

'अशिक्षित महिला प्रसिद्ध क्रान्तिकारी उपन्यासकार कसरी बनिन् ?' भन्ने लेखमा संघर्षमय गाथाको अध्ययन गर्न पाइयो । साथै, स्थायी स्तम्भहरूमा लेखिएका लेख-रचनाहरू झन् रोचक र घोचक पनि लागे ।

यसरी मिचेको रहेछ, भारतले नेपाली भूमि', 'के हुनेछन् महाकाली सन्धिका दूरगामी असरहरू ?' साथमा विभिन्न नेताहरूसंग लिइएको अन्तर्क्रियामुखी अन्तर्वार्ताहरू चिन्तनयोग्य, मननयोग्य छन् ।

इथियोपिया सम्बन्धी लेख नेपालको हाल महाकाली सन्धि पास भएपछिको परिप्रेक्षमा अत्यन्तै सान्दर्भिक र सामयिक प्रस्तुति भएको कारण हामी गाउँलेहरूको समेत मुटु छोयो ।

*-कुमार श्रेष्ठ 'बुभुत्सु', ल.पु.जि., लामाटार-५, ढुङ्गिन, पिपलबोट*

### 'विचारमंच' बाट हर्षित

पूर्णाङ्क ४२ देखि नयाँ स्तम्भ 'विचार-मंच' को शुभारम्भ भएकोमा हामी तमाम पाठकहरू हर्षित छौं ।

*-केशव प्र. तिम्सिना, महेन्द्रनगर-९, शान्तिनगर, सुनसरी*

### अन्य पत्रिकाको दाँजोमा मूल्यांकन

नेपालका अन्य मासिक पत्रिकाको दाँजोमा 'मूल्यांकन' ज्यादै स्तरीय छ । तर विगतका अंकहरूमा स्थायित्व प्राप्त गर्दै आएको 'जीवनको झाँकी' स्तम्भ गतांकमा नपाइएकोले अलि न्यास्रो लाग्यो । यस स्तम्भ अन्तर्गत विश्वका महान् सर्वहारा नेताहरूको जीवनी दिइयोस् ।

अनिल पौडेलका कविताहरू ज्यादै सान्दर्भिक रहेका छन् । यस मासिकमा वियरको विज्ञापन पनि नछाप्न संभव छैन ?

समग्रमा, यो अंकले नयाँ उपहारहरू ल्याएको छ । यसको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

*-होम थापा, लालगढ-८, धनुषा*

### कतारबाट

नेपालम हुँदा पनि स्नेही मूल्यांकनको नियमित पाठक हूं । स्वदेशमा रोजगारीको कमीले गर्दा विदेशीनु परे पनि मूल्यांकनलाई मेरो सदा माया रहिरहनेछ ।

क. चेबाट के सिक्ने, के नसिक्ने भन्ने बारे समालोचक निनु चापागाईंको लेख पढेपछि गरीब देशका धनी, सुविधाभोगी र संसदभोगी 'कम्युनिष्ट नेताहरू'प्रति वितृष्णा जाग्यो । आगामी अंकदेखि मूल्यांकनले क. माओको जीवनी प्रस्तुत गर्न थालोस् ।

*-मनबहादुर गुरुङ 'मनु' फिरफिरे लामागाउँ, बारहाउँड ब्यासीफाट 'खल्तुबोट', तनहुँ, हालः दोहु कतार*


SLIMING




व्यायाम, डाइटिङ्ग नगरिकनै
मोटोपना घटाई छाँटिलो
Slim बन्न, साथै
सुत्केरी-पछि पेटको
चिरा-चिरा, नराम्रा दागहरु,
अनुहारको चायाँ,
कालो दाग, डण्डिफोर,
मुसो (Warts), चाउरीपन
तथा यौन दुर्बलता
हटाउनका लागि
सम्पर्क राख्नुहोस् ।

सुपथ मूल्यमा

श्रीशक्ति ट्रेडर्स

जोशी सपिङ्ग सेन्टर, पहिलो तल्ला
पसल नं. २० B न्यूरोड काठमाडौं ।
(पुरानो अमेरिकन लाइब्रेरी अगाडि)

**WHY DO WE RECOMMEND MUKTESWOR PVC PIPE FOR SOIL, WASTE AND RAIN WATER DRAINAGE SYSTEM, AND ELECTRIC CONDUIT PIPE TO YOUR BUILDINGS, IRRIGATION AND DRINKING WATER SUPPLY TO YOUR PROJECT etc. ???**


- ECONOMY
- HIGH FLOW RATE
- ELEGANT LOOKING
- FIRM JOINING
- LIGHT WEIGHT
- IMPACT RESISTANT
- HIGH STANDARDS
- STABLE UP TO 60C
- CHEMICAL RESISTANT
- STRONG AND DURABLE-OVER 50 YEARS LIFE
- EXTREMELY EASY TO INSTALL
- NO WAITING TIME REQUIRED FOR JOINTS
- FIT AND MATCH WITH PVC FITTINGS
- AVAILABLE SIZE FROM 1/2" TO 8" DIAMETER
- PRESSURE CAPACITY 2.5 KG/CM2 TO 10KG/CM2

*FOR DETAILS ASK TO YOUR LOCAL HARDWARE SHOP OR CONTACT:*

**MUKTESWOR PIPE INDUSTRIES PVT. LTD.**

HEAD OFFICE:-
TEL : 420773
FAX : 977-1-420773
PUTALISADAK, KATHMANDU
FACTORY:- TEL.: 290697,
THANKOT, KATHMANDU

महावली हनुमानको वरदान !
सुन्दर र सुरक्षित छानाको पहिचान !!


**हनुमान छाप कर्कट (जस्ता) पाता**

टिकाउपनाको अर्को नाम

**सुन्दर स्टील्स प्रा. लि.**

विरगञ्ज फोन : ०५१-२१८२४ (अफिस), ०५१-२३१०२ (फ्याक्ट्री),
काठमाडौं फोन : २७०७३०, २७०४५६,
फ्याक्स : ९७७-१२७०९७३






श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
५२ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा
मौसूफ सरकारमा सुस्वास्थ्य एवं
दीर्घायुको हार्दिक मंगलमय
शुभकामना टक्र्याउँदछौं ।

**कृषि विकास बैंक**

परिवार


Presenting the DAEWOO galaxy...
DTC 20D1 (20")
DTC 2066 (20")
DTC 14 DI(14")
DMQ 2595(25")
DTC 2172(21")
DTC 2072(20")
DAEWOO
Bringing you the
21st century
today.
All new DAEWOO color TVs - the widest range with the longest warranty period.
Sales and support available throughout the kingdom of Nepal.
DAEWOO-Korea's largest manufacturer of color TVs.
HIM ELECTRONICS